"स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट, लोक सेवा आयोगको दृढ अठोट"
"निजामती सेवाको सपना, समृद्ध नेपालको रचना"

लोक सेवा आयोग
# समाचार पत्र

www.psc.gov.np

A Trimester Newsletter of Public Service Commission, Nepal

वर्ष - ६ | अंक - ४ | पूर्णाङ्क - २० | वैशाख – असार २०७३



*(आयोगको ६६ औं वार्षिकोत्सवको अवसरमा लोक सेवा आयोगको प्रतीक चिन्ह (लोगो) सार्वजनिक गर्नुहुँदै सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारी साथमा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली, व्यवस्थापिका संसद, राज्यव्यवस्था समितिका माननीय सभापति श्री दिलबहादुर घर्ती, आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली, माननीय सदस्यहरु तथा सहसचिव)*

## समावेश भएका विषयवस्तुहरू


- **लोक सेवा आयोगको ६६ औं वार्षिकोत्सव सम्पन्न**
- **आयोगको नयाँ संगठन संरचना लागू**
- **सुरक्षा निकाय र अन्य संघीय सरकारी सेवा सम्बन्धी सामान्य सिद्धान्तको मस्यौदा माथि अन्तरक्रिया सम्पन्न**
- **आयोगका महत्वपूर्ण निर्णयहरु**
- **आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना/अनिवार्य अवकाश तथा राजिनामा सम्बन्धी विवरण**
- **आयोगका पदाधिकारी, कर्मचारीहरुको तालिम/सेमिनार/गोष्ठी**
- **भवन निर्माण सम्बन्धी प्रगती विवरण**
- **समवेदना**
- **विविध**
- **आर्थिक वर्ष २०७२/७३ को चौथो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति** (२०७३ वैशाख–आषाढ मसान्तसम्म)
- **अन्तर्वार्ता** (आयोग र यसका कार्यप्रक्रियाका सम्बन्धमा)
  (क) सहसचिव श्री खोमराज कोइराला
  (ख) उपसचिव श्री डिजन भट्टराई
- **सूचनामूलक लेख**
- **सूचनाको हकसम्बन्धी ऐन, नियमावली अनुसार सार्वजनिक गर्नुपर्ने विवरण**
- **लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण**
- **सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण**
- **वार्षिक कार्यतालिका** (आ.व. २०७३/७४ को पदपूर्ति सम्बन्धी)
  (क) निजामती सेवातर्फ राजपत्रांकित तथा राजपत्र अनंकित विभिन्न श्रेणी/तहका पदहरुको वार्षिक कार्यतालिका-१
  (ख) सुरक्षा निकायहरु तथा अन्य सरकारी सेवा/संगठित संस्थाहरु तर्फका विभिन्न श्रेणी/तहका पदहरुको वार्षिक कार्यतालिका-२


सम्पादक मण्डल : **लक्ष्मीविलास कोइराला** अध्यक्ष (सहसचिव) | **गीता कुमारी होमेगाई** सदस्य (उपसचिव) | **नारायण प्रसाद पोखरेल** सदस्य-सचिव (शाखा अधिकृत)

# लोक सेवा आयोगको ६६ औं वार्षिकोत्सव सम्पन्न




*(लोक सेवा आयोगको ६६ औं वार्षिकोत्सवको अवसरमा मार्गदर्शन सम्बोधन गर्नुहुँदै सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारी)*

निजामती सेवाका रिक्त पदहरुमा निष्पक्ष तवरले योग्य उमेदवार छनौट गर्ने उद्देश्यका साथ वि.सं. २००८ साल असार १ गते लोक सेवा आयोगको स्थापना भएको हो । स्थापनाकालदेखि स्थापना दिवसको दिन प्रत्येक असार १ गतेलाई आयोगले वार्षिक उत्सवको रुपमा मनाउँदै आएको छ । आयोग स्थापना भएको ६५ औं वर्ष पूरा भई ६६ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा वि.सं. २०७३ असार १ गते आयोगको ६६ औं वार्षिकोत्सव सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

उक्त समारोहमा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओली, व्यवस्थापिका संसद राज्य व्यवस्था समितिका माननीय सभापति श्री दिलबहादुर घर्ती, संवैधानिक निकायका प्रमुखहरु, नेपाल सरकारका मुख्य सचिव, प्रधान सेनापति, सचिवहरु, सुरक्षा निकायका प्रमुखहरु, आयोगका पूर्व पदाधिकारीहरु तथा सचिवहरु, आयोगमा लामो समय सेवा गरी सेवा निवृत्त हुनुभएका कर्मचारीहरु तथा सञ्चारकर्मीहरुको उपस्थिती रहेको थियो । कार्यक्रममा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले लोक सेवा आयोगको भूमिका कार्यप्रगति तथा भावी योजनाको बारेमा प्रस्तुत गर्नु भएको थियो ।




*(लोक सेवा आयोगको ६६ औं वार्षिकोत्सवको अवसरमा शुभकामना मन्तव्य दिनुहुँदै सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओली)*




*(लोक सेवा आयोगको ६६ औं वार्षिकोत्सवको अवसरमा शुभकामना मन्तव्य प्रस्तुत गर्नुहुँदै राज्य व्यवस्था समितिका माननीय सभापति श्री दिलबहादुर घर्ती)*




(लोक सेवा आयोगको ६६ औं वार्षिकोत्सवको अवसरमा आयोगको भूमिका, कार्य प्रगति तथा भावी योजना प्रस्तुत गर्नुहुँदै आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली)

कार्यक्रममा सम्माननीय राष्ट्रपतिले लोक सेवा आयोगलाई मार्गदर्शन सम्बोधन गर्नुभएको थियो । आयोगको निष्पक्ष, योग्यतामा आधारित छनौट र सिफारिशको ६५ वर्षको उपलब्धि र योगदानबारे स्मरण गर्न पाउँदा आफूलाई खुशी लागेको, ६५ वर्षको दौरानमा आयोगले धेरै उकाली ओराली पार गरिसकेको विगतको लामो कार्य अनुभवको समिक्षा गर्दै भविष्यको कार्य वातावरण तय गर्नुपर्ने तथा नेपालको संविधानमा आयोगको कार्यक्षेत्रलाई थप विस्तार गरिएको र नेपालको संविधानले संघीयतालाई कार्यान्वयनमा ल्याएको सन्दर्भमा आर्थिक, सामाजिक रुपान्तरण सहितको न्यायपूर्ण, सशक्त र समृद्ध नेपाल निर्माणका लागि सार्वजनिक प्रशासनमा योग्य उमेदवार छनौट गर्न आयोग सदैव सक्षम रहनेछ र भविष्यमा पनि सक्षमताका साथ आफ्नो भूमिका निर्वाह गर्नेछ भन्नेमा आफू विश्वस्त रहेको विश्वास व्यक्त गर्नुभयो । सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीले आयोग संवैधानिक अधिकार सहितको स्वतन्त्र, निष्पक्ष भूमिकामा रहेकोले कतैबाट निर्देशित र नियन्त्रित नभई काम गर्नतर्फ अडिग रहनुपर्ने र यसमा सरकारबाट कुनै हस्तक्षेप नभई हरप्रकारको सहयोग हुने धारणा व्यक्त गर्नुभयो । समारोहमा व्यवस्थापिका संसदका माननीय सभापति श्री दिलबहादुर घर्तीले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

वार्षिकोत्सव समारोहमा सम्माननीय राष्ट्रपतिले आयोगको प्रतीक चिन्ह (Logo) सार्वजनिक गर्नुभयो । साथै आयोगमा उत्कृष्ठ काम गर्ने कर्मचारीलाई पुरस्कार पनि वितरण गर्नुभयो । कार्यक्रममा आयोगका माननीय सदस्य श्री विन्द्रा हाडा (भट्टराई)ले स्वागत मन्तव्य प्रस्तुत गर्नु भएको थियो भने माननीय सदस्य श्री गोविन्दप्रसाद कुसुमले कार्यक्रममा उपस्थित अतिथि तथा आमन्त्रित व्यक्तिहरुलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । ६६ औं वार्षिकोत्सव कार्यक्रमको सञ्चालन लोक सेवा आयोगका सचिव श्री माधवप्रसाद रेग्मीले गर्नु भएको थियो ।

आयोगको ६६ औं वार्षिकोत्सव समारोहमा तय गरिएको कार्यक्रम तालिका उक्त अवसरमा तयार गरिएको Slogans, सम्मानीय राष्ट्रपतिज्यूको मार्गदर्शन सम्बोधन, सम्माननीय प्रधानमन्त्रीज्यूको शुभकामना मन्तव्य, व्यवस्थापिका संसद राज्य व्यवस्था समितिका माननीय सभापतीज्यूको शुभकामना मन्तव्य, आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले प्रस्तुत गर्नुभएको आयोगको भूमिका, कार्य प्रगति तथा कार्ययोजना आयोगका माननीय सदस्य श्री विन्द्रा हाडा (भट्टराई)ले प्रस्तुत गर्नुभएको स्वागत मन्तव्य, आयोगका माननीय सदस्य गोविन्दप्रसाद कुसुमले प्रस्तुत गर्नुभएको धन्यवाद मन्तव्य एवम् सोही दिन सम्माननीय राष्ट्रपतिबाट पुरस्कृत आयोगका कर्मचारी, सम्माननीय राष्ट्रपतिबाट सार्वजनिक गरिएको आयोगको प्रतिक चिन्ह (लोगो) लगायत आयोगको वार्षिकोत्सवका सन्दर्भमा विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित लेखहरु यस अन्तर्गत समावेश गरिएका छन् ।

### (क) आयोगको ६६ औं वार्षिकोत्सव कार्यक्रम कार्यतालिका

| क्र.सं. | समय | कार्यक्रम |
|---|---|---|
| १ | ८:३० | कार्यक्रमको अध्यक्षता, विशेष अतिथि तथा अन्य अतिथि महानुभावहरुको आगमन तथा आसन ग्रहण |
| २ | ९:०० | सम्माननीय राष्ट्रपतिज्यूको आगमन तथा स्वागत<br>– सम्माननीयज्यूको स्वागत : आयोजक पदाधिकारीहरुबाट<br>– राष्ट्रिय गान<br>– सम्माननीयज्यूको आसन ग्रहण |
| ३ | ९:०५ | स्वागत मन्तव्य : लोक सेवा आयोगका सदस्य श्री विन्द्रा हाडा (भट्टराई) बाट |
| ४ | ९:१० | सम्माननीय राष्ट्रपतिज्यूबाट पानसमा दीप प्रज्ज्वलन गरी कार्यक्रम समुद्घाटन |
| ५ | ९:१५ | लोक सेवा आयोगको भूमिका, कार्य प्रगति तथा भावी योजना प्रस्तुति : आयोगका अध्यक्ष श्री उमेशप्रसाद मैनालीबाट |
| ६ | ९:२५ | सम्माननीय राष्ट्रपतिज्यूबाट लोक सेवा आयोगको प्रतीक चिन्ह सार्वजनिकीकरण |
| ७ | ९:३० | सम्माननीय राष्ट्रपतिज्यूबाट लोक सेवा आयोगमा कार्यरत उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कार तथा कदरपत्र प्रदान |
| ८ | ९:३५ | शुभकामना मन्तव्य :<br>– राज्य व्यवस्था समितिका माननीय सभापति श्री दिलबहादुर घर्तीज्यू<br>– सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू |
| ९ | ९:४५ | सम्माननीय राष्ट्रपतिज्यूबाट मार्गदर्शन सम्बोधन |
| १० | ९:५० | धन्यवाद तथा कृतज्ञता ज्ञापन : लोक सेवा आयोगका सदस्य डा. गोविन्दप्रसाद कुसुमबाट |
| ११ | ९:५५ | फोटो सेसन |
| १२ | १०:०० | दिवा भोजन |
| १३ | | सम्माननीय राष्ट्रपतिज्यू तथा अन्य विशिष्ट अतिथिज्यूहरुको विदाई |

**कार्यक्रम सञ्चालन** : सचिव श्री माधवप्रसाद रेग्मी

**सम्पर्क व्यक्ति**: सहसचिव श्री झक्कप्रसाद आचार्य (९८५११०६९८९)

### (ख) आयोगको ६६ औं वार्षिकोत्सवका सन्दर्भमा आयोगबाट तयार गरेका Slogans

***(१) लोक सेवा आयोगको प्रतिबद्धता***
***योग्यता, निष्पक्षता र समावेशिता ।***

***(२) लोक सेवा आयोगको दृढ अठोट***
***स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट ।***

***(३) लोक सेवा आयोगको अग्रगामी सोच***
***आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम व्यक्तिको छनौट ।***

### (ग) आयोगको ६६ औँ वार्षिकोत्सवको अवसरमा सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूले प्रस्तुत गर्नुभएको मार्गदर्शन सम्बोधन

*६६ औँ वार्षिकोत्सव मूल समारोहका अध्यक्ष तथा लोक सेवा आयोगका अध्यक्ष,*
*सम्माननीय प्रधानमन्त्री,*
*राज्य व्यवस्था समितिका माननीय सभापति,*
*लोक सेवा आयोगका सदस्यहरु,*
*राष्ट्रसेवकहरु,*
*भद्र महिला तथा सज्जनबृन्द !*

लोक सेवा आयोगको ६६ औं वार्षिकोत्सव समारोहका अवसरमा आयोजित कार्यक्रममा सरिक भइ यस गौरवशाली संवैधानिक निकायको उपादेयता, उपलब्धि र योगदानबारे स्मरण गर्न पाउँदा मलाइ खुशी लागेको छ । न्यायपूर्ण, समृद्धशाली तथा आर्थिक र सामाजिक रुपले सशक्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको भविष्य र सपनालाई साकार पार्न आगामी दिनमा आयोगको गहन भूमिका रहेको प्रसंगमा यस्तो समारोहको गरिमा अझ बढेको छ । आफ्नो लामो ६५ वर्षको यात्राका दौरान आयोगले अनेकौं आरोह अवरोह पार गरिसकेको छ । नियुक्ति, पदस्थापना, सरुवा, बढुवा र सम्बद्ध विषयमा निष्पक्षता र पारदर्शिताको सिद्धान्त अनुरुप राष्ट्रसेवामा सर्वसाधारणलाई आकर्षित गर्न र आमजनताको मन जित्न आयोग सफल भएको छ । विगतको लामो अनुभवको आत्मसमीक्षा गर्दै आफ्नो कर्तव्य पालनामा देखिएका कमीकमजोरीलाई हटाउन र सबल पक्षलाई अझ सुदृढ पार्न पनि यस्ता कार्यक्रमले अवसर प्रदान गरेको छ भन्ने मलाई लागेको छ ।

लोक सेवा आयोग नेपालको संवैधानिक आयोगहरुमध्ये सबैभन्दा पुरानो र अग्रणी संस्था हो । नेपालमा जारी भएका सबै संविधान र प्रशासनसँग आबद्ध ऐन, नियम र प्रशासन सुधार आयोगका प्रतिवेदनहरु समेतमा लोक सेवा आयोगको अहं भूमिका प्रतिविम्बित भएको पाइन्छ । नेपालको संविधान (२०७२) जारी भइ राज्य पुनःसंरचनातर्फ जान लागेको प्रसंगमा आयोगको कार्य र परामर्श दुबैको दायरा अझ बढी ब्यापक हुन पुगेको छ ।

जनताबाट निर्वाचित भइ बनेको सार्वभौम संविधान सभाको अत्यधिक बहुमतबाट नयाँ संविधान जारी भइ कार्यान्वयनको तहमा रहेको र अब देशको सम्पूर्ण ध्यान आर्थिक सामाजिक रुपान्तरणतर्फ केन्द्रित भएको प्रसंगमा देशको स्थायी सरकारका रुपमा लिइने मुलुकी प्रशासनलाई अझ स्तरीय, अनुशासित, चुस्त, जनउत्तरदायी र जनताको बढ्दो आकांक्षा अनुरुप सेवा दिनसक्ने बनाउनु नै लोक सेवा आयोगको प्रमुख चुनौती रहेको छ । वर्तमान समयमा सरकारी सेवाप्रति युवाहरुको बढ्दो आकर्षण, सूचना प्रविधिको तीब्र विकास तथा बढ्दो प्रतिस्पर्धा जस्ता विषयलाई सम्बोधन गर्दै आयोगले आफूलाई थप सवल तथा अद्यावधिक गर्नु आजको टड्कारो आवश्यकता हो ।

सीमित जनशक्ति, प्रविधि र सुविधाको परिधि र अन्य कठिनाइका बावजुद आयोगले हालसम्म हासिल गरेका उपलब्धि र सफलता सराहनीय छन् । एकातर्फ सवल र सक्षम जनशक्तिको बढ्दो आवश्यकता रहेको छ भने गत वर्षको विनाशकारी भूकम्पका कारण अन्य सरकारी भौतिक संरचनासहित लोक सेवा आयोगका क्षतिग्रस्त पूर्वाधारको पुनःनिर्माणका लागि सरकारका तर्फबाट ध्यान जानु त्यत्तिकै जरुरी छ । आगामी दिनमा आफूलाई थप मर्यादित र विश्वसनीय बनाउँदै सरकार र जनता दुवैसँग सुमधुर सम्बन्ध र समन्वय कायम गरी आफ्नो निर्धारित लक्ष्य हासिल गर्ने कार्यमा आयोगको उत्तरोत्तर प्रगतिका लागि शुभेच्छा दिन चाहन्छु । यसै अवसरमा कार्यकुशलताको अभिबृद्धिका आधारमा प्रोत्साहन स्वरुप पुरस्कृत हुने उत्कृष्ट कर्मचारीहरुलाई बधाइ पनि दिन चाहन्छु । धन्यवाद ।

### (घ) आयोगको ६६ औं वार्षिकोत्सवको अवसरमा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूले प्रस्तुत गर्नुभएको शुभकामना मन्तव्य

*सम्माननीय राष्ट्रपति महोदय,*
*सम्पूर्ण उपस्थित साथीहरु*

आज लोक सेवा आयोगले ६५ वर्ष पूरा गरेर ६६ औं स्थापना दिवस मनाइरहेको अवसरमा म आयोगको सफलता, प्रतिष्ठा अभिवृद्धि तथा लोकप्रियताको निम्ति र यसले देशलाई स्वच्छ, सक्षम, सबल प्रशासन दिने अर्थमा अत्याधिक योगदान गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । शुभकामना सँगसँगै सरकारको तर्फबाट म के भन्न चाहन्छु भने लोक सेवा आयोग आफ्नो संवैधानिक अधिकार सहितको स्वतन्त्रता र निष्पक्ष भूमिका सम्पन्न गर्न स्वतन्त्र रहेको छ । अहिलेको सरकार आयोगको कार्यक्षेत्रमा हस्तक्षेप नगर्ने मात्रै होइन कि कुनै प्रकारको हस्तक्षेपको सोच पनि राख्दैन र आफ्नो संवैधानिक अधिकार र कर्तव्य पूर्ण रुपमा लोक सेवा आयोगले पालना गर्न सक्छ र गर्नु पर्छ भन्ने मान्यता राख्दछ । त्यसका निम्ति लोक सेवा आयोगलाई सबल र प्रभावकारी बनाउन सरकारको तर्फबाट पुऱ्याउनु पर्ने आवश्यक सहयोग पनि पुऱ्याउँछ । म लोक सेवा आयोगलाई यसमा आश्वस्त रहन पनि आग्रह गर्दछु । लोक सेवा आयोग मात्र होइन, लोकतन्त्र एउटा सन्तुलनको व्यवस्था हो । लोकतन्त्र पारदर्शिताको, स्वच्छताको र अधिकारहरुको व्यवस्था हो तर अनियन्त्रित अधिकार, असीमित अधिकारको व्यवस्था होइन ।

असीमित अधिकार त सार्वभौम जनतामा मात्रै हुन्छ । खुसीको कुरो के हो भने जनताबाट निर्वाचित संविधानसभाले संविधान दिइसकेको छ र हामी एउटा लोकतान्त्रिक ढंगले बनेको, संविधानसभाबाट लोकतान्त्रिक विधिसाथ बनेको लोकतान्त्रिक संविधान पाएको अवस्थामा छौं र देश अब ठीक ढंगले बढ्न सक्ने अवस्थामा छ । अहिले हामी संक्रमणकालीन अवस्थामा छौं । संविधानले नै हामीलाई संक्रमणकालको एउटा खास अवस्था, जहाँ संविधानले व्यवस्था गरेका अरु संरचनाहरु तयार भइसकेका हुँदैनन्, निकायहरु तयार भइसकेका हुँदैनन्, तबसम्म कसरी काम गर्ने भन्ने सम्बन्धमा संक्रमणकालीन व्यवस्था नै गरेको छ अथवा संविधानले नै भनेको छ कि यो संक्रमणकालीन व्यवस्था हो । खास यो संक्रमणकालको छिट्टै अन्त्य गर्नका लागि लगभग डेढ वर्षको समय भित्र हामी स्थानीय निकायको निर्वाचन, प्रादेशिक निर्वाचन र प्रतिनिधिसभाको निर्वाचन, राष्ट्रियसभा समेतको निर्वाचन सम्पन्न गर्दछौं र संविधानको पूर्ण कार्यान्वयन, संक्रमणकालको सुखद् अवसान र देशलाई अगाडि लाने कुरामा सचेत ढंगले अहिलेको सरकार क्रियाशील छ । हामी आगामी मंसिरसम्ममा स्थानीय निकायको होइन स्थानीय तहकै निर्वाचन सम्पन्न गर्दछौं । यसरी स्थानीय तहको निर्वाचन गराउनका निम्ति स्थानीय तहसम्बन्धी ऐनहरुको व्यवस्था हुनुपर्छ । यस्ता ऐनहरु संसदबाट त्यो अगावै नगरी समयभित्रै लगभग भदौमै पारित गरिसक्नु पर्छ । त्यस कुरामा अहिलेको सरकार सजग छ । संविधान बमोजिम हामी स्थानीय तहको निर्वाचन सम्बन्धी ऐनहरु तर्जुमा गरिसक्दछौं र तदअनुसार मंसिरतिर स्थानीय तहको निर्वाचन सम्पन्न गर्दछौं । त्यसै गरेर बैशाख-जेठसम्ममा हामी प्रादेशिक निर्वाचनहरु गराउँछौं । एकैचोटि सबै निर्वाचनहरु सम्भव हुँदैनन् । त्यसकारण कार्तिकको अन्तिम अथवा मंसिरको सुरुसम्ममा प्रतिनिधिसभाको निर्वाचन गराउँछौं, २०७४ को कार्तिक-मंसिरसम्ममा संवैधानिक व्यवस्थाहरुलाई पूर्णता दिने ती कामहरु सम्पन्न गर्दछौं । यसका निम्ति हाम्रा विभिन्न संवैधानिक निकायहरु तदअनुसार नै सजग रहनु पर्ने र क्रियाशील हुनुपर्ने आवश्यकता छ ।

लोक सेवा आयोगले धेरै वर्षदेखि धेरै प्रकारका उतारचढाव देखेको छ । लोक सेवा आयोगसँगै सिंगै देशले, अन्य संस्थाहरुले पनि उतारचढाव देखेका छन् । कहिले अधिकारको संकुचन, कहिले अधिकारको विस्तार, कहिले अलिकति फराकिलोपन, कहिले अलिकति साँघुरोपन । तानाशाहीतर्फको यात्रा सुरु भयो भने संकुचन तर्फ जान्छ, लोकतन्त्रतर्फको यात्रा फेरि सुरु भयो भने अलिकति फराकिलोपन तिर जान्छ । संस्थाहरु आ-आफ्ना ठाउँमा कसरी प्रभावकारी, निष्पक्ष र स्वतन्त्र ढंगले काम गर्न सक्छन् भन्दा लोकतन्त्रको प्रत्याभूति छ भने तिनीहरुले तदअनुसार काम गर्न सक्छन् । त्यो भएन भने समस्याहरु पैदा हुन्छन् । विगतमा त्यस्तै भएको छ, विगत ६५ वर्षमा वि.सं. २००४ सालमा यसो वैधानिक कानून लेखिए पनि त्यो कार्यान्वयन भएन । वि.सं. २००८ साल असार १ गते बाट ६५ वर्ष अगाडि आजकै दिन लोक सेवा आयोगको गठन भयो । त्यसले मेरो अध्ययन अनुसार लगभग १३ साल भदौबाट त्यतिबेला अलिकति यसले खास आकार लिने र गति लिने काम गऱ्यो । त्यस यता उतारचढावहरु भएका छन् । भर्खरै लोक सेवा आयोगका माननीय अध्यक्षले भन्नुभयो अहिलेको अवस्थामा न कसैका भाइको जमाना छ, न कसैका भारदारको जमाना छ । लोकतन्त्रमा भाइको जमाना पनि हुँदैन, भारदारको जमाना पनि हुँदैन । यसलाई जनता, जनताले प्रदान गरेको संविधान, जनताले प्रदान गरेका कानून अथवा जनप्रतिनिधिमार्फत् जनताले काम गरेको भन्नुपर्छ । जनप्रतिनिधिमार्फत आएका कानून, तदअनुसारका संस्थाहरुलाई हामी कानून, शासन व्यवस्था, देश सबै चिजहरुलाई व्यवस्थापन गर्न चाहन्छौं, सही व्यवस्थापन गर्न चाहन्छौं । अर्को, त्यसलाई गतिशील बनाउन चाहन्छौं, किनभने हामी अगाडि बढ्नुछ । अगाडि बढ्नका लागि सुव्यवस्थापन र गतिशीलता हाम्रो समग्र राष्ट्रको शक्तिको विन्यास हुन् । अघि नै अध्यक्षज्यूले भन्नुभयो नि यसले जनतालाई सेवा पुऱ्याउने हो, जनताका सेवकहरुका रुपमा रहने योग्य, दक्ष राष्ट्रसेवकहरु यसले योग्यता, क्षमताका आधारमा छनौट गर्ने हो र यस सम्बन्धमा वास्तविकरुपमा नै लोक सेवा आयोगले एउटा विश्वास आम जनतामा आर्जन गरेको छ ।

लोक सेवा आयोगले यो निष्पक्ष छ भन्ने कुरा विश्वास दिलाउने रुपमा काम गरेको छ । यो कोही जागिर पाएन भने पनि किन पाइन भन्दा निष्पक्ष ढंगले नै त्यहाँ जाँच हुन्छ, मैले राम्रोसँग लेख्न सकिनछु, आफ्नै कोही असफल भयो भने पनि राम्रो लेख्न सकेनछ क्यारे त्यसकारण असफल भयो भन्ने मान्छेले स्वीकार्छ । त्यो लोक सेवा आयोगको सफलताको कुरा हो । त्यो उसप्रतिको विश्वास हो । लामो समयदेखि लोक सेवा आयोगमा जसजसले काम गर्नुभयो, उहाँहरुले नै त्यसलाई Maintain गर्नुभएको छ । अन्य समाजले त्यसलाई सहयोग पनि पुऱ्याएको छ । फेरि हामीले के सोच्नु हुँदैन भने लोक सेवा आयोगमा गएका आयुक्तहरु मात्र एकदम स्वच्छ प्रशासनको पक्षमा हुनुहुन्छ, बाँकी देश चाहिँ स्वच्छ प्रशासनको पक्षमा हुँदैन साथै लोक सेवा आयोगले मात्रै एकदम निगरानी गरेर सबै काम गर्छ भन्ने होइन । समाज जहाँ छ त्यो भन्दा बाहिर कुनै निकाय हुनै सक्दैन ।

समाज यस मान्यतामा छ कि लोक सेवा आयोग निष्पक्ष र स्वतन्त्र हुनुपर्छ, त्यसले काम गर्न पाउनु पर्छ, त्यसले योग्य व्यक्तिको छनौट गर्न पाउनु पर्छ कुनै छलछामपूर्ण ढंगले होइन, पारदर्शी ढंगले, अझ यो परीक्षाको सन्दर्भमा, छनौटको सन्दर्भमा हाम्रा विधिहरुमा अनुभवका आधारमा क्रमशः परिमार्जन पनि गर्दै लगिएको छ र परिमार्जन गर्दै लैजान जरुरी पनि छ । अघि भन्नुभयो नि, शतप्रतिशत त भन्न सकिन्न, शतप्रतिशत भन्न त नम्बर दिँदैखेरि पनि अन्ठाउन्न पाउने हो कि उनन्साठी पाउने हो भन्ने कुराको खास मापदण्ड त हुँदैन त्यहाँ । त्यसकारण अन्ठाउन्न पनि पाउन सक्छ, उनन्साठी पनि पाउन सक्छ,

सन्ताउन्न पनि पाउन सक्छ भने एक नम्बरले त तलमाथि हुन्छ । तर के हो भने त्यसमा आग्रहहीन ढंगले नै नम्बर दिइएको हुन्छ र आग्रहहीन ढंगले त्यसलाई अगाडि बढाइएको हुन्छ भने त्यो चाहिँ विश्वास गर्न सकिने, भर पर्न सकिने यथार्थ हुन सक्छ, त्यो १००% नहोस् तर ९९% विश्वसनीय त हुन्छ नै । सबभन्दा ठूलो कुरो विभेदको मनसाय, भेदभावको मनसाय, पक्षपातको मनसाय छैन, पारदर्शिता छ, निष्पक्ष मनसाय छ भने सबभन्दा महत्वपूर्ण कुरो त्यो हो । तदअनुसार हामी विधिहरु विकास गर्न सक्दछौं, यो गर्दै गएका छौं, आगामी दिनमा पनि यो गर्न सकिन्छ भन्ने मैले ठानेको छु ।

अन्त्यमा म फेरि एकपल्ट लोक सेवा आयोगको निष्पक्षताको छाप बढ्दै जाओस्, त्यो प्रभाव र विश्वसनीयता बढ्दै जाओस् र यसले वास्तवमा नै दक्ष राष्ट्रसेवक छान्ने कुरामा सफलता प्राप्त गर्न सकोस्, जसबाट देशको जनताको, सबैको विश्वास बढ्दै जानेछ । लोक सेवा आयोगले सफलता प्राप्त गरोस्, धेरै धेरै शुभकामना ! बाँकी मैले भन्नुपर्ने कुरा सरकारको तर्फबाट कुनै हस्तक्षेप हुँदैन, सहयोग हुन्छ, ढुक्कले काम गर्नुहोस् । धन्यवाद ।

### (ङ) आयोगको ६६ औं वार्षिकोत्सवको अवसरमा राज्य व्यवस्था समितिका माननीय सभापति श्री दिलबहादुर घर्तीज्यूले प्रस्तुत गर्नुभएको शुभकामना मन्तव्य

*लोक सेवा आयोगको ६६ औं वार्षिकोत्सवका सभापति एवं लोक सेवा आयोगका माननीय अध्यक्षज्यू*
*सम्माननीय राष्ट्रपति एवं यस कार्यक्रमका प्रमुख अतिथिज्यू*
*सम्माननीय प्रधानमन्त्रीज्यू*
*नेपाल सरकारका मुख्य सचिवज्यू*
*विभिन्न आयोगका माननीय अध्यक्षज्यू लगायत सदस्यज्यूहरु,*
*विशिष्ट कर्मचारीहरु,*
*सुरक्षा निकायका प्रमुखहरु र पत्रकार बन्धुहरु ।*

नेपालको इतिहासमा हामी धेरै फड्को मार्दै हिँडेका छौं । लोक सेवा आयोगको इतिहास हेर्ने हो भने यसको स्थापनाकाल वि.सं. २००८ देखि हालसम्म आउँदा यसका अधिकार खोसिने, दिने काम भइरहेका छन् । वर्तमान संविधानले पनि लोक सेवा आयोगलाई धेरै अधिकारहरु दिएको छ । यी कार्यान्वयन गर्ने चुनौती लोक सेवा आयोगलाई मात्र होइन, यहाँ उपस्थित हामी सबैका र खास गरेर मुलुकको कार्यकारी प्रमुख प्रधानमन्त्रीज्यूको पनि हो । मैले यो किन भनिरहेको छु भने हामीले मुलुकमा प्रजातन्त्र, लोकतन्त्र स्थापनाका लागि धेरै वर्षदेखि संघर्ष गरेका छौं । अहिले आएर मुलुकले बल्ल एउटा संविधान प्राप्त गरेको छ । यो संविधानले गरेका बन्दोबस्त अनुसार यो धेरै लोकतान्त्रिक छ । हामी संघीय राज्यमा गएका छौं । तल्लो निकायहरुलाई समेत अधिकार सम्पन्न बनाउने कोशिस भएको छ । यसलाई कार्यान्वयन गर्न अहिले आइपरेका चुनौतीलाई सामना गर्ने सामर्थ्य राखेर हामी अगाडि बढ्न जरुरी छ । हामीले देशमा स्थापना गर्न खोजेको सामन्ती र शोषणबाट उन्मुक्त र प्रजातान्त्रिक समाज निर्माणमा लोक सेवा आयोगको अहम् भूमिका रहेको हुन्छ । लोक सेवा आयोगले आजसम्म जे कमाएको छ, परीक्षामा उत्तीर्ण हुनु, त्यसको निष्पक्षताको विश्वास हुनु मात्रै होइन त्यसबाट उत्तीर्ण भएका कर्मचारीले गरेको मुलुकप्रतिको विकास र निर्माण, सुरक्षामा आइपरेका गडबडी, यी सबै विषयमा पनि उनीहरुको योगदान उत्तिकै महत्वपूर्ण हुन्छ र यसको मूल्याङ्कन र यसको स्थापनाका लागि हामी सबै लाग्नुपर्छ भन्ने मलाई लाग्दछ ।

लोक सेवा आयोगका आफ्ना कार्ययोजनाहरु कार्यान्वयन गर्ने र ऐन, कानूनहरु बनाउने विषयहरुमा सफलता मिलोस्, यसमा आइपरेका चुनौती समाधान हुन सकुन् । लोक सेवा आयोग नेपालको एउटा स्थायी सरकारका रुपमा रहने कर्मचारीहरु निष्पक्ष तवरले छनौट गर्ने निकाय हो । हिजोका समयमा विद्यमान चाकरी प्रथाको त्यो संस्कार अझैपनि निर्मूल भइसकेको छैन । अझैपनि अवशेषहरु बाँकी नै छन्, त्यसलाई हामीले समाप्त गरेर आदर्श समाज निर्माण गर्नु जरुरी छ, जहाँ कुनै भेदभाव नहोस्, हरेकको प्रतिष्ठा रहोस्, सम्मान रहोस्, जसले राष्ट्रप्रति एक भएर अगाडि बढ्न हामी सफल हुन सकौं । आजको दिनले लोक सेवा आयोगलाई त्यतापट्टि उन्मुख गरोस् भन्दै म अन्त्यमा संविधानको कार्यान्वयन र आयोगको निष्पक्ष छनौट सम्बन्धी आगामी चुनौतीहरुबाट हामी अगाडि बढ्न सकौं, लोक सेवा आयोगले जुन प्रतिष्ठा कमाएको छ, त्यो प्रतिष्ठालाई यसले निरन्तर आर्जन गर्न सकोस् र राष्ट्रलाई यसले ठिक ढंगले हाँक्न सकोस्, यही शुभकामनाका साथ म यहाँहरुसँग बिदा हुन्छु । धन्यवाद ।

### (च) आयोगको ६६ औं वार्षिकोत्सवको अवसरमा माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीज्यूले प्रस्तुत गर्नुभएको लोक सेवा आयोगको भूमिका, कार्यप्रगति तथा कार्ययोजना

*सम्माननीय राष्ट्रपतिज्यू*
*सम्माननीय प्रधानमन्त्रीज्यू*
*राज्य व्यवस्था समितिका माननीय सभापतिज्यू*
*संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीज्यूहरु,*
*नेपाल सरकारका मुख्यसचिवज्यू*
*प्रधान सेनापतिज्यू*
*नेपाल सरकारका सचिवज्यूहरु,*
*सुरक्षा निकायका प्रमुखज्यूहरु,*
*लोक सेवा आयोगका पूर्वअध्यक्ष तथा पदाधिकारीज्यूहरु,*
*संचारकर्मी मित्रहरु,*
*अन्य आमन्त्रित अतिथि गण ।*

सर्वप्रथम यस वार्षिकोत्सव समारोहमा गौरवपूर्ण उपस्थितिको लागि सम्माननीय राष्ट्रपतिज्यूप्रति आभार व्यक्त गर्नु आफ्नो कर्तव्य ठान्दछु । विशिष्ट व्यक्तित्वहरुको उपस्थिति आलंकारिक मात्र हुँदैनन्,

प्रेरणाका श्रोत हुने गर्दछन् । राष्ट्र प्रमुखको उपस्थितिले हाम्रो संवैधानिक भूमिका निर्वाह गर्ने जोश र जाँगर दोव्वर भएको अनुभूति भएको छ । त्यस्तै शासकीय कामको बोझमा अति व्यस्त रहनु पर्ने सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिले यस समारोहको ओज थपिएको छ र हाम्रो हौसला वढेको छ । राज्य व्यवस्था समितिका माननीय सभापतिज्यू, संवैधानिक निकायका प्रमुखज्यूहरु लगायतका अति विशिष्ट अतिथिहरुको उपस्थितिले कार्यक्रमको शोभा वढाइदिएको छ । आयोगको कामलाई मर्यादित र निष्पक्ष बनाउन आफ्नो अमूल्य योगदान दिनुहुने हाम्रा अग्रज आयोगका पूर्व पदाधिकारीहरुको उपस्थितिले यो वार्षिकोत्सव अर्थपूर्ण बनेको हामीलाई महसुस भएको छ । यहाँहरुले स्थापित गरिदिएको पद्धतिले नै अहिलेसम्म आयोगको पवित्रता बचेको छ र हाम्रा काम कारबाहीलाई मार्गदर्शन भइरहेको छ । यहाँहरु सबैको भव्य उपस्थितिको लागि आभार व्यक्त गर्दछु ।

*सम्माननीय राष्ट्रपतिज्यू,*

सार्वजनिक सेवाका पदहरु कुनै शासकको आफ्ना भाई भारदारका लागि दिइने उपहार हुन सक्दैन, अनुचर, सेवक वा चाकडलाई दिइने वक्सिस हुन सक्दैन, यी पदहरु समाजका योग्यतम व्यक्तिहरुको लागि हुनुपर्दछ भन्ने मान्यताको आधारमा योग्यता प्रणाली र यसको परीक्षणका लागि निष्पक्ष निकायहरुको गठन गर्न थालिएको हो । यस प्रणालीको सुरुआत बाइस सय वर्ष अगाडि नै चीनमा शुरू भई सत्रौं शताब्दिमा ब्रिटिश इण्डिया हुँदै यूरोपमा विस्तार भएको हो । नेपाल भने यस प्रणाली भित्र्याउनेमा निकै पछि पर्दछ । नेपाल एकीकरण पश्चात् 'थर घर' प्रशासनको नाममा सीमित थरकाहरुको हालिमुहाली भयो भने राणाकालमा भाइभारदार, चाकडीको आधारमा सार्वजनिक पदमा भर्ना गर्ने गरियो । समयको दबावले राणा शासनको उत्तरार्धमा पद्म शम्सेरले जारी गरेको 'नेपाल सरकार वैधानिक कानुन, २००४' ले दर्खास्त परिषदको नाममा सरकारी नोकरीको लागि उमेदवार छनौट गर्ने संस्थाको परिकल्पना गरे पनि उनीहरुकै भाइभारदारबीचको आन्तरिक कलहले लागु हुन सकेन । २००७ सालको राजनीतिक परिवर्तन पश्चात 'नेपालको अन्तरिम शासन विधान, २००७' मा 'पब्लिक सर्भिस कमिसन' को व्यवस्था भएपछि मात्र नेपालमा योग्यता प्रणालीको जग वसेको मान्नु पर्दछ । इतिहासको लेखाजोखाले हामीलाई वहुमूल्य शिक्षा दिन्छ र नयाँ सुरुआतको लागि मार्गदर्शन गर्दछ । त्यसैले विगतका सन्दर्भहरुको उल्लेख गरिएको हो ।

वि. सं. २००८ साल आषाढ १ गते गठन भएको आयोग (कमिशन) ले आफ्नो ६५ वर्षको अविचलित यात्रा पुरा गरेको छ । यस अवधिमा आयोगले जनताको अटुट आस्था र अतुलनीय जनविश्वास आर्जन गरेको छ भन्दा अत्युक्ति नहोला । यो जनविश्वास त्यत्तिकै आर्जन भएको भने होइन, यसमा अग्रजहरुको मेहनत र पसिना खर्चिएको छ । यति लामो यात्रा निष्कण्टक थिएन, धेरै घुम्ती र उकाली ओराली पार गर्दै यहाँसम्म आइपुगेको हो । राणाकालीन कर्मचारीहरुको 'स्क्रिनिङ' लाई अवज्ञा गरेर, राजनीतिक परिवर्तन संगै आयोगको परामर्श बेगर भर्ना र प्रमोशन गरेर र वि.सं. २०१७ को पुनर्गठनमा आयोगलाई नै निलम्बन गरेर यस संस्थालाई निकम्मा बनाउन खोजिएको थियो । यस्तो प्रतिकूल परिस्थितिमा पनि आयोगको तत्कालीन नेतृत्वले आफ्नो धर्म निर्वाह गरेकाले नै जनताको आस्थाको धरोहर निर्माण हुन सकेको हो । निरंकुश पंचायती व्यवस्थामा समेत यस संस्था निष्पक्षताको पर्याय बन्न सक्यो । यस संस्थालाई छलेर राजनीतिक नियुक्ति गर्ने र पछि परामर्शको लागि आयोगमा पठाएर स्थायी गर्ने परम्परा भने निकै पछिसम्म कायम रह्यो ।

आयोगको क्षेत्राधिकारमा हरेक पटक संविधान जारी हुँदा र संशोधन हुँदा फेरवदल गर्ने क्रम भने जारी नै रह्यो । निजामती सेवा ऐन, २०१३ जारी हुँदा वार्षिक रु. ४००।- भन्दा वढी तलब खाने निजामती पदमा आयोगको सिफारिश बेगर नियुक्ति गर्न नपाउने व्यवस्था गरियो । निजामती सेवाको गठन, भर्ना, सेवाका शर्त, सरुवा र पदोन्नति लगायतका विषयहरुमा परामर्श लिनु पर्ने व्यवस्था गरियो । वि.सं. २०१५ को संविधानले पहिलो पटक आयोगको संवैधानिक भूमिका सुनिश्चित गरिदियो भने २०१९ को संविधानबाट वार्षिक रु.१२००।- भन्दा बढी तलब पाउने पदमा नियुक्ति गर्दा आयोगको सिफारिश अनिवार्य गरियो । यस व्यवस्थाबाट मुखिया र सो भन्दा तलका पदहरु लोक सेवाको अधिकार बाहिर पर्न गए । यस संविधानको २०२३ को संशोधनले सार्वजनिक संस्थानको पदपूर्तिको काम समेत आयोगलाई दिइयो र २०३२ को संशोधनले भने यो अधिकारलाई संकुचन गर्दै सामान्य सिद्धान्त मात्र जारी गर्ने प्रावधान राखियो । नेपाल अधिराज्यको संविधान, २०४७ ले यो अधिकार पनि हटाएर निजामती सेवामा मात्र आयोगलाई सीमित गरेको थियो । नेपालको अन्तरिम संविधान, २०६३ ले निजामती सेवा बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा अन्य सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा समेत आयोगको परामर्श लिनु पर्ने थप व्यवस्था गरेको थियो ।

नेपालको संविधानले लोक सेवा आयोगको क्षेत्राधिकारमा पनि विस्तार गरिदिएको छ । आयोगको निष्पक्षतालाई मूल्यांकन गरेर नै होला, निजामती सेवा वाहेकका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र अन्य सरकारी सेवा लगायत नेपाल सरकारको पचास प्रतिशत भन्दा वढी जायजेथा रहेको संगठित संस्थाको लिखित परीक्षा लोक सेवा आयोगले लिने प्रावधान थप गरिएको छ । नेपाल सरकारबाट निवृत्तिभरण पाउने कुनै पनि पदमा लोक सेवा आयोगको परामर्श बेगर नियुक्ति गर्न नपाउने प्रावधान राखिएको छ र परामर्श दिने भूमिका

पनि संविधानले बिस्तार गरिदिएको छ । आयोगलाई विश्वास गरेर भूमिका विस्तार गरिदिएकोमा संविधान सभाका सदस्यहरुप्रति आयोग आभार व्यक्त गर्दछ । थपिएको जिम्मेवारी बहन गर्ने काम चुनौतीपूर्ण भए पनि यी संवैधानिक भूमिका पुरा गर्न आयोग अझ बढी सक्रिय रहेर जनविश्वासलाई अझ मजबुत बनाउन लाग्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

आयोगको ६५ वर्षको लामो यात्रामा योग्यता, निष्पक्षता र स्वच्छता कायम गर्दै परीक्षा प्रणाली र परीक्षण विधिमा सुधार ल्याउन केही प्रक्रिया तथा सिद्धान्तहरुलाई आयोगले पद्धतिकै रुपमा आन्तरिकीकरण गरिसकेको छ । आयोगका अग्रजहरुको सिर्जनात्मक विचारबाट विकसित गरिएका यी प्रक्रियाहरुले नै आयोगको पवित्रता र गोपनीयता कायम हुन सकेको छ । उत्तरपुस्तिकामा दोहोरो सांकेतिकरण (कोडिङ्), गोप्य काममा संलग्न हुनेले अर्को चरणको गोप्य काममा संलग्न हुन नपाउने दोहोरो असंलग्नताको सिद्धान्त, द्विअन्ध प्रणाली (डबल ब्लाइण्ड सिस्टम), परीक्षाको विभिन्न चरणमा विशेषज्ञहरुको संलग्नता, खुला प्रतिस्पर्धा समान अवसर र निष्पक्षताको सिद्धान्त, आफ्ना नातेदार उमेदवार भएमा सो सम्बन्धी काममा भाग लिन नपाउने असंलग्नताको सिद्धान्त यसका उदाहरणहरु हुन् । यसै आर्थिक वर्षदेखि आयोगले अन्तर्वार्तामा सहभागी हुने उमेदवारहरुले आफ्नो कुल प्राप्ताङ्क आयोगको वेबसाइटमा हेर्न पाउने निश्चित पारदर्शिताको सिद्धान्त लागू गरेको छ । यी सिद्धान्तले निर्दिष्ट गरेका प्रक्रियाहरु 'फूलप्रुफ' छन् भनेर दावी गर्न नसकिए पनि पूर्णताको निकट छन् भन्न भने सकिन्छ ।

आयोगको जिम्मेवारी बढेको त छदैछ, यसले सम्पादन गर्नु पर्ने कामको मात्रात्मक, गुणात्मक तथा प्रविधि र प्रकृतिमा पनि व्यापक परिवर्तन आएको स्थिति छ । एकातिर शिघ्र परिवर्तनशील प्रविधिसँग हातेमालो गर्दै अघि बढ्नु पर्ने र अर्कोतर्फ संस्थाको पवित्रता र गोपनीयता कायम राख्नु पर्ने हुन्छ । यस बाहेक अहिलेसम्म मानिँदै आएका योग्यताका आधारहरु पनि अहिलेको प्रतिस्पर्धात्मक वातावरण, शासन सुशासनका बदलिँदो मान्यता, कर्मचारीतन्त्रका शैली र आचरणका विषयमा बदलिएको अवधारणा, संघीय लोकतान्त्रिक गणतन्त्रका नवीन मूल्यमान्यताले गर्दा परीक्षणका विधिहरुमा आमूल परिवर्तन गर्नै पर्ने भएको छ । लोक सेवा आयोग विगत एक वर्षदेखि यिनै परिवर्तनका लागि प्रयासरत छ । गत वर्षको चैत्रदेखि आयोगले अनलाइन प्रविधि लागू गरेको छ । यसबाट उमेदवारहरुको लागत, समयको वचत भएको छ । परीक्षण विधिमा सुधार ल्याई यसको विश्वसनीयता अझ बढाउन उत्तरपुस्तिका आयोगमै जचाउने गरिएको छ । उच्चतहका पदहरुका परीक्षार्थीको उत्तरपुस्तिका दुईजना परीक्षकबाट जँचाउने गरिएको छ । सार्वजनिक संस्थानको लिखित परीक्षा आयोगले लिन सुरु गरेको छ र अहिलेसम्म झण्डै एक दर्जन संस्थानहरुको लिखित परीक्षा सम्पन्न भइसकेको छ । आयोगले आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गर्न अहिलेसम्म मोटर बाटो नपुगेको डोल्पा र हुम्ला सदरमुकाममा र परीक्षार्थीहरु बढी भएको लाहानमा यसै वर्षदेखि थप परीक्षा केन्द्र खोली यी भेगका उमेदवारहरुलाई राहत दिएको छ । यस बाहेक आयोगबाट सञ्चालन हुने प्रारम्भिक चरणका परीक्षाहरुमा समयानुकूल परिवर्तन गर्दै लगेको छ ।

परीक्षण विधिमा समयानुकुल परिमार्जन गर्दै जाने काम चुनौतिपूर्ण त छँदैछ, तर यसमा नलाग्ने हो भने आयोगको महत्व पनि क्रमशः घट्दै जाने हुन्छ । यस पक्षमा संवेदनशील हुँदै नेतृत्व तहका सहसचिव जस्ता पदहरुमा लिइने जांचलाई योग्यताका विविध तत्वहरु नेतृत्व क्षमता, निर्णय क्षमता, पूर्वानुमान नगरिएको आकस्मिक परिस्थितिमा काम गर्न सक्ने खुवी, सिर्जनात्मक क्षमता लगायत विविध मनोवेगात्मक र मनोवैज्ञानिक स्थितिको मूल्यांकन गरिने 'मूल्यांकन केन्द्र विधि' (एसेस्मेन्ट सेन्टर मेथोडोलजी) अवलम्बन गर्न तयारी गरिरहेको छ । यो विधि जटिल र वैज्ञानिक भएकोले निकै गृहकार्य गर्नु पर्ने देखिएको छ । यी सबै जिम्मेवारी पुरा गर्न कानुनी, संगठनात्मक अन्य आवश्यक पूर्वाधार तयार पार्ने प्रयास भइरहेको छ । यसका लागि लोक सेवा आयोग ऐनको विधेयक मस्यौदा तयार भई प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बिचाराधीन छ । थपिएको भूमिका निभाउन संगठन पुनर्संरचना गर्नका लागि ओ. एण्ड एम. सर्भेको काम सम्पन्न भएको छ । यी पूर्वाधार तयार भएपछि आयोगले नयाँ जिम्मेवारी प्रभावकारीरुपमा सम्पन्न गर्न सक्षम हुनेछ । अहिले भने भएको पूर्वाधार र जनशक्तिले एनकेन संक्रमणकालीन व्यवस्थापन गर्दै आइएको छ ।

*आदरणीय विशिष्ट अतिथिज्यूहरु,*

सार्वजनिक सेवाको गुणस्तरले देशको सुशासनमा असाधारण प्रभाव पार्ने हुन्छ । भर्ना र छनौट यस्तो महत्वपूर्ण चरण हो जसले सरकारी सेवाको स्वर, शक्ति र सक्षमता निर्धारण गर्दछ । कर्मचारीतन्त्रको यो मुहानबाट नै योग्यतम् व्यक्तिको प्रवाह हुनुपर्दछ जसले सम्पादन गर्ने कामको गुणस्तरमा प्रशंसनीयरुपमा सुधार गर्न सकियोस् । लोक सेवा आयोग छनौट प्रक्रियामा योग्यता प्रणालीको सुनिश्चितता कायम गर्ने उत्तरदायित्व वहन गर्न सक्षम छ । यसपछिका चरणमा समयानुकुल सीप, संस्कार र सक्षमताद्वारा सेवामा सुधार ल्याउने जिम्मेवारी सरकारी निकायहरुको हो । सरकारी सेवा उत्कृष्ट प्रतिभाहरुका लागि हो र यसमा असक्षम र सुस्तहरुको रजाई हुनुहुन्न । लोक सेवा आयोग योग्यता प्रणालीमा कुनै सम्झौता नगरी निष्पक्षरुपमा विशिष्टरुपमा उम्दा र सुयोग्य उमेदवारहरु छनौट गर्न कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता व्यक्त गर्दछ । हाम्रा कामहरु अग्रजहरुप्रतिको कृतज्ञता, वर्तमान पुस्ताको लागि न्याय, भविष्यका पुस्ताप्रतिको कर्तव्य र सबै सार्वजनिक संस्थाको लागि उदाहरण बन्नु पर्दछ । हामी आयोगका पदाधिकारीहरु यस दिनमा यही संकल्प गर्दछौं ।

अन्तमा हाम्रो कार्यक्रमलाई भव्य र अर्थपूर्ण बनाउन प्रमुख आतिथ्य गरिदिनु भई मार्गदर्शन गरिदिनुभएकोमा सम्माननीय राष्ट्रपतिज्यूप्रति पुनः हार्दिक कृतज्ञता व्यक्त गर्दछु । आफ्नो अति व्यस्त समयमा पनि उपस्थित भएर हौसला बढाइदिनु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यूप्रति आभार व्यक्त गर्दछु । त्यस्तै कार्यक्रममा उपस्थित राज्य व्यवस्था समितिका माननीय सभापतिज्यू लगायत सम्पूर्ण विशिष्ट अतिथिज्यूहरु र आदरणीय सञ्चारकर्मी मित्रहरुप्रति आभार व्यक्त गर्दछु । धन्यवाद !

### (छ) आयोगको ६६ औं वार्षिकोत्सवको अवसरमा आयोगका माननीय सदस्य श्री बिन्द्रा हाडा (भट्टराई) ज्यूले प्रस्तुत गर्नुभएको स्वागत मन्तव्य

*सम्माननीय राष्ट्रपतिज्यू,*
*सम्माननीय प्रधानमन्त्रीज्यू,*
*राज्यव्यवस्था समितिका माननीय सभापतिज्यू,*
*लोक सेवा आयोगका माननीय अध्यक्षज्यू,*
*संवैधानिक निकायका प्रमुखज्यूहरु,*
*नेपाल सरकारका मुख्य सचिवज्यू,*
*प्रधान सेनापतिज्यू,*
*संवैधानिक निकायका पदाधिकारीज्यूहरु,*
*नेपाल सरकारका सचिवज्यूहरु,*
*सुरक्षा निकायका प्रमुखज्यूहरु,*
*लोक सेवा आयोगका पूर्व अध्यक्ष तथा पदाधिकारीज्यूहरु,*
*संचारकर्मी मित्रहरु,*
*अन्य आमन्त्रित अतिथि गण ।*

योग्यता, निष्पक्षता र स्वच्छताको मूल मर्मलाई आत्मसात् गर्दै ६५ वर्षको लामो यात्रा पूरा गरी लोक सेवा आयोग ६६ औं वर्षमा प्रवेश गरेको यस घडीमा सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूको प्रमुख आतिथ्यमा आयोजना भइरहेको यस समारोहमा यहाँहरुलाई स्वागत गर्न पाउँदा अत्यन्त हर्षित छु ।

आयोगको ६६ औं गरिमामय वार्षिकोत्सवमा आयोगलाई मार्गदर्शन गर्न सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूबाट प्रमुख आथित्यता ग्रहण गरिदिनु भएकोमा लोक सेवा आयोगको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै सम्माननीय राष्ट्रपतिज्यूको हार्दिक स्वागत गर्दछु ।

यसैगरी मुलुकको शासकीय व्यस्तताका वावजुद सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिको लागि आयोगको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै हार्दिक स्वागत गर्दछु ।

यसै गरी राज्यव्यवस्था समितिका सभापतिज्यू, विभिन्न संवैधानिक निकायका प्रमुखज्यूहरु, मुख्य सचिवज्यू, प्रधान सेनापतिज्यू, संवैधानिक निकायका पदाधिकारीज्यूहरु, नेपाल सरकारका सचिवज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु, आयोगका पूर्व अध्यक्ष तथा पदाधिकारीज्यूहरु, विज्ञज्यूहरु तथा सञ्चारकर्मी मित्रहरु लगायत उपस्थित सबैमा लोक सेवा आयोगको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

स्थापनाकालदेखि हालसम्म आयोगले आफ्ना काम कारवाहीहरुलाई योग्यता, स्वच्छता तथा निष्पक्षतामा आधारित तुल्याउन र समावेशी बनाउन अनेकौं कठिन मोडहरु समेत पार गर्नुपरेको इतिहास हाम्रा सामु जीवन्त रहेको छ । अनेकौं बाधा, अड्चन, उकाली र ओराली व्यहोर्दै आज आयोग नेपाली नागरिकको विश्वास आर्जन गर्न सफल रहेको छ । आयोगलाई योग्यता, निष्पक्षता र स्वच्छताको प्रतीक बनाउन योगदान पुऱ्याउनु हुने सबै महानुभावहरुलाई यस घडीमा म उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु ।

आयोगका पूर्वपदाधिकारी, कार्यसम्पादनमा संलग्न कर्मचारी, विषयगत विज्ञ एवं आम नागरिकहरुको विश्वास र भरोसाको आडमा आयोग उत्साहकासाथ अघि बढिरहेको छ ।

सम्माननीय राष्ट्रपतिज्यूको गरिमामय समुपस्थितिले हाम्रो उत्साहलाई अझ उच्च बनाएको छ भने सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिबाट आयोगले गौरवान्वित महसुस समेत गरेको छ ।

आयोगलाई अझ बढी स्वच्छ, निष्पक्ष र पारदर्शी ढङ्गले योग्यता प्रणालीको संरक्षकको रुपमा नेपाली नागरिकको माझ स्थापित गर्न सदा झैं यहाँहरुको सहयोग समन्वय र सुझावको लागि आयोगको तर्फबाट हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा, यस कार्यक्रममा समय दिई सहभागी हुनु भएकोमा उपस्थित सबै महानुभावहरुमा पुनः एक पटक हार्दिक स्वागत गर्दछु । धन्यवाद ।

### (ज) आयोगको ६६ औं वार्षिकोत्सवको अवसरमा आयोगका माननीय सदस्य डा. गोविन्द प्रसाद कुसुमज्यूले प्रस्तुत गर्नुभएको धन्यवाद मन्तव्य

*सम्मानीय राष्ट्रपतिज्यू,*
*सम्माननीय प्रधानमन्त्रीज्यू,*
*राज्यव्यवस्था समितिका माननीय सभापतिज्यू,*
*संवैधानिक निकायका माननीय अध्यक्ष, प्रमुख आयुक्त र प्रमुखज्यूहरु,*
*नेपाल सरकारका मुख्य सचिवज्यू,*
*प्रधान सेनापतिज्यू,*
*संवैधानिक निकायका माननीय आयुक्त र सदस्यज्यूहरु,*
*नेपाल सरकारका सचिवज्यूहरु,*
*सुरक्षा निकायका प्रमुखज्यूहरु,*
*लोक सेवा आयोगका पूर्व अध्यक्ष तथा पदाधिकारीज्यूहरु,*
*सञ्चारकर्मी मित्रहरु,*
*विशिष्ठ अतिथि गण ।*

लोक सेवा आयोगले विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो ६५ औं वर्षको निष्ठापूर्ण अविचलित यात्रा पूरा गरी आजैदेखि ६६ औं वर्षको सिंढीमा प्रवेश गरेको छ । आजको दिन आयोगका लागि अविष्मरणीय र ऐतिहासिक दिन हो । अविष्मरणीय र ऐतिहासिक हुनुको पहिलो कारण हो, २००८ साल असार १ गतेका दिन विधिवत

रुपमा सरकारी कर्मचारीको छनौट र कर्मचारीबारे परामर्श दिने कार्यका लागि आयोगको स्थापना भएको थियो । जसको ६६ औं वार्षिकोत्सव आज मनाउँदैछौं । दोस्रो कारण हो, इतिहासमा पहिलोपटक हामीले सम्माननीय राष्ट्रपतिज्यू र सम्माननीय प्रधानमन्त्रीज्यूलाई लोक सेवा आयोगको आफ्नै आँगनमा स्वागत गर्ने शुभ अवसर पायौं । यो अवसर प्राप्तीले हामीमा थप उत्साह जागृत गराएको छ । हामीमा थप उर्जा प्रवाह भएको छ ।

आयोगको स्थापना राणा निरंकुशतन्त्रको अवसान र बहुदलीय प्रजातन्त्रको उदयसँगै भएकोले लोकतन्त्रलाई बलियो पार्न र समृद्ध बनाउने सन्दर्भमा आयोगको संवेदनशील अपनत्व गाँसिएको छ । नयाँ सार्वजनिक सेवा (New Public Service) को मूल उद्देश्य प्रत्येक नागरिकको घर दैलोमा लोकतन्त्रको प्रवाह Delivery of Democracy गर्नु रहेको र यो कार्य राज्यको चौथो शक्ति Fourth Power को रुपमा रहेको Bureaucracy बाट हुने गर्छ । लोकतन्त्रको प्रवाहलाई राजनीतिक कोण र भाषामा भन्दा पनि आम नागरिकलाई राज्यले प्रवाह गर्ने सेवा, सुविधा र उनीहरुको आवश्यकताको पूर्तिमा फलदायी संलग्नताको अर्थमा बुझ्नुपर्छ । यसो भन्नुको अर्थ हो, व्यूरोक्रेसीमा कार्यरत सम्पूर्ण जनशक्ति योग्यता, दक्षता र नागरिक प्रतिको जिम्मेवारी जस्ता क्षमताले भरिएको हुनैपर्छ । त्यस्तो जनशक्ति छनौट गरी पठाउने काम लोक सेवा आयोगको हो । यो काम चुनौतिपूर्ण भए पनि आयोगले आफ्नो निष्ठा र पवित्रतालाई कायम राख्दै योग्यता प्रणालीमा आधारित छनौट पद्धति अवलम्बन गरेको छ । शुद्धता, स्वच्छता र निष्पक्षता आयोगका आधारहरु हुन् । यसको माध्यमबाट योग्य मध्ये अति योग्य उमेदवारको छनौट गरी निजामती सेवा लगायतका अन्य सेवामा माग बमोजिमको संख्यामा सिफारिश गर्ने कार्य आयोगले गर्दै आएको छ ।

संविधान निर्माताज्यूहरुले आयोगलाई विश्वास गरेर निजामती सेवाको सिमित दायराबाट सार्वजनिक सेवाको वृहत्तर दायराको कार्य क्षेत्र सुम्पिनु भएको छ । हामीलाई थाहा छ, यो जिम्मेवारी सानो होइन । आयोगको कार्यलाई निष्पक्षता र सक्षमतापूर्वक निर्वाह गर्ने प्रयोजनका लागि सरकारबाट प्राप्त सहयोग, विषय विज्ञ महानुभावहरुबाट प्राप्त सेवा र शुभचिन्तकहरुबाट प्राप्त शुभेच्छाहरुले हाम्रा काँधहरु दरिला र बलिया भएका छन् । संघीय संरचना अन्तर्गत सार्वजनिक प्रशासनको जनशक्ति छनौट गर्ने लगायतका परामर्शकारी र अर्धन्यायिक जिम्मेवारीहरु समेत यी काँधहरुले सहजै बोकेर गन्तव्यसम्म पुऱ्याउन सक्छन् भन्नेमा हामी विश्वस्त छौं ।

आजको यस शुभ अवसरमा हाम्रो आमन्त्रणलाई सहर्ष स्वीकार गरी सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यू आयोगको यस कार्यक्रममा उपस्थित भएर समुच्चा आयोगको हौसला बढाई दिनु भएको छ । जस्तोसुकै घडीमा पनि अविचलित भई संवैधानिक दायित्व र कर्तव्य पूरा गर्नका निम्ति दिनुभएको मार्ग निर्देशनले हाम्रो मनोवल बढेको छ । आयोगका तर्फबाट सम्माननीय राष्ट्रपतिज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

आफ्नो अति व्यस्त कार्यक्रमका बाबजुद पनि सम्माननीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओलीज्यू हाम्रो आमन्त्रणलाई स्वीकार गरी यहाँ उपस्थित भएर यस कार्यक्रमको गरिमा बढाइदिनु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू प्रति भित्रै हृदयदेखि धन्यवाद ज्ञापन गर्दछु र आयोगले गरेका कामहरुको सरहाना गर्दै स्वच्छ, सक्षम र जनमुखी सार्वजनिक सेवा निर्माणका सम्बन्धमा व्यक्त गर्नु भएका विचारहरुले हाम्रो मार्ग निर्देशन गरेका छन् ।

व्यवस्थापिका संसद राज्य व्यवस्था समितिका माननीय सभापति श्री दिल बहादुर घर्तिज्यूको उपस्थिति र उहाँले व्यक्त गर्नु भएको विचारले आयोगलाई आफ्नो कार्यमा अझै निष्ठापूर्वक लाग्न उत्प्रेरित गरेको छ । यसका निम्ति माननीय सभापतिज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्षज्यू, निर्वाचन आयोगका माननीय का. वा अध्यक्षज्यू, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका मा.का.वा. अध्यक्षज्यू लगायत संवैधानिक निकायका प्रमुखज्यूहरुको आगमनले कार्यक्रमको भव्यता बढेको छ । उहाँहरु सबैलाई मनैदेखि धन्यवाद ज्ञापन गर्दछु ।

मुख्य सचिव डा. सोमलाल सुवेदीज्यू, प्रधानसेनापति महारथी श्री राजेन्द्र क्षेत्रीज्यू, संवैधानिक निकायका सदस्य र आयुक्तज्यूहरु प्रति आभार व्यक्त गर्दछु । उहाँहरुको उपस्थितिले कार्यक्रमलाई सफल बनाउन ठूलो मद्दत मिलेको छ ।

यसैगरी विभिन्न मन्त्रालयका सचिवज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यूहरुलाई यस अवसरमा विशेष धन्यवाद ज्ञापन गर्दछु । आयोगका पूर्व अध्यक्ष र पदाधिकारी एवं आदरणीय अग्रजहरु जसले आयोगको गरिमालाई उच्च बनाई राख्न सदैव प्रयत्नशील रहनु भयो उहाँहरु सबैलाई हार्दिक धन्यवाद ।

यसैगरी सार्वजनिक सेवाको विभिन्न पदमा कार्यरत आमन्त्रित राष्ट्रसेवक महानुभावहरुप्रति आभार प्रकट गर्दछु । लोक सेवा आयोगको काम, कर्तव्यबारे समाचारको माध्यमबाट हामीलाई घच्घच्याउने र आम नागरिकमा सूचना प्रवाह गर्ने गहनतम जिम्मेवारी बोकेका पत्रकार सञ्चारकर्मी मित्रहरुप्रति दिलैदेखि आभार व्यक्त गर्दछु ।

साथै अन्य आमन्त्रित महानुभाव र यो कार्यक्रमलाई सफल पार्न परोक्ष-अपरोक्ष सहयोग गर्नुहुने सबै महानुभावहरुलाई यथोचित हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा पुनः सम्माननीय राष्ट्रपतिज्यू र सम्माननीय प्रधानमन्त्रीज्यूप्रति हृदयदेखि कृतज्ञता ज्ञापन गर्दै विदा हुन्छु । धन्यवाद ।

### (झ) सम्माननीय राष्ट्रपतिज्यूबाट आयोगका उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कार वितरण

लोक सेवा आयोग ऐन, २०६६ मा आयोगको केन्द्रीय तथा अन्य कार्यालयमा कार्यरत कर्मचारीहरु मध्ये प्रत्येक वर्ष उत्कृष्ट काम गर्ने तीन जना कर्मचारीको छनौट गरी आयोगले तोके बमोजिमको नगद पुरस्कार दिन सक्ने व्यवस्था अनुसार प्रत्येक वर्ष त्यस्ता कर्मचारीहरु छनौट गरी वार्षिकोत्सव समारोहमा पुरस्कार प्रदान गर्ने गरिएको छ । यस वर्ष देहायका कर्मचारीहरु पुरस्कारका लागि छनौट हुनुभएको थियो । छनौट हुनुभएका कर्मचारीहरुलाई सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीबाट प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गरियो ।

१. श्री मणिरत्न बज्राचार्य, लेटर प्रेस सुपरभाइजर, लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर ।

२. श्री कल्याणी सिंह, टाइपिष्ट नायव सुब्बा, लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर ।

३. श्री शेरबहादुर चौधरी, लोक सेवा आयोग, कार्यालय सहयोगी, राप्ती अञ्चल कार्यालय, दाङ




*लोक सेवा आयोगको ६६ औं वार्षिकोत्सव समारोहमा आयोगबाट पुरस्कृत हुने उत्कृष्ट कर्मचारीहरु क्रमशः दायाँबाट टाइपिष्ट नायब सुब्बा श्री कल्याणी सिंह, लेटर प्रेस सुपरभाइजर श्री मणिरत्न बज्राचार्य, कार्यालय सहयोगी श्री शेरबहादुर चौधरी*

### (ञ) सम्माननीय राष्ट्रपतिज्यूबाट आयोगको प्रतीक चिन्ह (Logo) सार्वजनिक

आयोगको ६६ औं वार्षिकोत्सव समारोहमा सम्माननीय राष्ट्रपतिले आयोगको प्रतिक चिन्ह (Logo) सार्वजनिकीकरण गर्नुभयो । उक्त प्रतिक चिन्ह निर्माणको लागि खुला प्रतिस्पर्धाबाट आव्हान गरिएकोमा डिजाइनर श्री माधवप्रसाद रेग्मीले डिजाइन गर्नुभएको प्रतिक चिन्ह दक्ष/विज्ञ समेत रहेको छनौट समितिबाट स्वीकृत भएको थियो ।

लोक सेवा आयोगको प्रतिक चिन्ह (Logo) र सो को व्याख्या यस प्रकार रहेको छ :

## लोक सेवा आयोगको प्रतीक चिन्ह (लोगो)

**लोक सेवा आयोगको प्रतीक चिन्ह (लोगो) को व्याख्या**

१) आकार : यो प्रतीक चिन्ह गोलाकार रहेको छ ।

२) संस्थाको नामः पहिलो गोलाकारभित्र माथि नेपालीमा लोक सेवा आयोग र तल अंग्रेजीमा Public Service Commission, Nepal लेखिएको छ ।

३) दोस्रो (भित्री) गोलाकारभित्र मुख्य प्रतीक चिन्ह रहेको छ। (अग्र भाग, Front face)

- प्रतीक चिन्हको सबैभन्दा माथि नेपालको झण्डा रहेको छ । जसले यो प्रतीक चिन्ह नेपाल देशको हो र उक्त देशभित्र रहेको संस्था लोक सेवा आयोग हो भन्ने कुरा प्रष्ट बनाउँदछ ।
- झण्डाको ठीक मुनिको प्रतीक दाँयाबाँया अर्धमुदित नयन रहेको छ। यसले यस संस्थाले गर्ने कार्य निष्पक्ष र बौद्धिक हुन्छ भन्ने कुरा देखाउँछ।
- तीन तीनवटा पत्र दायाँ र बाँया खुल्ला भएको फिक्का निलो रंगको प्रतीकले
  - लोक सेवा आयोगले गर्ने मुख्य तीन कार्यहरु स्पष्ट गर्दछ जस्तैः विज्ञापन प्रकाशित गर्नु, परीक्षा सञ्चालन गर्नु र सिफारिस गर्ने कार्यलाई प्रतिनिधित्व गर्दछ र यो एक फक्रेको फूलको रुपमा रहेको छ ।
  - यस प्रतीकलाई खुला किताबको रुपमा ज्ञान आर्जन गर्ने मुख्य साधन र यसबाट आर्जित ज्ञान नै परीक्षार्थीहरुले परीक्षाको समयमा स्वस्फूर्तरुपमा व्यक्त गर्ने गर्दछन् भन्ने भावनालाई व्यक्त गर्दछ ।
- प्रतीकभित्रको कालो रंगको तीनपाटा (तीनतिर फर्केको) भएको पिरामिड आकारको प्रतीक चिन्ह रहेको छ र यसमा तीनपाटाले लोक सेवा आयोगले विज्ञापन मार्फत् आव्हान गर्ने कार्यक्षमता एवं कार्यदक्षता बढुवा (फाईल बढुवा), आन्तरिक प्रतियोगिता र खुला प्रतिस्पर्धा मार्फत् योग्य उमेदवारलाई माथिल्लो दर्जामा पुग्न योग्यता परीक्षण सम्बन्धी कार्य गर्दछ । प्रतीकले बिना योग्यता उक्त कुरा प्राप्ति हुँदैन भन्ने व्याख्या गर्दछ ।
- पिरामिड आकारको प्रतीक चिन्हभित्र छ वटा खुट्किलोको आकार तानिएका छन् । छ वटा धर्काको अर्थ लोक सेवा आयोगले विज्ञापन गर्ने प्राविधिक एवं अप्राविधिकतर्फका ६ श्रेणी (श्रेणीविहीन, खरिदार वा सो सरह, नायब सुब्बा वा सोरह, शाखा अधिकृत वा सो सरह, उपसचिव वा सो सरह र सहसचिव वा सो सरह) समावेश गरिएको छ। श्रेणी विभाजनको जानकारी एक सोपानको रुपले प्रस्तुत गर्दछ।
- पिरामिड आकारको प्रतीक चिन्हमाथि चुरा लगाएको महिलाको हात र पुरुषको हात प्रतीक चिन्हमा रहेको छ। चुरा लगाएको हातले महिला र खाली रहेको हातले पुरुष जनाउँदछ र यसले लोक सेवा आयोगको मुख्य कार्य (परीक्षा प्रणाली) मा सहभागी हुने उमेदवारहरुको समावेशीतालाई व्यक्त गर्दछ।
- महिला र पुरुषको हातमा रहको बलेको दियो आकारको प्रतीक रहेको छ। यस प्रतीकले चौतर्फि ज्ञानको ज्योति छर्ने भन्ने अर्थ राख्दछ।
- बलेको दियोमा ज्वालाको रुपमा रहेको कलमको निब आकारको प्रतीक चिन्हले परीक्षार्थीले आर्जन गरेको ज्ञान व्यक्त गर्ने साधनको रुपमा दर्शाएकोछ।

**(ट) आयोगको ६६ औं वार्षिकोत्सवको सन्दर्भमा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखरचनाहरु**

# लोकसेवा आयोग

पत्र संख्या : प्र. ०७२/७३
चलानी संख्याः

अनामनगर, काठमाडौं
नेपाल

## लोकसेवा आयोगको ६६ औं वार्षिकोत्सवको उपलक्ष्यमा अध्यक्ष उमेशप्रसाद मैनालीले व्यक्त गर्नुभएको प्रतिबद्धता



लोक सेवा आयोगले आफ्नो ६५ वर्षको लामो यात्रा पूरा गर्दै ६६ औं वर्षमा प्रवेश गरेको छ। यस उपलक्ष्यमा यस संस्थालाई निष्पक्षता, स्वच्छता र योग्यता प्रणालीको धरोहरको रूपमा हेर्ने सम्पूर्ण श्रद्धेय नेपाली नागरिकहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। नेपाली नागरिकहरूको यही अटुट आस्था र विश्वास नै आयोगको ठूलो पूँजी हो। आयोगले त्यत्तिकै यो जनविश्वास आर्जन गरेको होइन, यसमा आयोगका अग्रज पदाधिकारीहरू र कर्मचारीहरूको सिर्जनात्मक योगदान, लगन र पसिना बगेको छ। उनीहरूले थपेका एक-एक इट्टाले नै यो संस्था योग्यता प्रणालीको मन्दिरको रूपमा खडा भएको छ। यिनै अग्रजहरूप्रति कृतज्ञता ज्ञापन गर्दै आयोगलाई सदैव आफ्नो विशेषज्ञताद्वारा सहयोग गर्ने 'लोक सेवाका मित्रहरू' प्रति आभार व्यक्त गर्न चाहन्छु।

आजको दिनलाई हाम्रा अतितबाट शिक्षा लिने, वर्तमानको लेखाजोखा गर्ने र भविष्यको लागि सङ्कल्प र प्रतिवद्धता व्यक्त गर्ने अवसरको रूपमा लिन सके मात्र दिवस मनाउनुको सार्थकता रहन्छ। आयोगको गौरवपूर्ण विगत छ। आफ्नो ६५ वर्षे लामो जीवनमा यसले राजनीतिको किचलो र आग्रह, पूर्वाग्रहको झेली खेलबाट आफूलाई पृथक राख्न सकेको छ। निरङ्कुश निर्दलीय पञ्चायती व्यवस्थामासमेत आयोग योग्यता प्रणालीमा राजनीतिको प्रवेश रोक्न सफल भएको थियो। त्यस्तै यिनै अग्रजहरूले विकसित गरेका दोहोरो सङ्केत र द्विअन्ध व्यवस्था आयोगको मुटु र प्राण जस्तै भएका छन्। अहिलेसम्म पनि यस प्रणालीले परीक्षाको गोपनीयता र विश्वसनीयता कायम राख्न सफल भएको छ। यिनै अग्रजहरूले निर्माण गरिदिएको मार्गलाई स्तरोन्नति गर्दै आयोग आफ्नो अविचलित यात्रामा छ।

नेपालको संविधानले लोक सेवा आयोगको क्षेत्राधिकारमा पनि विस्तार गरिदिएको छ। निजामती सेवाबाहेकको नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र अन्य सरकारी सेवालगायत नेपाल सरकारको पचास प्रतिशतभन्दा बढी जायजेथा रहेको सङ्गठित संस्थाको लिखित परीक्षा लोक सेवा आयोगले लिने प्रावधान थप गरिएको छ। नेपाल सरकारबाट निवृत्तिभरण पाउने कुनै पनि पदमा लोक सेवा आयोगको परामर्श बेगर नियुक्ति गर्न नपाउने प्रावधान राखिएको छ र परामर्श दिने भूमिका पनि संविधानले विस्तार गरिदिएको छ। आयोगलाई विश्वास गरेर भूमिका विस्तार गरिदिएकोमा संविधान सभाका सदस्यहरूप्रति आयोग आभार व्यक्त गर्दछ। थपिएको जिम्मेवारी वहन गर्ने काम चुनौतीपूर्ण भए पनि यी संवैधानिक भूमिका पूरा गर्न आयोग अझ बढी सक्रियता पूर्वक लाग्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

आयोगको जिम्मेवारी बढेको त छँदैछ, यसले संपादन गर्नुपर्ने कामको मात्रात्मक, गुणात्मक तथा प्रविधि र प्रकृतिमा पनि व्यापक परिवर्तन आएको स्थिति छ। एकातिर शीघ्र परिवर्तनशील प्रविधिसँग हातेमालो गर्दै अघि बढ्नु पर्ने र अर्कोतर्फ संस्थाको पवित्रता र गोपनीयता कायम राख्नु पर्ने हुन्छ। यस बाहेक अहिलेसम्म मानिदै आएका योग्यताका आधारहरू पनि अहिलेको प्रतिस्पर्धात्मक वातावरण, शासन सुशासनका बदलिँदो मान्यता, कर्मचारीतन्त्रका शैली र आचरणका विषयमा बदलिएको अवधारण, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका नवीन मूल्य मान्यताले गर्दा परीक्षणका विधिहरूमा आमूल परिवर्तन गर्नै पर्ने भएको छ। लोक सेवा आयोग यिनै परिवर्तनका लागि प्रयासरत छ। गत वर्षको चैत्रदेखि आयोगले अनलाइन प्रविधि लागू गरेको छ। उच्चतहका पदहरूका परीक्षार्थीको उत्तरपुस्तिका दुई जाना परीक्षकबाट जचाउने गरिएको छ। सार्वजनिक संस्थानको लिखित परीक्षा आयोगले लिन शुरू गरेको छ र अहिलेसम्म झण्डै एक दर्जन संस्थानहरूको लिखित परिक्षा सम्पन्न भइसकेको छ। अहिलेसम्म मोटर बाटो नपुगेको डोल्पा र हुम्ला सदरमुकाममा र परीक्षार्थीहरू बढी भएको लाहानमा यसै वर्षदेखि थप परीक्षा केन्द्र खोली यी भेगका उम्मेदवारहरूलाई राहत दिएको छ। यसबाहेक पाठ्यक्रम र परीक्षा प्रणालीमा समयानुकूल परिवर्तन गर्दै लगिएको छ।

परिक्षण विधिमा समयानुकूल परिमार्जन गर्दै नेतृत्व तहका सहसचिव जस्ता पदहरूमा लिइने जाँचलाई बढी वैज्ञानिक बनाउन योग्यताका विविध तत्वहरू नेतृत्व क्षमता, निर्णय क्षमता, पूर्वानुमान नगरिएको आकस्मिक परिस्थितिमा काम गर्न सक्ने खुबी, सिर्जनात्मक क्षमतालगायत विविध मनोवेगात्मक र मनोवैज्ञानिक स्थितिको मूल्याङ्कन गरिने मूल्याङ्कन केन्द्र विधि (एसेस्मेन्ट सेन्टर मेथोडोलजी) अलम्बन गर्ने तयारी भइरहेको छ। यी सबै जिम्मेवारी पूरा गर्न कानुनी, सङ्गठनातमक अन्य आवश्यक पूर्वाधार तयार पार्ने प्रयास भइरहेको छ। यसका लागि लोक सेवा आयोग ऐनको विधेयक मस्यौदा तयार भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विचाराधीन छ। थपिएको भूमिका निभाउन सङ्गठन पुनर्संरचना गर्नका लागि ओ. एण्ड एम, सर्भेको काम सम्पन्न भएको छ। यी पूर्वाधार तयार भएपछि आयोगले नयाँ जिम्मेवारी प्रभावकारीरूपमा सम्पन्न गर्न सक्षम हुनेछ। अहिले भने भएको पूर्वाधार र जनशक्तिले एनकेन सङ्क्रमणकालीन व्यवस्थापन गर्दै आएको छ।

सार्वजनिक सेवाको गुणस्तरले देशको सुशासनमा असाधारण प्रभाव पार्ने हुन्छ। भर्ना र छनोट यस्तो महत्वपूर्ण चरण हो जसले सरकारी सेवाको स्वर, शक्ति र सक्षमता निर्धारण गर्दछ। कर्मचारीतन्त्रको यो मुहानबाट नै योग्यतामा व्यक्तिको प्रवाह हुनुपर्दछ। जसले सम्पादन गर्ने कामको गुणस्तरमा प्रशंसनीयरूपमा सुधार गर्न सकियोस। लोक सेवा आयोग छनोट प्रक्रियामा योग्यता प्रणालीको सुनिश्चितता कायम गर्ने सङ्कल्प गर्दछ। सरकारी सेवा उत्कृष्ट प्रतिभाहरूका लागि हो र यसमा असक्षम र सुस्तहरूको रजाइँ हुनुहुन्न। निष्पक्षता स्वच्छता र योग्यता प्रणालीको संरक्षण र संवर्द्धन गर्दै आयोग अन्य संस्थाहरूका लागि समेत उदाहरण बन्न सक्नुपर्दछ। हामी आयोगका पदाधिकारीहरू यस दिनमा यही सङ्कल्प गर्दछौं।

उमेशप्रसाद मैनाली
अध्यक्ष

(गोरखापत्र दैनिक, प्रकाशित मितिः २०७३/३/१)



प्राथमिकताको आधारमा हरेक क्षेत्रका लागि बजेट विनियोजन भएको छ।
- केपी शर्मा ओली
प्रधानमन्त्री

गोरखापत्र
विचार/विवेचना
■ २०७३ साल असार १ गते बुधबार 2016 June 15 Wednesday ■ ७

राष्ट्रिय सञ्चार नीति २०७३ लागू भएपश्चात् सञ्चार माध्यम अझै बढी उत्तरदायी, मर्यादित र जिम्मेवार बन्ने छन्।
- शेरधन राई
मन्त्री, सूचना तथा सञ्चार



# पवित्रता र गोप्यता नै लोकसेवाको मुटु र आत्मा हुन्

*- उमेशप्रसाद मैनाली*




**सरकारी सेवा प्रवेशका लागि एकमात्र विश्वासका रुपमा स्थापित लोकसेवा आयोग आजबाट ६६ वर्ष प्रवेश गर्दैछ। कार्यक्षेत्रमा विश्वसनीयता, निष्पक्षता, गोपनीयतालाई प्रतिकूल परिस्थितिमा पनि डुगमगाउन नदिएको कारण आयोगलाई वर्तमान संविधानले निजामती सेवाबाहेक सुरक्षा निकाय र सङ्गठित संस्थाका लागि आवश्यक पर्ने कर्मचारीका लागि लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारीसमेत सुम्पिएको छ। परीक्षण विधिलाई थप वैज्ञानिक बनाउन 'एसेस्टमेन्ट सेन्टर' प्रणाली लागू गर्ने तयारी गरिरहेको आयोग सबैको पहुँचमा पुग्नका लागि प्रविधिमैत्री बन्दै गइरहेको छ। अब सेवा प्रवेशका लागि निर्धारण गरिने शैक्षिक योग्यता, पाठ्यक्रम, सङ्घीय लोकसेवा र छनोट प्रक्रियाबारे आयोगका अध्यक्ष उमेशप्रसाद मैनालीसँग गोरखापत्रका उपसम्पादकद्वय करुण अर्याल र शम्भु प्रसाईले गर्नुभएको कुराकानीको सारसंक्षेप।**

**• लोकसेवा आयोग ६५ वर्ष पूरा गर्दा यसको संस्थागत बिकास कहाँ पुगेको छ ?**

गोरखापत्रजस्तो विश्वसनीय, पुरानो र धेरै वितरण पहुँच भएको राष्ट्रिय मिडियाबाट म के भन्न चाहन्छु भने लोकसेवा अयोगले स्थापनाकालदेखि नै धेरै उतार चढावको सामना गरेको छ तर हामी निष्पक्षता, तटस्थता, गोपनीयता र विश्वसनीयताबाट अलिकति पनि विचलित भएका छैनौं। वि.सं. २००८ मा स्थापना भएको यो संस्थालाई २०१७ सालमा राजा महेन्द्रले राजनीतिक पुनर्गठन गर्ने नाममा निलम्बन नै गरे तर निष्पक्षता, गोपनीयता, योग्यता प्रणालीजस्ता आदर्शहरूलाई जस्तोसुकै प्रतिकूल अवस्थामा पनि हाम्रा अग्रजले जोगाएर राख्न सफल हुनुभयो र हामी अहिले यहाँ छौं। लोकसेवाको यो साखका लागि अग्रजहरूले एक एक ईंटा थपेर जनताको विश्वास आर्जन गरेको हो। त्यसकारण लोकसेवाको निष्पक्षतालाई विश्वास गर्ने सम्पूर्ण नेपाली नागरिकलाई ६६ औं वार्षिकोत्सवका अवसरमा म आभार व्यक्त गर्दछु।

२०२३ सालपछि आयोगलाई संस्थानमा कर्मचारी भर्ना गर्ने अधिकार दिइयो, त्यसपछि २०३२ सालको संशोधनमा यसको अधिकार झिकेर सामान्य सिद्धान्त बनाउनेमा मात्र सीमित गरियो। २०४७ सालको संविधानमा संस्थानको पूरै अधिकार झिकियो र यसलाई निजामतीमा मात्र सीमित गरियो। २०६३ सालको अन्तरिम संविधानले सुरक्षा निकाय र अन्य सार्वजनिक निकायको कर्मचारी भर्ना तथा बढुवामा सामान्य सिद्धान्त बनाउने अधिकार थप गरिदियो र हालको संविधानले लोकसेवा आयोगलाई साँच्चिकै लोकसेवाको रूपमा स्थापित गरिदिएको छ।

**• वर्तमान संविधानले आयोगको क्षेत्राधिकार कति फराकिलो पारेको छ ?**

व्यापक विस्तार। पहिले हामी निजामती सेवाका कर्मचारीहरूको नियुक्तिका लागि मात्र परीक्षा सञ्चालन गर्ने, सेवा सर्तसम्बन्धी कानुनहरू निर्माण गर्दा परामर्श दिने र कर्मचारीलाई गरिने विभागीय कारबाहीका लागि परामर्श दिने काममा सीमित थियौं। यसबाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र अन्य सरकारी सेवाका लागि बढुवा र भर्ना गर्दा लोकसेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ ले थप गरिदिएको थियो। साथै सुरक्षा निकायमा उनीहरूको ऐनले व्यवस्था गरेबमोजिम, पदपूर्ति समितिमा लोकसेवा आयोगको संलग्नता हुने गरेको थियो। ती निकायको परीक्षामा नेपाली सेनाबाहेक आपसी समन्वयका आधारमा सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको परीक्षा सञ्चालनमा लोकसेवा आयोग संलग्न भइरहेको थियो तर वर्तमान संविधानले सुरक्षा निकाय र सङ्गठित संस्थाको लिखित परीक्षा लोकसेवा आयोगले सञ्चालन गर्नेछ भनेर व्यवस्था गरिदियो। सङ्गठित संस्था भन्नाले विश्वविद्यालय सेवा आयोग र शिक्षा सेवा आयोगबाहेक नेपाल सरकारको ५० प्रतिशत वा सोभन्दा बढी जायजेथा भएका, समिति, संस्थान, परिषद्, आयोग, निगम, लिमिटेड, बैङ्कलगायत सबै सार्वजनिक निकायको लिखित परीक्षा लोकसेवाले सञ्चालन गर्ने व्यवस्था गरिदियो, जसले आयोगको क्षेत्राधिकार दोब्बरभन्दा बढी वृद्धि भएको छ।

**• आयोगले अब सुरक्षा निकाय र सङ्गठित संस्थाको लिखित परीक्षा मात्र सञ्चालन गर्ने हो त ?**

होइन, लिखित परीक्षा लोकसेवा आयोगले सञ्चालन गर्नेछ भनेर संविधानले लेख्यो तर अन्तर्वार्ताको बारेमा उल्लेख गरेन। तथापि अन्तर्वार्ताको दायित्वबाट आयोग पन्छिन मिल्दैन, ती निकायको पाठ्यक्रममा हाम्रो भूमिका विस्तार हुन्छ। अन्तर्वार्तामा पनि लोकसेवाको पद्धति अपनाइन्छ।

**• संविधानले आयोगको कार्यक्षेत्र दोब्बर बनाइदियो तर साधन र स्रोत भने उही छ। कसरी सम्भव होला यति धेरै कार्य व्यवस्थापन गर्न ?**

कामको चाप बढेपछि गाह्रो त भएको छ तर सङ्क्रमणकालीन अवस्थामा एकैचोटि पूर्वाधार र जनशक्तिको व्यवस्थापन गर्न गाह्रो हुने भएकाले उपलब्ध स्रोत साधनकै परिचालन गरेर काम गरिरहेका छौं तर अब आयोगले संस्थान समन्वय महाशाखा, सुरक्षा समन्वय महाशाखाजस्ता अलग्गै महाशाखा बनाएर कार्य विभाजन गरी काम सम्पादन गर्नेछ। यसका लागि पूर्वाधार तयार गर्ने, जनशक्ति व्यवस्थापन गर्ने योजनामा आयोग लागेको छ। सङ्क्रमणकालमा दुःख गर्नैपर्छ भनेर यही जनशक्तिको भरमा हामीले दश /बाह्रवटा सार्वजनिक निकायको परीक्षा सञ्चालन गरी नतिजा पनि प्रकाशन गरिसकेका छौं।

**• मुलुक सङ्घीयतामा गइसकेपछि आयोगको भूमिका र कार्यक्षेत्रमा कस्तो प्रभाव पर्छ ?**

सङ्घीय कानुनअनुसार प्रदेश लोकसेवा आयोगको गठन हुन्छ। प्रदेश लोकसेवा केन्द्रको नियन्त्रणमा रहन्न। यद्यपि, प्रदेश लोकसेवा आयोग गठनसँगै सङ्घीय (केन्द्र) लोकसेवा आयोगको कार्यबोझ कम हुन्छ तर प्रदेश लोकसेवा आयोगले पनि लोकसेवा आयोगको गोपनीयता, निष्पक्षता, शुद्धता, निष्कलङ्कताजस्ता विशेषतालाई जोगाई राख्ने विषय निकै चुनौतीपूर्ण हुन्छ। किनभने प्रदेश लोकसेवा आयोगलाई संवैधानिक हैसियत दिइएको छैन। प्रदेश लोकसेवा आयोगलाई पनि संवैधानिक हैसियतको बनाइनु पर्छ भनेर म स्वयंलगायत आयोगका तर्फबाट सभामुखलगायतको ध्यानाकर्षण गराएको हो तर भएन। अब प्रदेश लोकसेवा आयोगको साखलाई जोगाउने गरी कानुन निर्माण गर्नुपर्छ।

**• प्रदेश लोकसेवाको शुद्धता र निष्पक्षतामा प्रश्न खडा हुने अवस्था कसरी आउन सक्छ त ?**

प्रदेशमा गठन हुने लोकसेवा आयोगको संवैधानिक हैसियत नहुने भएकाले त्यो खतरा छ। प्रदेश कानुनअनुसार गठन हुने लोकसेवा आयोगमा कुनै बहुमत प्राप्त राजनीतिक दलले आफ्नो इच्छाअनुसारको कानुन बनाएर लोकसेवा आयोगको अधिकारलाई हस्तक्षेप गर्न सक्छ।

**• वर्तमान अवस्थामा आयोगले के कस्ता चुनौतीको सामना गर्नुपर्ने देख्नु भएको छ ?**

पहिलो चुनौती भनेको आयोगले आफ्नो जनविश्वासको धरोहरलाई भत्किन नदिनु नै हो। आयोगले निष्पक्षतालाई सदैव कायम राख्नुपर्छ। आयोगको मुटु र आत्मा भनेको पवित्रता र गोप्यता हुन्। यी दुई कमजोर भए आयोग निष्पक्ष हुन छोड्छ। बदलिँदो प्रविधि र गोपनीयताबीच तालमेल गर्नु अर्को चुनौती हो।

यसैगरी हामीले अद्‌भूत प्रतिभालाई ठूलो मात्रामा आकर्षित गर्न नसक्नु अर्को चुनौती हो। योग्यताअनुसारको जागिर र राम्रो कमाई नहुने धारणाका कारण त्यस्ता प्रतिभाहरू आयोगसम्म आएका छैनन्। हामीले पनि उनीहरूलाई सरकारी सेवामा बाँच्न सक्ने आधार छ भन्ने धारणा बनाउन सकेका छैनौं। त्यस्ता प्रतिभाले जागिरलाई मौद्रिकरूपमा ननापेर २०/२२ वर्षपछि आफू नीति बनाउने उच्च तहमा पुग्न सकिन्छ भन्ने सोच राख्नु पर्‍यो। त्यस्ता व्यक्तिलाई आकर्षित गर्न सो अनुरूपको वातावरण बनाउनु पर्‍यो। सरकारले पनि त्यस्तै नीति ल्याउनु पर्‍यो।

**• हालको पाठ्यक्रम संशोधन गर्नुपर्ने आवश्यकता छ ?**

सहसचिव तहबाट हामीले पाठ्यक्रम संशोधन गर्ने तयारी गरिरहेका छौं। हामीले अहिले कस्तो क्षमता भएको व्यक्ति सहसचिव हुन्छ भन्ने योजना बनाएका छौं। त्यसको आधारमा लिखित परीक्षाका पाठ्यक्रम र अन्तर्वार्ता हुनुपर्छ। हामीले 'एसिसमेन्ट सेन्टर' तयार गर्नुका साथै 'कम्पिटेन्सी म्यापिङ' भनेर पनि सुरु गरेका छौं। सहसचिव र उपसचिव हुन के कस्तो योग्यता र दक्षता चाहिन्छ भन्ने कुरा यसभित्र पर्छ। यो पद्धतिलाई क्रमशः तल्लो तहसम्म झार्दै लैजाने हो। उपसचिव तहसम्मको उत्तरपुस्तिका दोहोरो परीक्षण गर्ने प्रक्रिया सुरु गरिसकेका छौं। यसलाई चाँडै अधिकृतसम्म झार्ने योजना छ।

**• परीक्षा प्रणालीलाई थप विश्वसनीय बनाउन के कस्ता नवीनतम अभ्यासहरु भएका छन् ?**

परीक्षा प्रणालीलाई अझ विश्वासिलो बनाउन उपसचिव र सहसचिवको परीक्षाका उत्तरपुस्तिकामा दोहोरो परीक्षण विधि सुरु गरिएको छ भने शाखा अधिकृतभन्दा माथिका सबै उत्तरपुस्तिका लोकसेवा आयोगमै परीक्षण गर्ने, घर लान नपाइने पद्धतिको विकास गरिएको छ।

**• छनोट प्रक्रियामा निष्पक्षता र शुद्धता कायम गर्ने विधि के छ ?**

आयोगले लामो समयदेखि केही सिद्धान्त प्रतिपादन गरेको छ, जुन आन्तरिकरूपमा लागू हुन्छ। यसमध्ये पहिलो हो, असंलग्नताको सिद्धान्त। यसैगरी अर्को हो दुई अन्ध प्रणाली। एकले गरेको काम अर्कोले थाहा नपाउने यो प्रणाली आन्तरिकरूपमा नै गोप्य हुँदा थप निष्पक्ष हुन्छ। तेस्रो हो दोहोरो सङ्केतीकरण। यी प्रक्रियाले गर्दा कुनै व्यक्तिले चाहेर कसैलाई पास गराउन सक्दैन। लोकसेवा आयोगमा आकर्षण बढ्नुको कारण पनि यही हो।

**• सामान्य सिद्धान्तका कुरा पनि उठेका छन् नि ?**

सरकारी सेवामा कर्मचारीको पदोन्नति, सेवाका सर्तमा एकरूपता कायम गर्ने उद्देश्यले सामान्य सिद्धान्त बनाउने हो। हामीले यो आफ्नो खुसीले बनाएको नभई संवैधानिक दायित्व पूरा गर्न खोजिएको हो। सबैको लक्ष्य योग्य व्यक्ति नै जाउन् भन्ने नै हो। यसका लागि 'मेरिट'का केही सिद्धान्त छन्, जसमा आयोगले सम्झौता गर्न सक्दैन। सुरक्षा निकायलगायत केही प्राविधिक क्षेत्रका हकमा उहाँहरूको व्यावहारिक समस्या फुकाउन आयोग तयार छ। यो नै अन्तिम रूप होइन। 'भिजन' मात्र आएको हो, 'टेक्निकल' कुरा गर्न बाँकी नै छ।

**• आयोगको क्षमता विस्तारमा राज्यसँग आयोगले केही अपेक्षा गरेको छ कि ?**

अहिलेसम्म राज्यबाट सकारात्मक सहयोग भइरहेको छ। हामी नयाँ परीक्षण प्रविधिमा जाँदै छौं, जुन अलिकति खर्चालु हुन्छ। त्यो अवस्थामा राज्यले अवश्य सोच्ने नै छ भन्ने विश्वास छ। यो प्रविधि भित्र्याएपछि नयाँ आउने जनशक्तिलाई असल बनाउन सहयोग गर्छ। नयाँ जनशक्तिलाई कार्यक्षेत्रमा खटाउने मुहानमा नै असल व्यक्ति प्रवेश गरे सुशासन कायम हुन्छ। पाँच वटा विकास क्षेत्रमा ठूला ठूला परीक्षा हल बनाउन सक्यौं भने व्यवस्थित हुन्छौं। केन्द्रका लागि कमलपोखरीमा केन्द्रीय कार्यालय रहने प्रस्ताव गरेका छौं। सङ्गठन विस्तार भयो भने भोलिलाई समस्या हुन सक्छ भनेर हामीले पूर्वाधारपट्टि पनि ध्यान दिनुपर्नेछ।

**• बदलिँदो समयसँगै शैक्षिक योग्यतामा सुधार गर्ने बेला भएन र ?**

शैक्षिक योग्यताको सुधारको आवश्यकता नभएको होइन तर दूरदराजबाट आउने मानिसको समस्या पनि बुझ्न जरुरी छ। शैक्षिक योग्यतामा सुधार गरे सबै वर्ग र क्षेत्रका मानिसको सहभागिता नहुन सक्छ। अहिले पनि जागिर गर्दै पढ्नेको सङ्ख्या उस्तै छ। शैक्षिक योग्यतासँग आयोगले प्रतिस्पर्धात्मक परीक्षा त लिन्छ नै। शैक्षिक योग्यता मात्र नहेरी पदका लागि प्रतिस्पर्धा गर्न सक्ने छ कि छैन भन्ने हेर्नु पर्छ। शैक्षिक योग्यता परिवर्तन गर्नेबारे अहिले सोचिएको छैन।

**• यहाँको कार्यकालमा लोकसेवा आयोगले प्राप्त गरेका उपलब्धिलाई औंल्याउनु पर्दा ?**

पुर्खाहरूले अघि बढाएको विश्वास, साखलाई संस्थागत गर्दै अघि बढ्ने क्रममा मेरै कार्यकालमा अनलाइन फाराम भर्ने प्रणालीको विकास भएको छ। २००८ सालदेखि परीक्षा केन्द्रको माग गरिए पनि माग पूरा गर्न नसकिएको डोल्पा र हुम्लामा परीक्षा केन्द्र सञ्चालनमा ल्याइएको छ। सहसचिव र उपसचिवका परीक्षामा दोहोरो परीक्षण विधि भित्र्याइएको छ भने शाखा अधिकृतभन्दा माथिका परीक्षार्थीको उत्तर पुस्तिका आयोगमै बसेर परीक्षण गर्ने प्रणालीको सुरुवात गरिएको छ। त्यसैगरी परीक्षार्थीको भीडलाई वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्न खरिदार र नायब सुब्बाको जाँचमा पनि प्रारम्भिक परीक्षा दिनुपर्ने प्राणाली विकास गरिएको छ। योबाहेक अहिले संविधानले जुन जिम्मेवारी लोकसेवालाई दिएको छ यो पनि हाम्रै पहलकदमी र हामीमाथि राज्यले गरेको विश्वासबाट प्राप्त भएको हो।

**• अन्त्यमा केही भन्नु छ कि ?**

नेपाल सरकारको मातहतको निकायले हामीसँग परामर्श लिने तर सोअनुसार काम नगर्ने परिपाटी चित्तबुझ्दो छैन। परामर्श माने पनि हुन्छ नमाने पनि हुन्छ भन्ने अर्थमा लिइन्छ। परामर्श लिएपछि त्यसको सम्मान गर्नुपर्‍यो। संवैधानिक निकायको सुझाव तथा परामर्शलाई औपचारिकतामा मात्र सीमित गरिनु सम्बन्धित मन्त्रालयको कमजोरी हो।■

(गोरखापत्र दैनिक, प्रकाशित मितिः २०७३/३/१)

annapurnapost.com

बुधबार १ अस

# जनताका दैलामा आयोग



डा. गोविन्दप्रसाद कुसुम

## सन्दर्भ : लोक सेवा स्थापना दिवस

२००७ सालको परिवर्तनपछि सरकारी सेवाको लागि आवश्यक पर्ने योग्य र क्षमतावान् कर्मचारी छनोट गर्ने उद्देश्यले २००८ साल असार १ गते स्थापना भएको लोकसेवा आयोगले आफ्नो ६६ औं वार्षिकोत्सव मनाउँदैछ। लामो इतिहास बोकेको आयोगले विभिन्न समयको आरोह-अवरोह पार गर्दै जनताको विश्वास जित्न सफल हुनुलाई जनताका छोराछोरीले आफ्नो योग्यता र क्षमताको उच्चतम प्रदर्शन गरेर सार्वजनिक सेवामा प्रवेश पाउन सक्छन् भन्ने यथार्थलाई व्यवहारमा पुष्टि गरेको अर्थमा बुझ्नुपर्छ। कुनै बेला यस्तो स्थितिको सामना गर्नुपऱ्यो, जब सरकारले आफ्ना भनिएका मान्छेलाई सरकारी सेवामा सोझै स्थायी नियुक्ति गर्न आयोगले अस्वीकार गर्दा एउटा निश्चित समयको लागि आयोगलाई 'सस्पेन्ड' गरेर सरकारले स्थायी नियुक्ति गर्ने काम गरेको थियो। इतिहासमा यस्तो नमीठो घटना भए पनि यसले आयोगको गरिमा अझै उच्च बनायो र राजनीतिक हस्तक्षेपको यहाँ कुनै गुन्जायस रहनु हुँदैन भन्ने मान्यता स्थापित गऱ्यो।

स्वभावैले संवैधानिक निकायहरू बेग्लै अस्तित्व र पहिचान भएका अंग हुन्। उनीहरू आफ्नो कर्तव्य र दायित्व निर्वाहमा स्वतन्त्र छन्। उनीहरू सरकारका विस्तारित हात (एक्सटेन्डेड् ह्यान्डस ) हुन्। संविधानले विशिष्टीकृत गरेका कार्यहरू उनीहरूले निष्पक्ष र स्वतन्त्र भएर कार्यान्वयन गर्छन्, जसले राज्य सञ्चालनका सन्दर्भमा प्रत्यक्ष रूपमा सरकारलाई सहयोग गरिरहेका हुन्छन्।

पउल एप्पलबाई भन्छन्- 'जिम्मेवारी, उत्तरदायित्व र जवाफदेहितामा लोकतन्त्र अडेको हुन्छ।' लोकतन्त्रलाई जिम्मेवार उत्तरदायी र जवाफदेही बनाउन योग्य र सक्षम कर्मचारीतन्त्रको विकास जरुरी हुन्छ। क्षमतावान् र योग्य कर्मचारीहरू भएमा मात्र योग्य र सक्षम कर्मचारीतन्त्रको विकास हुन्छ। यस अर्थमा इमानदार र इन्टिग्रिटी भएका कर्मचारीहरूले मात्र लोकतन्त्रलाई जनताको मनमस्तिष्कमा राख्न सक्छन्, किनकि लोकतन्त्रको प्रवाह कर्मचारीतन्त्रबाट हुनुपर्छ भन्ने मान्यता 'नयाँ सार्वजनिक सेवा' को सिद्धान्तले राख्छ। त्यसैले लोकसेवा आयोगले आफ्नो गरिमा र पवित्रतालाई अझै उच्च बनाउने उद्देश्यले संवैधानिक अधिकारलाई कार्यान्वयन गर्न दुईखम्बे रणनीतिअनुरूप अगाडि आएको छ। पहिलो हो, स्वतन्त्र, निष्पक्ष र स्वस्थ प्रतिस्पर्धाका आधारमा खँदिलो र गुदी भएको कर्मचारीको छनोट र सार्वजनिक सेवामा प्रवेश गरिसकेपछि उनीहरूको सुरक्षा।

आयोगले जनशक्ति बजारमा उपलब्ध भएका उत्तममध्येहरूबाट अत्युत्तम व्यक्तिको छनोट गरेर पठाउने हो। जनशक्ति बजारबाट 'ट्यालेन्ट हन्ट' गर्ने कार्यमा सरकारी नीतिले बाटो खोल्छ। स्वदेशी वा विदेशी विश्वविद्यालयमा पढेर उच्च ग्रेड हासिल गरेकाहरू सरकारी सेवामा आकर्षित हुन सकिरहेका छैनन् भनिन्छ। यसो हो भने यसको खोजी हुनु जरुरी छ।

आयोगलाई संविधान निर्माताहरूले जुन विश्वासका साथ जिम्मेवारी सुम्पेका छन्, ती जिम्मेवारी पूरा गर्न यसले चारवटा पक्षलाई आत्मसात गरेको छ- निष्पक्षता, तटस्थता, स्वच्छता र योग्यता। योग्यतामा आधारित उम्मेदवारको छनोट गर्ने कार्य संवेदनशील छ। निष्पक्षता, तटस्थता र स्वच्छता कायम गर्न विषय विज्ञहरूको सेवा लिएर 'डबल ब्लाइन्ड' पद्धतिमार्फत उम्मेदवारहरूको चयन गर्ने प्रक्रिया अपनाई दोहरो परीक्षण प्रणाली प्रयोग गरी गोपनीयतालाई पहिलो लहरमा राख्दै विभिन्न चरणबाट छनोट गरिन्छ। त्यसैले हिजोका दिनमा अर्थ, गृह परराष्ट्र जस्ता मन्त्रालयमा सम्भ्रान्त र दरबारनिकटका व्यक्तिहरूका नातागोता र नजिकका मान्छेहरू मात्र प्रवेश पाउँथे भन्दै आलोचनात्मक असन्तुष्टि पोखिन्थ्यो। आज दुर्गम क्षेत्र र सामान्य परिवारको व्यक्ति जो आफ्नो विषयमा योग्य र सक्षम छ, उसले सहजै आयोगको परीक्षा अब्बल नम्बरमा उत्तीर्ण गरेर राजस्व, सामान्य प्रशासन समूह तथा परराष्ट्र सेवाको माध्यमबाट सहजै अर्थ, गृह र परराष्ट्रमा अन्य सेवा समूहका मन्त्रालयमा झैँ प्रवेश पाउँछन्। लोकतन्त्रको यो सुन्दरता हो, जसले सदैव योग्यता र निष्पक्षतालाई आधार मानेर कर्मचारीतन्त्रभित्र प्रवेश गर्ने ढोका खोल्छ।

दुर्गम क्षेत्रका व्यक्तिले समेत काठमाडौंका व्यक्तिले सरी निजामती सेवामा प्रवेश गर्नको लागि सहज तरिकाबाट प्रतिस्पर्धा गर्ने अवसर पाउन र सो अवसरबाट कोही पनि वञ्चित नहोऊन् भन्ने उद्देश्यले कर्णाली अञ्चलका हुम्ला र डोल्पा जस्ता दुर्गम जिल्लामा राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणीसम्मको पदको लागि जाँचको केन्द्र पहिलोपटक स्थापना गरी अनलाइन दरखास्त फारामको माध्यमबाट, परीक्षा लिनुले समानतामा आधारित लोकतन्त्रलाई समृद्ध बनाउन टेवा पुगेको छ। आयोगको आँखामा प्रत्येक सम्भावित उम्मेदवार एउटा राष्ट्रसेवक कर्मचारी हो। कुनै सम्भावित उम्मेदवारप्रति अन्याय हुने अवस्था सिर्जना नहोस् भन्नु र सोअनुसारको क्रिया गर्नु लोकतान्त्रिक राज्य व्यवस्थाअन्तर्गत आयोगको कर्तव्य हुन आउँछ। हेक्का राख्नुपर्ने कुरा के छ भने सबै उम्मेदवार छनोटभित्र पर्दैनन्। अत्युत्तम उम्मेदवार मात्र अगाडि आउँछ, छानिन्छ र नियुक्त हुन्छ। यो वास्तविकता आत्मसात गर्नु नै गुणस्तरीय छनोट प्रणालीको सूचक हो, जसले जनविश्वासलाई खँदिलो बनाउन थप भूमिका खेल्दछ। यही आलोकमा, लोकसेवा आयोग आम जनताका आँखाबाट मूल्यांकनको राडारभित्र सदैव परिरहेको हुन्छ। यसै क्रममा संविधान निर्माताद्वारा निजामती र अन्य सरकारी सेवाका अतिरिक्त सरकारको संलग्नता रहेका संस्थाहरूको लिखित परीक्षा लिने संवैधानिक जिम्मेवारी लोकसेवा आयोगलाई सुम्पिएको छ, त्यो आयोगप्रतिको विश्वास हो।

भिन्न किसिमले सक्षम रहेका उम्मेदवारमध्ये दृष्टि र शारीरिक असक्तताको स्थितिमा रहेकाहरूका लागि लिखित परीक्षामा संलग्न अन्य उम्मेदवारहरूलाई निर्धारण गरिएको साविक समयभन्दा अतिरिक्त समय उपलब्ध गराएर सार्वजनिक प्रशासनमा समावेशिता सुनिश्चित गर्ने काममा पहुँच स्थापित भएको छ। प्रस्तुत विषय सकारात्मक विभेदको एउटा माध्यम हो, जसले प्रशासनमा समानताको सँगसँगै समताको आधारमा राज्यले दिन खोजेको समन्यायलाई सहयोग पुऱ्याउँछ।सार्वजनिक प्रशासनले सार्वजनिक सेवाको प्रवाह गर्छ।

सार्वजनिक सेवा जनताको सेवासँग सम्बन्धित हुन्छ। प्रत्येक नागरिकको समग्र रूपलाई जनताको नामबाट बुझ्न सकिन्छ। ती हरेक नागरिक जो राजधानीको पहुँचबाट टाढा छन्, विकट र दुर्गम ठाउँमा बसेका छन् र निजामती वा अन्य सेवामा प्रवेश गर्ने अवसरको खोजीमा छन् वा त्यस्तो अवसरबाट वञ्चित छन्, ती सबैसँग लोकसेवा आयोगको नाता सम्बन्ध गाँसिनुपर्छ। ती दूरदराजका नागरिकले आफ्नो क्षमता र दक्षताका आधारमा लोकसेवाको परीक्षा दिएर निजामती वा अन्य सरकारी सेवामा प्रवेश गर्न पाउनुपर्छ।

यही मान्यताका आधारमा आयोगले साविकका केन्द्र, क्षेत्र र अञ्चलहरूमा स्थापित आयोगका कार्यालयहरूका अतिरिक्त लहान, सिमीकोट र दुनैमा परीक्षा केन्द्र स्थापित गरी परीक्षा सञ्चालन गरेको हो। यसले तराई र हिमाली क्षेत्रका तत्तत् जिल्लाका आकांक्षीहरूको लागि परीक्षा दिन धेरै टाढासम्म जानुपर्ने अवस्था अन्त्य गरेको छ।

केही वर्षयता लोकसेवा आयोगको ढोका छिरेर राज्यको सेवामा निजामती कर्मचारीको हैसियतले प्रवेश गर्नेहरूको संख्या उल्लेख्य रूपमा बढ्दै गएको छ। आर्थिक वर्ष ०६७/६८ मा २,५१,६५१ वटा दरखास्त परेको स्थितिमा पाँच वर्ष भित्रै ०७१/७२ मा सो संख्या बढेर ५,९९,६६८ हुन पुग्यो।

यसलाई दुइटा कोणबाट विश्लेषण गर्नुपर्छ। पहिलो हो, निजी क्षेत्र फस्टाउन नसकेको परिप्रेक्ष्मा, रोजगारको अवसर सरकारी क्षेत्रमात्र हुन पुग्यो। जसले गर्दा बेरोजगार युवा लोकसेवाको ढोकाबाट प्रवेश गर्न खोजे। अर्को हो, कर्पोरेट संस्कृतिको विकास हुन नसक्दा निजी क्षेत्रमा प्रवेश गर्न गाह्रो र प्रवेश गरे पनि जागिरको स्थायित्वको ग्यारेन्टी नहुँदा सरकारी सेवामा प्रवेश गर्न उत्प्रेरित हुने स्थिति। यी दुवै अवस्था आआफ्ना ठाउँमा सही छन्। तर सरकारी क्षेत्रले मात्र रोजगारको अवसर प्रदान गर्छ भन्ने सोच मुलुकको आर्थिक सम्पन्नताको पारामिटरमा राखिनु हुँदैन। यसलाई राज्यको स्वस्थ आर्थिक गतिविधिको लागि राम्रो लक्षण मानिँदैन।

मानव संसाधनको दीर्घकालीन योजनाको अभावले ' जनशक्ति रोलिङ प्लान' हुन सकेको छैन। यसको अभावमा कुन मन्त्रालय र निकायलाई कुन वर्षका लागि केकति संख्यामा केकस्तो योग्यता भएको कर्मचारी चाहिने हो भन्नेबारेमा अध्ययनको अभाव छ। यसले गर्दा कुनै वर्ष पदपूर्ति गर्नुपर्ने संख्या एक हजार हुन्छ भने कुनै वर्ष सातौँ हजार।

यसो हुँदा आयोगलाई लिखित परीक्षा लिनेदेखिका अन्य कार्यहरूको व्यवस्थापन गर्न असजिलो पर्छ। यस्तो स्थितिलाई मध्यनजर राख्दै 'सीपीए' को रूपमा रहेको सामान्य प्रशासन मन्त्रालय र सेवा समूह सञ्चालन गर्ने मन्त्रालयहरूले 'जनशक्ति योजना' बनाउनुपर्छ। आयोगले 'एसेस्मेन्ट सेन्टर' को माध्यमबाट उम्मेदवारको सैद्धान्तिक ज्ञानका अतिरिक्त व्यावहारिक ज्ञान र बानीव्यहोराको अवस्था जाँच्ने योजना गरिरहेको सन्दर्भमा कुन मन्त्रालयको लागि कस्तो क्षमता, दक्षता र योग्यता भएको कर्मचारी चाहिने हो, सो विषय मन्त्रालयगत रूपमै निश्चित गरियो भने मात्र दक्ष र क्षमतावान् उम्मेदवार छनोट गर्न सजिलो पर्नेछ।




> सरकारी क्षेत्रले मात्र रोजगारको अवसर प्रदान गर्छ भन्ने सोच मुलुकको आर्थिक सम्पन्नताको पारामिटरमा राखिनु हुँदैन। यसलाई राज्यको स्वस्थ आर्थिक गतिविधिको लागि राम्रो लक्षण मानिँदैन।

(अन्नपूर्ण पोष्ट, प्रकाशित मितिः २०७३/३/१)

(२) २०७३ साल असार १ गते बुधबार 2016 June 15 Wednesday — विविध — गोरखापत्र

# सन्दर्भ : लोकसेवा आयोग ६६औं वार्षिकोत्सव



## आयोगको कार्यसम्पादनका केही दृश्यहरु

### दरखास्त र सिफारिसको तुलनात्मक अवस्था

आर्थिक वर्ष २०७१/७२ मा रिक्त पदहरुको माग र विज्ञापनसम्बन्धी विवरण

आर्थिक वर्ष २०७१/७२ मा जातजाति अनुसारको दरखास्तसम्बन्धी विवरण

आर्थिक वर्ष २०७१/७२ मा मातृभाषा अनुसारको दरखास्तसम्बन्धी विवरण

आर्थिक वर्ष २०७१/७२ मा विकास क्षेत्र अनुसारको दरखास्तसम्बन्धी विवरण

आर्थिक वर्ष २०७१/७२ मा उमेर समूह अनुसारको दरखास्तसम्बन्धी विवरण

(गोरखापत्र दैनिक, प्रकाशित मितिः २०७३/३/१)

# संघीयतामा लोकसेवाको पुनर्संरचना कसरी ?



किरणराज शर्मा

सम्पर्कका लागि
kiran_...@hotmail.com मा पेश गर्नुहोस्

नेपालको संविधान ०७२ ले सरकारी सेवाबाट संघीय निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको निजामती सेवाको पदबाट संघीय निजामती सेवाको पदमा वा संघीय निजामती सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषय हेर्ने व्यवस्था गरेको छ । यस्तै लोकसेवा आयोगको परामर्श लिनुपर्ने वा नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषय र संघीय निजामती सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था गरिएको छ ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र अन्य संघीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था गरिएको छ । निजामती सेवाको पदबाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने अधिकार आयोगलाई दिइएको छ ।

प्रदेश लोकसेवा आयोगको सन्दर्भमा, प्रदेश लोकसेवा आयोगलाई संवैधानिक सुनिश्चितता दिनुपर्ने, भविष्यमा राष्ट्रिय प्राथमिकता र प्रदेशको सवालबीच कसरी सामञ्जस्य स्थापित गर्ने भन्ने सिद्धान्त तय हुनुपर्छ । प्रदेश आयोगले संघीय आयोगको सिद्धान्त स्वीकार गर्ने, संघीय आयोगको कार्य-प्रक्रियासँग सामञ्जस्य प्रदेश आयोगले अपनाउने, सार्वजनिक प्रशासनका व्यावसायिक मूल्य-मान्यता अपनाउने व्यवस्था मिलाउनुपर्छ ।

समावेशी प्रशासन र विविधता व्यवस्थापनतर्फ एक तहको सुरु प्रवेशमा मात्र अवलम्बन गर्ने व्यवस्था मिलाउने, संघीय र प्रदेश सेवाबीच निश्चित तहमा आवद्धता ल्याउने, कार्यान्वयनमा आउने गरी राजनीतिक तटस्थता अवलम्बन गर्ने जस्ता विधि अवलम्बन गरी वृहत् रूपमा प्रदेश आयोगले तटस्थतापूर्वक हेर्ने दृष्टिकोण अवलम्बन गर्नु वाञ्छनीय हुन्छ ।

भविष्यमा निजामती कर्मचारीले काम गर्नुपर्ने र गर्न सक्नुपर्ने कार्य विवरण, न्यूनतम शैक्षिक योग्यता र अत्यावश्यक चाहिने तालिमजस्ता विषयको मापदण्ड तोकी कार्य विवरणकै आधारमा विज्ञापन प्रकाशन गरी कार्यसम्पादनअनुकूलको मात्र छनोट हुने गरी कार्य विवरणमा आधारित परीक्षा पद्धति लागू गर्नुपर्छ ।

योग्य, इमानदार, नैतिकवान् कर्मचारी छनोट गर्न छनोटपूर्व पृष्ठपोषण विधिको निश्चित व्यवस्था गर्ने, विश्वविद्यालयको रिजल्ट र आयोगको मापबीच तादात्म्य, हजारौं प्रश्न बनाई कम्प्युटरमा चढ्ढाउने परीक्षा दिने, नतिजा आफैं हेर्न पाउने पद्धतिको विकास गर्नुपर्छ । योग्यता नै निजामतीको कुशल कार्यसम्पादनको कडी हुनाले सेवा प्रवेशको सुरु तहमा मात्र समावेशिता अवलम्बन गर्ने परिपाटी विकास हुनुपर्छ । यसैगरी आफ्नो कार्य समग्र निजामती सेवामा सुधार गराउन अनुसन्धानात्मक क्रियाकलापमा पनि जोड, राजनीतिक हस्तक्षेप न्यूनीकरण गर्न उपलब्धिमूलक प्रशासनतर्फ उन्मुख गराउन निजामती सेवा ऐनको परामर्श दिँदा नतिजामूलक र राजनीतीकरण न्यून गर्ने गरी भएको राजनीतिक हस्तक्षेप न्यूनीकरण गर्ने २००९ को विधेयककै जस्ता प्रावधान पनि लागू गर्न सक्नुपर्छ ।

यस्तै अन्तर्राष्ट्रिय अभ्यास हेर्दा आयोगले भविष्यमा रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्ने, योग्यता प्रणाली र समान अवसरबीच तालमेल मिलाउने, संयुक्त राज्य अमेरिकाको जस्तै सुपरीवेक्षण एवं निरीक्षणमार्फत कर्मचारी कार्य अवस्थाको सुधारको वातावरण निर्माण गर्ने र राज्य तहका आयोगले संघ, संघीय आयोगको सामान्य सिद्धान्तलाई स्वीकार गर्ने परिपाटीको विकास गर्नुपर्छ ।

असल व्यक्तिलाई पछ्याउँ अनर्गल आरोप लगाउने, गर्नुपर्ने काम नगर्ने, नगर्नु पर्ने काम गर्ने, नीतिकको कार्यालयको विश्वास नगर्ने तर धाएर, भनेर, सोर्स लगाएर मन्त्री, कर्मचारीलाई भन्न लगाउने परिपाटी व्याप्त भएकाले यसको अन्त्य जरुरी छ । जीवनभर गैरकानुनी कार्य गर्न लगाउने तर बाहिर सुशासनको भाषण गर्ने प्रवृत्तिले छनोट र योग्यतामा आधारित र पूर्ण प्रतिस्पर्धी भए पनि छनोटपछिको कार्य सम्पादनको गुणस्तर, सेवा प्रवाह र नागरिक सन्तुष्टि कहालीलाग्दो हुन पुगेको हो ।

कर्मचारीको हालको प्रवृत्ति हेर्दा लोकसेवा आयोगले शुद्धतापूर्वक छनोट गरेर तत्पश्चात् शुद्धता कायम हुँदो रहेनछ भन्ने ज्वलन्त उदाहरण हाम्रा सामु जीवित छ । यसमा लोकसेवा आयोगजस्ता निकाय अनुसन्धान गर्न सक्षम भई शुद्धताको मियो बन्न सकोस् । आयोगले छनोट गरेका कर्मचारी इमानदार, सच्चरित्रवान् र नैतिकवान् हुँदै देश र जनताको सेवामा जुट्न सकून्, आयोग स्थापना दिवसको अवसरमा यही शुभकामना ।

(शर्मा लोकसेवा आयोगका सहसचिव हुन्)

तपाईंलाई शर्माको विचार कस्तो लाग्यो ? ap<space> पछि आफ्नो प्रतिक्रिया टाइप गरी ३३२४ मा एसएमएस पठाउनुहोस्, प्रतिक्रिया प्रकाशित हुनेछ ।

(नयाँ पत्रिका, प्रकाशित मितिः २०७३/३/१)

# आयोगको परीक्षण विधि



खगेन्द्रप्रसाद सुवेदी

नेपालको संविधान (२०७२) भाग २३ मा लोकसेवा आयोग र उसको काम कर्तव्य र अधिकारबारे व्यवस्था गरिएको छ। नेपालको संविधानको धारा २४३ (२) मा उल्लेख गरिएको जिम्मेवारीअनुसार आयोगले निजामती सेवाका पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अन्य सङ्घीय सरकारी सेवा र सङ्गठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोकसेवा आयोगले सञ्चालन गर्नेछ भनिएको छ। "सङ्गठित संस्था" भन्नाले विश्वविद्यालय र शिक्षकसेवा आयोग बाहेकका पचास प्रतिशत वा सोभन्दा बढी सेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैङ्क, समिति वा सङ्घीय कानुनबमोजिम स्थापित वा सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनुपर्छ भनिएको छ।

कर्मचारी छनोट प्रणाली निष्पक्ष तटस्थ एवं योग्यता प्रणालीमा आधारित भएकोले नै लोकसेवा आयोगलाई यति धेरै सङ्घ संस्था निकायको थप जिम्मेवारी नयाँ संविधानले दिएको हो। आयोग अपनाउने गरेको विधि प्रक्रियाले नै यसलाई निष्पक्ष बन्न सघाएको छ।

आयोगले वर्षभरिको काम कहिले, कहिले गर्ने भनी प्रत्येक वर्षको साउन १ गतेदेखि लागू हुने गरी वार्षिक कार्यतालिका प्रकाशित गर्छ। वर्षभरि कार्यतालिका अनुसार विज्ञापन, लिखित परीक्षा, नतिजा र कर्मचारी सिफारिश गर्ने गर्छ। लिखित परीक्षा दिँदा उम्मेदवारले उत्तरपुस्तिकाको एक भागमा आफ्नो नाम, ठेगाना, रोल नं., दस्तखत, आदि उम्मेदवार चिनिने भागमा जे जति लेख्न निर्देशित गरेको हुन्छ, उक्त खण्ड र उत्तरपुस्तिकाको अर्को भागमा प्रथम कोड नं. राखिन्छ। उक्त कार्यका लागि खटिएको एक अधिकृत टोलीले नाम, नामेसी खण्ड च्यातेर अर्धकट्टी शिल गरी सुरक्षित राख्ने प्रबन्ध गर्छ, जुन प्रथम कोडको अर्धकट्टी हो। त्यसैगरी द्वितीय कोडअन्तर्गत उम्मेदवारको उत्तरपुस्तिका फेरि अर्को जिम्मेवार अधिकृत टोलीलाई द्वितीय कोड नं. राख्न दिइन्छ। उक्त उत्तरपुस्तिकामा नाम, नामेसी हुँदैन, मात्र प्रथम कोड नं. हुन्छ। उक्त प्रथम कोड नजिकै द्वितीय कोड नं. राखिन्छ। निष्पक्षताका लागि उम्मेदवार चिनिने खालको कुनै पनि सङ्केत अनावश्यकरूपमा उत्तरपुस्तिकामा लेख्न, सङ्केत चिन्ह राख्न पाईंदैन।

द्वितीय कोडबाट परीक्षण भइसकेका उत्तरपुस्तिकामा प्रत्येक उत्तरपुस्तिकाको अङ्क दिइएको र पूर्णाङ्क मिलेको छ, छैन, कुनै प्रश्न उत्तर परीक्षण गर्न छुटेको छ कि, कुनै दोहोरो परेको छ कि, छुट्टै जनशक्तिबाट रुजु, चेक जाँच गरेर अन्तिम अवस्थामा सबै कोडमा रहेको कुल प्राप्ताङ्क कम्प्युटरको एक्सेलमा राखी उच्च अङ्कदेखि न्यून अङ्क राखी हेरिन्छ। यसरी उच्चतम अङ्क प्राप्त गर्ने आवश्यक सङ्ख्या राखी प्रयोगात्मक परीक्षा/अन्तर्वार्ताका लागि डिकोड गरी वर्णानुक्रमअनुसार नाम मिलाएर राखी नतिजा प्रकाशन गरिन्छ। सोहीअनुरूप पछिल्लो परीक्षा (प्रयोगात्मक/अन्तर्वार्ता) का लागि सूचना प्रकाशित हुन्छ। यसरी अङ्क थाहा हुनेले नाम थाहा पाउँदैन भने नाम थाहा पाउनेले अङ्क थाहा नपाउने विधि अवलम्बन गरिन्छ। अन्तर्वार्ताका लागि तोकिएको अङ्कको ४० प्रतिशतदेखि ७० प्रतिशतको बीचमा रहेर मूल्याङ्कनकर्ताले अङ्क प्रदान गर्छन्।

लोकसेवा आयोगले आफ्नो संवैधानिक दायित्व निर्वाह गर्ने प्रयोजनार्थ केही कानुनको अधीनमा रही कार्य गर्ने गर्छ। जसमा लोकसेवा आयोग ऐन, २०६६ लोकसेवा आयोग नियमावली, २०६७ र लोकसेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७ आदि रहेका छन्। जसले लोकसेवाको विश्वसनीयता बढाउने दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। ■

(गोरखापत्र दैनिक, प्रकाशित मितिः २०७३/३/१)

# Prez appreciates PSC performance

By A Staff Reporter
Kathmandu, June 15

President Bidhya Devi Bhandari Wednesday said that the Public Service Commission (PSC) had been successful in winning the trust of people.

"It has attracted the citizens to the service of the nation in line with the principles of impartiality and transparency," said President Bhandari while speaking at the 66th anniversary of the PSC in the capital.

The President urged the PSC to upgrade itself bearing in mind the increased attraction the youth towards the government service, rapid development of information technology and rising competition.

"With the nation heading for socio-economic transformations, the central administration has a challenge to make itself efficient, disciplined and responsive. It should foster amicable relations with the people," she said.

President Bhandari unveiled a new emblem of the PSC.

She honoured supervisor Mani Ratna Brajacharya, first class non-gazetted officer Kalyani Singh and office assistant Sher Bahadur Chaudhary for their outstanding performance on duty.

Prime Minister KP Sharma Oli said that the government was putting its best foot forward to hold local, provincial and parliamentary elections within one and half years.

## PSC Marks 66th Anniversary

According to the PM, provincial level election will be held by June 2017 and general election by mid-December. "With this, there will be full-fledged implementation of the statute and the transition will be over."

PM Oli informed that related electoral laws and regulations would be formulated by mid-September and all polls would be completed by mid-December next year.

The PM also expressed his dissatisfaction over the delay in the formulation of House regulation nine months after the new statute was promulgated.

"I urge all sides to be responsible. If the statute or the system fails, no one will be successful," PM Oli said, referring to those trying to misinterpret the statute and topple the government.

"The present government is devoted to effective implementation of the new constitution and bringing prosperity to the nation," he said, adding that the state would stumble if the governance system failed.

The PM expressed his commitment to helping the commission to be more capable and effective. Dil Bahadur Gharti, chairman of the State Affairs Committee under the Legislature-Parliament, asked the commission to devise a new action plan to grow people's faith in civil service.

PSC chairman Umesh Prasad Mainali said that the Commission had been working in a fair manner so that competent persons entered the civil service.

(The Rising Nepal, प्रकाशित मितिः २०७३/३/२)

## आयोगको नयाँ संगठन संरचना लागू

वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधानले लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारको दायरा विस्तृत गरेको छ । निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उमेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य रहि आएकोमा नेपालको संविधानले निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्ने व्यवस्था गरेको छ। साथै नेपाल सरकारबाट निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति नगरिने व्यवस्था समेत रहेको छ । यसबाट आयोगको कार्यक्षेत्रमा उल्लेख्य रुपमा वृद्धि भएको छ । उक्त थप जिम्मेवारी बहन गर्नका लागि आयोगको विद्यमान संरचनामा संशोधन गरी केहि विस्तार गरिएको छ। साथै प्रदेश लोक सेवा आयोगको व्यवस्थाले संघीयमैत्री आयोगको संरचना निर्माण गर्न आयोगले सूचना प्रविधिको नविनतम अभ्यासहरुको थालनी गरेकोले आयोगका काम कारवाहीलाई सूचना प्रविधि मैत्री बनाउन एवं आयोगका कार्यप्रकृयालाई अनुसन्धान र विकासमूलक बनाउने उद्देश्य समेत नयाँ संगठन संरचनामा कायम गरिएको छ ।

नयाँ संगठन संरचना अनुसार आयोगको विद्यमान ४ वटा महाशाखामा १ सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा थप गरिएको छ । उक्त महाशाखामा तत् तत् निकाय सम्बन्धी लिखित परीक्षा सञ्चालन शाखा, लिखित परीक्षा नतिजा तयारी शाखा, लिखित परीक्षा नतिजा प्रकाशन शाखा थप गरिएका छन् । सूचना प्रविधिका नविनतम विषयहरुलाई प्रयोगमा ल्याउने तथा व्यवहारमा अवलम्बन गरिएका प्रविधि सम्बन्धी विषयमा विद्यमान सवल र सुधार गर्नुपर्ने विषय सम्बद्ध कार्य गर्नका लागि आयोगको प्रशासन तथा योजना महाशाखा अन्तर्गत रहने गरी सूचना सञ्चार प्रविधि शाखाको स्थापना गरिएको छ । साथै आयोगका काम कारवाहीमा भएको वृद्धि, समय सापेक्ष विश्वसनीय र प्रभावकारी परीक्षण विधिको छनौट तथा अवलम्बन लगायतको कार्यहरुमा अनुसन्धान विश्लेषण कार्यलाई प्रभावकारी बनाउनका लागि आयोगको परीक्षण प्रविधि तथा पाठ्यक्रम महाशाखा अन्तर्गत अनुसन्धान तथा विकास शाखा थप गरिएको छ ।


आयोगप्रति जनस्तरमा रहेको अगाध आस्था र विश्वासलाई कायम राख्दै आगामी दिनमा आयोगका काम कारवाहीहरुलाई पूर्णतः सूचना प्रविधिमा आधारित बनाउँदै लैजान तथा अनुसन्धानमा आधारित कार्यपद्धतिको अनुसरण गर्दै भावी चुनौतीहरुको सामना तथा आयोगका काम कारवाहीहरुलाई गतिशील तुल्याउन आयोगको संगठनात्मक तथा व्यवस्थापन सर्वेक्षण (O & M) का आधारमा तयार गरिएको संगठन संरचना नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३/०३/०२ को निर्णयानुसार स्वीकृत भई कार्यान्वयनमा आएको हो ।

प्रदेश लोक सेवा आयोगको गठन भई नसकेको अवस्थामा आयोगका क्षेत्रीय तथा अञ्चल कार्यालयहरुको संगठन संरचनामा उल्लेखनीय फेरबदल गरिएको छैन भने विगतमा लोक सेवा आयोग केन्द्रीय कार्यालय र मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गतका विज्ञापनहरुको दरखास्त संकलन तथा व्यवस्थापन गर्दै आएको काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्रको कार्य प्रकृति आयोगबाट अनलाइन दरखास्तको व्यवस्था गरेसँगै उक्त केन्द्रको नाम मुलुक भरकै दरखास्त व्यवस्थापन गर्ने गरी "**दरखास्त व्यवस्थापन केन्द्र**" कायम गरिएको छ ।

| विवरण | मौजुदा दरबन्दी | कायम दरबन्दी |
|---|---|---|
| कूल दरबन्दी | ३७७ | ४०२ |
| केन्द्रीय कार्यालय | १६६ | २०४ |
| क्षेत्रीय निर्देशनालयहरु | ९९ | ९० |
| अञ्चल कार्यालयहरु | ९३ | ९६ |
| दरखास्त व्यवस्थापन केन्द्र | १९ | १२ |

## लोक सेवा आयोगको संगठन संरचना र दरबन्दी

| | |
|---|---|
| कूल दरवन्दी | ४०२ |
| केन्द्रीय कार्यालय | २०४ |
| क्षेत्रीय निर्देशनालय | ९० |
| अञ्चल कार्यालय | ९६ |
| दरखास्त व्यवस्थापन केन्द्र | १२ |



# लोक सेवा आयोग, केन्द्रीय कार्यालयको संगठन तालिका र दरबन्दी

**लोक सेवा आयोग**

**सचिव - १**

| क्षेत्रीय निर्देशनालय | ५ |
|---|---|
| अञ्चल कार्यालय | ९ |
| दरखास्त व्यवस्थापन केन्द्र | १ |

## सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा (१९ जना) सहसचिव, रा.प.प्रथम-१

| लिखित परीक्षा संचालन शाखा | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | २ |
| कम्प्युटर अपरेटर | १ |
| जम्मा | ६ |

| लिखित परीक्षा नतिजा तयारी शाखा | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | २ |
| कम्प्युटर अपरेटर | १ |
| जम्मा | ६ |

| लिखित परीक्षा नतिजा प्रकाशन शाखा | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | २ |
| कम्प्युटर अपरेटर | १ |
| जम्मा | ६ |

## परीक्षा महाशाखा - (३२ जना) सहसचिव, रा.प.प्रथम प्रशासन-१

| परीक्षा सञ्चालन शाखा (प्राविधिक) | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | २ |
| कम्प्युटर अपरेटर | १ |
| टाइपिष्ट | १ |
| जम्मा | ७ |

| परीक्षा सञ्चालन शाखा (अप्राविधिक) | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | २ |
| कम्प्युटर अपरेटर | १ |
| जम्मा | ६ |

| लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक) | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | २ |
| कम्प्युटर अपरेटर | १ |
| जम्मा | ६ |

| लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक) | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | २ |
| कम्प्युटर अपरेटर | १ |
| जम्मा | ६ |

| लिखित परीक्षा नतिजा प्रकाशन शाखा | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | २ |
| कम्प्युटर अपरेटर | १ |
| जम्मा | ६ |

## अर्न्तवार्ता तथा सिफारिश महाशाखा - ((२५ जना) सहसचिव, रा.प.प्रथम प्रशासन-१

| प्रश्नपत्र परिमार्जन शाखा (प्रा.) | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | २ |
| कम्प्युटर अपरेटर | १ |
| जम्मा | ६ |

| प्रश्नपत्र परिमार्जन शाखा (अप्रा.) | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | २ |
| कम्प्युटर अपरेटर | १ |
| जम्मा | ६ |

| अन्तर्वार्ता तथा सिफारिस शाखा | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | २ |
| कम्प्युटर अपरेटर | १ |
| जम्मा | ६ |

| प्रश्नपत्र परिमार्जन शाखा (सुरक्षा निकाय तथा संगठित संस्था) | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | २ |
| कम्प्युटर अपरेटर | १ |
| जम्मा | ६ |

## प्रशासन तथा निरीक्षण महाशाखा - (८९ जना) सहसचिव, रा.प.प्रथम प्रशासन-१

| प्रशासन शाखा | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | २ |
| खरिदार | १ |
| टाइपिष्ट | १ |
| कम्प्युटर अपरेटर | १ |
| इलेक्ट्रिसियन | १ |
| जम्मा | ९ |

| सूचना तथा प्रकाशन शाखा | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| कम्प्युटर अधिकृत | १ |
| तथ्यांक अधिकृत | १ |
| नायब सुब्बा | २ |
| कम्प्युटर अपरेटर | २ |
| जम्मा | ९ |

| आर्थिक प्रशासन शाखा | |
|---|---|
| प्र.ले.नि. (उपसचिव) | १ |
| लेखा अधिकृत | २ |
| लेखापाल | २ |
| कम्प्युटर अपरेटर | १ |
| जम्मा | ६ |

| योजना तथा निरीक्षण शाखा | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | १ |
| नायव सुब्बा | १ |
| टाइपिष्ट | १ |
| जम्मा | ४ |

| सूचना सञ्चार प्रविधि शाखा | |
|---|---|
| सूचना प्रविधि निर्देशक | १ |
| कम्प्युटर इन्जिनियर | २ |
| कम्प्युटर अपरेटर/टेक्निसियन | १ |
| खरिदार | १ |
| जम्मा | ५ |

| जिन्सी भण्डार | | टेलिफोन युनिट | | निजी सहायक | | दर्ता चलानी | | सवारी चालक | | कार्यालय सहयोगी, पाले | | प्रेस युनिट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शाखा अधिकृत | १ | टेलिफोन अपरेटर (रा.प.अनं.द्वि.) | २ | शाखा अधिकृत | ८ | नायब सुब्बा | १ | हलुका सवारी चालक | ८ | कार्यालय सहयोगी | १७ | ९ |
| नायब सुब्बा | १ | | | | | | | | | | | |
| खरिदार | १ | | | नायब सुब्बा | ६ | खरिदार | १ | | | | | |
| जम्मा | ३ | जम्मा | २ | जम्मा | १४ | जम्मा | २ | जम्मा | ८ | जम्मा | १७ | जम्मा ९ |

## परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा - (२४ जना) सहसचिव, रा.प.प्रथम शिक्षा-१

| परीक्षण प्रविधि शाखा | |
|---|---|
| व. मनोविज्ञानवेत्ता रा.प.द्वितीय | १ |
| मनोविज्ञानवेत्ता रा.प.तृतीय | २ |
| शाखा अधिकृत | १ |
| नायब सुब्बा | १ |
| कम्प्यूटर अपरेटर | १ |
| जम्मा | ६ |

| पाठ्यक्रम तथा मूल्यांकन शाखा | |
|---|---|
| पाठ्यक्रम विशेषज्ञ रा.प.द्वितीय | १ |
| पाठ्यक्रम विज्ञ रा.प.तृतीय | २ |
| शाखा अधिकृत | १ |
| नायब सुब्बा | १ |
| कम्प्यूटर अपरेटर | १ |
| जम्मा | ६ |

| पुस्तकालय | |
|---|---|
| पुस्तकालय अधिकृत | १ |
| पुस्तकालय सहायक | २ |
| जम्मा | ३ |

| अनुसन्धान तथा विकास शाखा | |
|---|---|
| उपसचिव (तथ्यांक) रा.प.द्वितीय | १ |
| मनोविज्ञानवेत्ता | १ |
| समाजशास्त्री | १ |
| शाखा अधिकृत (शिक्षा) | ३ |
| तथ्यांक सहायक | १ |
| कम्प्युटर अपरेटर | १ |
| जम्मा | ८ |

## कानून महाशाखा - (१४ जना) सहसचिव, रा.प.प्रथम कानून-१

| नीति नियम तथा अभिलेख शाखा | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | १ |
| टाइपिष्ट | १ |
| खरिदार | १ |
| जम्मा | ६ |

| उजुरी तथा विभागीय सजाय परामर्श शाखा | |
|---|---|
| कानून अधिकृत (उपसचिव) | १ |
| शाखा अधिकृत कानुन | १ |
| शाखा अधिकृत प्र. | १ |
| नायब सुब्बा | १ |
| कम्प्युटर अपरेटर | १ |
| टाइपिष्ट | १ |
| खरिदार | १ |
| जम्मा | ७ |

| बजेट प्रयोजनार्थ सेवा करारमा लिने संख्या | | |
|---|---|---|
| ह.स.चा. | का.स. | पाले |
| २ | ४ | २ |

सचिव-१, सहसचिव प्र.-४, सहसचिव (कानून)-१, सहसचिव शिक्षा -१, उपसचिव प्र.-१६, उपसचिव लेखा-१, उपसचिव कानून-१, उपसचिव (तथ्यांक) -१, वरिष्ठ मनोविज्ञानवेत्ता- १, वरिष्ठ पाठ्यक्रम विज्ञ - १, सूचना प्रविधि निर्देशक-१, शाखा अधिकृत प्र.-४३, लेखा अधिकृत-२, कानुन अधिकृत - १, कम्प्युटर अधिकृत १, तथ्यांक अधिकृत १ मनोविज्ञानवेत्ता ३, पाठ्यक्रम विज्ञ २, समाजशास्त्री १, शाखा अधिकृत (शिक्षा) ३, पुस्तकालय अधिकृत १, कम्प्युटर इन्जिनियर २, नायब सुब्बा (प्र.) ४१, इलेक्ट्रिसियन १, कम्प्युटर अपरेटर २१, लेखापाल २, टाइपिष्ट (वेगअनुसार)-५, तथ्यांक सहायक १, पुस्तकालय सहायक २, खरिदार ६, टेलिफोन अपरेटर २, कार्यालय सहयोगी-१७, हलुका सवारी चालक-८, प्रेस युनिट ९ गरी कुल जम्मा दरबन्दी: २०४

**सुरक्षा निकाय र अन्य संघीय सरकारी सेवा सम्बन्धी सामान्य सिद्धान्तको मस्यौदा माथि अन्तरक्रिया सम्पन्न**

नेपालको संविधानले नेपाल सरकारबाट निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था गरेको छ । यसको साथै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य संघीय सरकारी निकायले आ-आफ्नो पदमा बढुवा गर्दा तथा संगठित संस्थाको सेवाको पदमा बढुवा वा विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा संगठित संस्थाले आफ्नो सेवाका कर्मचारीको सेवा शर्त सम्बन्धी कानूनको सम्बन्धमा र संघीय निजामती सेवासँग सम्बन्धित सेवाको शर्त सम्बन्धी कानून र नियुक्ति, बढुवा, विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्त वा विभागीय सजाय सम्बन्धमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था गरेको छ । उक्त व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्न नेपाल सरकारका पूर्व सचिव श्री मोहन बञ्जाडेलाई सुरक्षा निकाय र अन्य संघीय सरकारी सेवाका कर्मचारीहरुको बढुवा तथा संगठित संस्थाका कर्मचारीको सेवाको शर्त सम्बन्धी कानून, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्त सम्बन्धमा आयोगले मस्यौदा तयार गर्न कार्यादेश दिएकोमा निजबाट तयार गरिएको मस्यौदा उपर गरी मिति २०७३/२/२९ मा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

उक्त अन्तरक्रिया कार्यक्रममा आयोगका माननीय अध्यक्ष, माननीय सदस्यहरु, नेपाली सेनाका प्रधानसेनापति महारथी श्री राजेन्द्र क्षेत्री, पूर्व मुख्य सचिव तथा पूर्व अध्यक्ष श्री तिर्थमान शाक्य, पूर्व मुख्य सचिव श्री दामोदर गौतम, आयोगका सचिव, आयोगका पूर्व अध्यक्ष डा. कयोदेवी यमी, पूर्व सदस्यहरु श्री भिमदेव भट्ट, श्री टिकादत्त निरौला, आयोगका पूर्व सचिवहरु श्री सुशिल जंगबहादुर राणा, श्री युवराज भुषाल, राष्ट्रिय मानवअधिकार आयोगका सचिव श्री वेद भट्टराई, नेपाल कानून आयोगका उपाध्यक्ष श्री भेषराज शर्मा, प्रशासकीय अदालतका अध्यक्ष श्री काशीराज दाहाल लगायत नेपाल प्रहरी, सशस्त्र प्रहरी कार्यालय, नेपाल टेलिभिजन, नागरिक उड्डयन प्राधिकरण, खानेपानी विभाग, गोरखापत्र संस्थान, धितोपत्र बोर्ड, घरेलु तथा साना उद्योग विकास समितिका प्रतिनिधिहरु र विभिन्न संगठित संस्थाहरुबाट सेवा निवृत्त कर्मचारीहरु उपस्थित रहनुभएको थियो ।

कार्यक्रमको सुरुमा सामान्य सिद्धान्त सम्बन्धी मस्यौदाकार पूर्व सचिव श्री मोहन बन्जाडेले सामान्य सिद्धान्तमा उल्लेखित व्यवस्थाहरुका सन्दर्भमा प्रकाश पार्नुभएको थियो ।






*(सुरक्षा निकाय र अन्य संघीय सरकारी सेवा सम्बन्धी सामान्य सिद्धान्तको मस्यौदा माथि अन्तरक्रिया कार्यक्रमका सहभागीहरु)*

अन्तरक्रियाका क्रममा प्रस्तावित मस्यौदामा भएका व्यवस्था उपर उपस्थित पदाधिकारीहरुले आ-आफ्नो आ-आफ्नो विचार राख्नु भएको थियो जसमा सुरक्षा निकायहरुको कार्यप्रक्रिया जटिल किसिमको भएकोले छुट्टै प्रकृतिको सामान्य सिद्धान्त तय गरिनु पर्ने, संगठित संस्थाको कार्यप्रकृति पनि बेग्लै किसिमको भएकाले एउटै सामान्य सिद्धान्तबाट सम्बोधन गर्न कठिन हुने, सामान्य सिद्धान्तमा आधारभूत सिद्धान्तका विषयलाई समावेश गरी कार्यविधिमा राख्नुपर्ने, प्रदेश लोक सेवा आयोगहरु बढी स्वायत्त बनाइनु पर्ने, आयोगले संगठित संस्थाको अद्यावधिक लगत राखी ती सबै निकायका ऐन, नियमावली अध्ययन गरी आयोगको पदपूर्ति सम्बन्धी विषय अनुकूल बनाउनु पर्ने लगायतका विषयमा सहभागीहरुले जिज्ञासा तथा सुझाव प्रस्तुत गर्नुभएको थियो ।

आयोगका माननीय अध्यक्ष श्री उमेश प्रसाद मैनालीले उक्त मस्यौदा छलफलमा सम्वद्ध सबै पक्षहरुको उल्लेखनीय उपस्थिति, सहभागिता र चासोप्रति आफू गौरवान्वित रहेको, अन्तरक्रिया कार्यक्रमबाट प्राप्त सुझाव र जिज्ञासालाई सम्बोधन गरेर प्रस्तावित मस्यौदामा आवश्यक परिमार्जन गरिने धारणा व्यक्त गर्नुभयो ।

**आयोगका महत्वपूर्ण निर्णयहरु :**

१. आयोगको ६६ औं वार्षिकोत्सवलाई सफल तुल्याउन महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्व, संघ, संस्था, कर्मचारी, सञ्चार माध्यम लगायत सबैलाई धन्यवाद दिने गरी आयोगबाट मिति २०७३।३।१६ मा निर्णय भएको ।

२. **देहायका पद, सेवा, समूह, उपसमूह, श्रेणी/तहहरुको पाठ्यक्रम आयोगबाट देहायको मितिमा स्वीकृत भई देहायका मितिदेखि लागू भएको :**

| क्र.सं. | पद | सेवा, समूह, उपसमूह | श्रेणी/तह | आयोगको निर्णय मिति | लागू हुने मिति |
|---|---|---|---|---|---|
| १ | ना.प्रा.स. | शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | रा.प.अनं.द्वितीय | २०७३/२/६ | २०७३/२/६ |
| २ | सुब्बा | वन, हात्तिसार | रा.प.अनं. प्रथम | २०७३/२/२४ | २०७३/२/२४ |
| ३ | प्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट | स्वास्थ्य, ल्याब टेक्नोलोजी, जनरल मेडिकल ल्याब टेक्नोलोजी | एघारौं | २०७३/२/२६ | २०७३/२/२६ |
| ४ | कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट | स्वास्थ्य, मेडिसिन, मेडिकल अंकोलोजी | नवौं | २०७३/३/६ | २०७३/३/६ |
| ५ | फरेन्सिक मेडिसिन अधिकृत | स्वास्थ्य, मेडिसिन, फरेन्सिक मेडिसिन | नवौं | २०७३/३/६ | २०७३/३/६ |
| ६ | कन्सल्टेण्ट निओनेटोलोजिष्ट | स्वास्थ्य, पेडियाट्रिक, निओनेटोलोजी | नवौं | २०७३/३/६ | २०७३/३/६ |
| ७ | कन्सल्टेण्ट ट्रपिकल मेडिसिन (फिजिसियन) | स्वास्थ्य, मेडिसिन, ट्रपिकल मेडिसिन | नवौं | २०७३/३/६ | २०७३/३/६ |
| ८ | कन्सल्टेण्ट न्यूरो सर्जन | स्वास्थ्य, सर्जरी, न्यूरोसर्जरी | नवौं | २०७३/३/६ | २०७३/३/६ |
| ९ | कन्सल्टेण्ट रेडियोथेरापिष्ट/ कन्सल्टेण्ट रेडियसन अंकोलोजिष्ट | स्वास्थ्य, रेडियोथेरापी, रेडिएसन अंकोलोजी | नवौं | २०७३/३/६ | २०७३/३/६ |
| १० | कन्सल्टेण्ट न्यूरोलोजिष्ट | स्वास्थ्य, मेडिसिन, न्यूरोलोजी | नवौं | २०७३/३/६ | २०७३/३/६ |
| ११ | कन्सल्टेण्ट बायोकेमिष्ट | स्वास्थ्य, प्याथोलोजी, बायोकेमेष्ट्रि | नवौं | २०७३/३/६ | २०७३/३/६ |
| १२ | प्रमुख कन्सल्टेण्ट, ग्याष्ट्रोइन्टेरोलोजिष्ट | स्वास्थ्य, मेडिसिन, ग्यास्ट्रोइन्ट्रोलोजी | एघारौं | २०७३/३/६ | २०७३/३/६ |

३. **देहायका पद, सेवा, समूह, उपसमूह, श्रेणी/तहहरुको शैक्षिक योग्यताको द्विविधा सम्बन्धी विषयमा आयोगबाट विभिन्न मितिमा निर्णय भएका:**

| क्र.सं. | विषयहरु | निर्णय |
|---|---|---|
| १. | नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह, पाँचौं तहको आन्तरिक प्रतियोगितात्मक परीक्षाको दरखास्त स्वीकृत गर्ने सम्बन्धमा । | नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह, पाँचौ तहको पदबाट स्तरवृद्धि भई छैटौं तहमा कार्यरत कर्मचारीहरुले उक्त तहभन्दा तल्लो पाचौं तहको पदको लागि हुने आन्तरिक प्रतियोगितात्मक परीक्षामा सहभागी हुन दरखास्त बुझाएकोमा "**नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ८ को उपदफा (३) मा खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने कुनै तहको पदमा समान तहको वा समान तहमा स्तरवृद्धि भै पदनाम प्राप्त गरेको तर यो ऐन बमोजिम समायोजन पदस्थापन भै नसकेको कुनै कर्मचारीले त्यस्तो परीक्षाको लागि निर्धारित योग्यता पुरा गरेको भएमा निज समेत सो परीक्षामा सामेल हुन सक्नेछ**" भन्ने मात्र व्यवस्था रहेको तर कुनै माथिल्लो पदमा स्तर वृद्धि भएको कर्मचारीले सो भन्दा तल्लो तहको पदमा प्रतिस्पर्धा गर्न पाउने प्रावधान नभएको र उमेदवारले गरेको माग बढुवाको सामान्य सिद्धान्त अनुकूल नभएको हुँदा त्यस्ता दरखास्तहरु स्वीकृत नगर्ने । (निर्णय नं.२६१/७२-७३) |
| २. | नेपाल इञ्जि. सेवा, मेकानिकल समूह, नि.उ.स. उपसमूह, रा.प.अनं. प्रथम श्रेणी, अपरेटर इन्स्ट्रक्टर पदको विज्ञापन गर्दा तोकिएको शैक्षिक योग्यता सम्बन्धमा । | प्रस्तुत विषयमा अपरेटर इन्स्ट्रक्टर पदको विज्ञापन प्रकाशन हुँदाको बखतमा राजपत्रमा तोकिएको शैक्षिक योग्यता बमोजिम विज्ञापन प्रकाशन भै लिखित देखि अन्तर्वार्ता सम्मका सबै प्रकृया पूरा भै सकेको र उल्लेखित सेवा, समूहको निर्माण उपकरण सम्भार उपसमूह अन्तर्गतको पदहरुको शैक्षिक योग्यतामा फेरवदल हुँदा समेत सो अपरेटर इन्स्ट्रक्टर पदनामको लागि शैक्षिक योग्यता नतोकिएकोले मिति २०५१/७/२१ को राजपत्रमा व्यवस्था भए अनुसार विज्ञापन प्रकाशनको समयमा उल्लेख भएको शैक्षिक योग्यतालाई नै न्यूनतम योग्यताको रुपमा मान्ने"। (निर्णय नं.२८४/७२-७३) |

| क्र.सं. | विषयहरु | निर्णय |
| --- | --- | --- |
| ३ | नेपाल वन सेवा, (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति नियमहरु, २०५१ को अनुसूची ३ को खण्ड (क) को क्रमसंख्या ३ र खण्ड (घ) को क्रमसंख्या ३ (क) को रा.प.अनं. द्वितीय श्रेणीको पदको सेवा प्रवेशका लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता संशोधनको लागि राय परामर्श माग भई आएको सम्बन्धमा । | क) नेपाल वन, जनरल फरेष्ट्री, रा.प.अनंकित द्वितीय श्रेणीको पदको लागि<br>**"मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट वन सम्बन्धी तह २ को सीप परीक्षा उत्तीर्ण वा क्षेत्रीय वन तालिम केन्द्रहरुबाट कम्तीमा ३० कार्य दिनको वन सम्बन्धी तालिम प्राप्त गरेको।"**<br>ख) नेपाल वन, नेशनल पार्क्स् एण्ड वाईल्ड लाइफ, रा.प.अनंकित द्वितीय श्रेणीको पदको लागि<br>**"मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई शारीरिक तन्दुरुस्त भएको र नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट वन सम्बन्धी तह २ को सीप परीक्षा उत्तीर्ण वा क्षेत्रीय वन तालिम केन्द्रहरुबाट कम्तीमा ३० कार्य दिनको वन सम्बन्धी तालिम प्राप्त गरेको।"** (निर्णय नं.३१२/७२-७३) |

४. लोक सेवा आयोग ऐन, २०६६ को दफा ४७ बमोजिम आयोगको मिति २०७३।२।२६ को निर्णयअनुसार देहायका तीनजना कर्मचारीहरुलाई पुरस्कृत गरी जनही २५,०००।- (पच्चिस हजार) रुपैंया दिने गरी निर्णय भएको ।

| क्र.सं. | पद | नाम, थर | कार्यरत कार्यालय |
| --- | --- | --- | --- |
| १ | लेटर प्रेस सुपरभाइजर | मणिरत्न बज्राचार्य | लोक सेवा आयोग, केन्द्रीय कार्यालय |
| २ | टाईपिष्ट नायव सुब्बा | कल्याणी सिंह | लोक सेवा आयोग, केन्द्रीय कार्यालय |
| ३. | कार्यालय सहयोगी | शेरबहादुर चौधरी | लोक सेवा आयोग, राप्ती अञ्चल कार्यालय, दाङ |

५. लोक सेवा आयोगले अवलम्बन गर्दै आएको योग्यता प्रणाली, स्वच्छता र निष्पक्षता जस्ता कुराहरुको प्रतिबिम्वित हुने गरी तयार गरिएको आयोगको प्रतिक चिन्ह (Logo) आयोगको मिति २०७३।२।२६ निर्णयबाट स्वीकृत भएको ।

६. प्राविधिक सेवातर्फ राजपत्रांकित तृतीय श्रेणी एवं स्वास्थ्य सेवाको सातौं र आठौं पदहरुमा लिइने सामूहिक परीक्षण/छलफलको ढाँचा, देहाय अनुसार हुने गरी मिति २०७३।३।२९ को निर्णयअनुसार स्वीकृत गरिएको ।

७. **द्वितीय चरण : सामूहिक परीक्षण र अन्तर्वार्ता (Group Test & Interview)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
| --- | --- | --- | --- |
| सामूहिक परीक्षण (Group Test) | १० | सामूहिक छलफल (Group Discussion) | ३० मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता (Individual Interview) | ३० | मौखिक (Oral) | |

८. सुरक्षा निकाय तथा संगठित संस्थाको पदपूर्ति सम्बन्धमा आयोगबाट मिति २०७३।३।३० मा देहायअनुसार निर्णय भएको ।

- सुरक्षा निकाय तथा संगठित संस्थाहरुले पदपूर्ति गर्दा आयोगको स्वीकृति लिनुपर्ने साथै विज्ञापन गर्दा लिखित परीक्षाको सञ्चालन लोक सेवा आयोगले गर्नेछ भन्ने अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने ।
- आयोगको परीक्षा महाशाखाबाट भएका सुरक्षा निकाय तथा संगठित संस्थाको पदपूर्ति सम्बन्धी काम सुरक्षा निकाय तथा संगठित संस्था महाशाखाबाट गर्ने ।
- पदपूर्ति सम्बन्धी आवश्यक स्रोतसाधनको व्यवस्था आयोगको मापदण्डअनुसार सम्बन्धित निकायले व्यहोर्नु पर्ने ।
- केहि संगठित संस्थाहरुको केन्द्रीय निकायबाट विज्ञापन हुने । क्षेत्रीय तथा अञ्चल कार्यालयबाट परीक्षा सञ्चालन हुने भएमा उक्त परीक्षा आयोगका क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयहरुबाट गर्ने ।

९. निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, व्यवस्थापिका संसद सेवा, सुरक्षा निकाय र अन्य सरकारी सेवा/संगठित संस्थाहरुको पदपूर्ति सम्बन्धी आर्थिक वर्ष २०७३/०७४ को वार्षिक कार्य तालिका आयोगको मिति २०७३।३।३० को निर्णयबाट स्वीकृत गरिएको ।

१०. आर्थिक वर्ष २०७३/०७४ देखि लागू हुने गरी OMR प्रणालीबाट सञ्चालन भएका लिखित परीक्षाहरुको उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन आयोगको क्षेत्रीय निर्देशनालयहरु समेत गर्ने गरी मिति २०७३।३।३१ मा निर्णय भएको ।

११. नेपालको संविधानको धारा २४३ को उपधारा ८ र लोक सेवा आयोग ऐन, २०६६ को दफा २० को व्यवस्था अनुसार "आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्यहरु वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।" भन्ने प्रावधान अनुसार आ.व. २०७३।०७४ को लागि आयोगका क्षेत्रीय निर्देशनालय, अञ्चल कार्यालय, संघ संस्थाहरु र कर्मचारीहरुलाई देहाय बमोजिम अधिकार प्रत्यायोजन गर्ने गरी आयोगबाट मिति २०७३।३।३१ मा निर्णय भएको ।

| क्र.सं. | प्रत्यायोजित अधिकार | अधिकार प्रयोग गर्ने अधिकारी | सम्बन्धित कार्यालय |
|---|---|---|---|
| १ | नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूह रा.प.तृतीय श्रेणीको विज्ञापनको लिखित परीक्षा संचालन गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु |
| २ | शाखा अधिकृत, रा.प.तृतीय (अ.प्रा.) को प्रथम चरणको परीक्षा संचालन गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु तथा अंचल कार्यालय प्रमुखहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु तथा अंचल कार्यालयहरु |
| ३ | निजामती सेवा (व्यवस्थापिका-संसद सेवा समेत) भित्रका विभिन्न सेवाका सवै समूहका सम्बन्धित कार्यक्षेत्र भित्रका रा.प.अनं. प्रथम श्रेणी सम्मका पदमा नियूक्तिको लागि उपयुक्तता परीक्षण गरी सिफारिश गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु |
| ४ | रा.प.अनं.प्रथम (अ.प्रा.) को लिखित परीक्षा संचालन | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु तथा अंचल कार्यालय प्रमुखहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु तथा अंचल कार्यालयहरु |
| ५ | नेपाल स्वास्थ्य सेवाका सबै समूह, उपसमूहका सम्बन्धित कार्यक्षेत्र भित्रका सहायक पाँचौसम्मका प्राविधिक पदमा नियुक्तिको लागि उपयुक्तता परीक्षण गरी सिफारिश गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु |
| ६ | निजामती सेवा भित्रका विभिन्न सेवासमूहका सम्बन्धित कार्यक्षेत्र भित्रका रा.प.अनं. द्वितीय श्रेणीसम्मका र नेपाल स्वास्थ्य सेवाका सबै समूह, उपसमूहका सहायक चौथो तह सम्मका प्राविधिक पदमा नियूक्तिको लागि उपयुक्तता परीक्षण गरी सिफारिश गर्ने | आयोगका सम्बन्धित क्षेत्रिय निर्देशनालय र अंचल कार्यालय प्रमुखहरु | आयोगका सम्बन्धित अंचल कार्यालयहरु |
| ७ | टाइपिष्ट वर्गीकरण योजना, २०३८ अनुसार निजामती सेवा भित्रका टाइपिष्टहरुको सबै श्रेणीका (रा.प.अनं. प्रथम श्रेणीसम्म) को उपयुक्तताको परीक्षण गरी बढुवा सिफारिश गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु तथा अंचल कार्यालय प्रमुखहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु तथा अंचल कार्यालयहरु |
| ८ | आयोगबाट स्थायी पदपूर्तीका लागि अधिकार प्रत्यायोजन भएका पदहरुमा सम्बन्धित सेवा सम्बन्धि प्रचलित कानूनमा उल्लेख भए बमोजिम छुट्टै योग्यताक्रमको सूची प्रकाशित गरी सोही सूचीबाट रिक्त पदमा अस्थायी पदपूर्ति गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने र प्रचलित कानून बमोजिम म्याद थप गर्न सहमति दिने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु तथा अंचल कार्यालय प्रमुखहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु तथा अंचल कार्यालयहरु |
| ९ | आयोगले प्रारम्भिक परीक्षा हुने भनि तोकिएका रा.प.तृतीय (अ.प्रा.) श्रेणीका पदको द्वितीय चरणको परीक्षा संचालन गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु |
| १० | आयोगको क्षेत्रीय निर्देशनालय र अंचल कार्यालयले आफ्नो अधिकार भित्र रहि निरिक्षण गर्ने | - | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु तथा अंचल कार्यालयहरु |

**आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना/अनिवार्य अवकाश तथा राजिनामा सम्बन्धी विवरण**

**(क) अन्य निकायबाट आयोग वा अन्तर्गत सरुवा तथा पदस्थापना**

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा गर्ने निकाय | पदस्थापना गरिएको निकाय | सरुवा निर्णय मिति | आयोगमा पदस्थापना भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | सहसचिव | श्री किरणराज शर्मा | नेपाल सरकार, मन्त्रिपरिषद | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०१/२९ | २०७३/०१/३० |
| २ | सहसचिव | श्री पाराश्वर ढुङ्गाना | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०२/०७ | २०७३/०२/०७ |
| ३ | सहसचिव | श्री झक्कप्रसाद आचार्य | नेपाल सरकार, मन्त्रिपरिषद | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०१/२९ | २०७३/०३/१४ |
| ४ | उपसचिव | श्री कुशला पौडेल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/०९ | २०७३/०३/१४ |
| ५ | उपसचिव | श्री सूर्यप्रसाद सापकोटा | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२/१२/१६ | २०७३/०३/१४ |
| ६ | उपसचिव | श्री नारायणप्रसाद ज्ञवाली | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२/१२/१६ | २०७३/०३/१४ |
| ७ | शाखा अधिकृत | श्री राजेन्द्र शर्मा | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०१/२४ | २०७३/०३/१४ |
| ८ | शाखा अधिकृत | श्री योगराज पौडेल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०१/२४ | २०७३/०३/१४ |
| ९ | शाखा अधिकृत | श्री सुशिला गौतम | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०१/२४ | २०७३/०३/१४ |
| १० | शाखा अधिकृत | श्री प्रेमकुमार पोखरेल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०१/२४ | २०७३/०३/१४ |
| ११ | शाखा अधिकृत | श्री गंगाराम प्रजापती | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०२/०३ | २०७३/०३/१४ |
| १२ | शाखा अधिकृत | श्री रुकु शर्मा पौडेल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/०८ | २०७३/०३/१४ |
| १३ | शाखा अधिकृत | श्री निर्मला न्यौपाने | सामान्य प्रशासन मन्त्रालय | दरखास्त व्यवस्थापन केन्द्र | २०७३/०३/०८ | २०७३/०३/१४ |
| १४ | शाखा अधिकृत | श्री धर्मराज गैह्रे | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/०८ | २०७३/०३/१४ |
| १५ | शाखा अधिकृत | श्री राजु सत्याल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/०८ | २०७३/०३/१४ |
| १६ | शाखा अधिकृत | श्री नारायणप्रसाद पोखरेल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/०८ | २०७३/०३/१४ |
| १७ | शाखा अधिकृत | श्री मिमबहादुर शाही | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/०८ | २०७३/०३/१४ |
| १८ | शाखा अधिकृत | श्री मिलन भट्टराई | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/०८ | २०७३/०३/१४ |
| १९ | नायव सुब्बा | श्री इश्वरी अधिकारी | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/१२ | २०७३/०३/२४ |
| २० | खरिदार | श्री शिलेन्द्रप्रसाद ढुंगेल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/१२ | २०७३/०३/२४ |

(ख) आयोगबाट आयोग अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | साविक कार्यरत निकाय | सरुवा गरिएको निकाय | सरुवा निर्णय मिति | रमाना मिति |
|---|---|---|---|---|---|---|
| १ | निर्देशक | श्री ताराप्रसाद भट्टराई | राप्ती अञ्चल कार्यालय, दाङ | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | २०७३/०१/२४ | २०७३/०१/२४ |
| २ | निर्देशक | श्री ओमबहादुर खड्का | कर्णाली अञ्चल कार्यालय, जुम्ला | राप्ती अञ्चल कार्यालय, दाङ | २०७३/०२/११ | २०७३/०२/११ |
| ३ | निर्देशक | श्री चुरामणि मरासिनी | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/१४ | २०७३/०४/०१ |
| ४ | निर्देशक | श्री गणेशप्रसाद पौडेल | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | २०७३/०३/१४ | २०७३/०३/१६ |
| ५ | शाखा अधिकृत | श्री अनिलराज शर्मा | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/१४ | २०७३/०३/२६ |
| ६ | शाखा अधिकृत | श्री टेकप्रसाद पुलामी | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/१४ | २०७३/०३/१६ |
| ७ | शाखा अधिकृत | श्री तुलसा सेढाई | राप्ती अञ्चल कार्यालय, दाङ | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/२० | २०७३/०३/२० |
| ८ | कम्प्युटर अपरेटर | श्री लक्ष्मण बराल | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/१४ | २०७३/०३/३१ |
| ९ | नायव सुब्बा | श्री राधा एम.सी. | दरखास्त व्यवस्थापन केन्द्र | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/२४ | २०७३/०३/२४ |
| १० | नायव सुब्बा | श्री रामचन्द्र बन्जरा | दरखास्त व्यवस्थापन केन्द्र | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/२४ | २०७३/०३/२४ |
| ११ | कम्प्युटर अपरेटर | श्री सुजन डंगोल | दरखास्त व्यवस्थापन केन्द्र | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/२४ | २०७३/०३/२४ |
| १२ | कम्प्युटर अपरेटर | श्री हर्क बहादुर शाही | दरखास्त व्यवस्थापन केन्द्र | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०३/२४ | २०७३/०३/२४ |
| १३ | खरिदार | श्री सागर खनाल | नारायणी अञ्चल कार्यालय, हेटौंडा | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | २०७३/०३/१४ | २०७३/०४/०७ |

(ग) आयोगबाट अन्यत्र निकायमा सरुवा/काज/पदोन्नति सम्बन्धी विवरण

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा/पदोन्नति भएको निकाय | निर्णय मिति | रमाना मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सहसचिव | श्री लोकहरि पाण्डे | सुदुर पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, दिपायल | २०७३/१/१४ | २०७३/०१/१५ | पदोन्नती |
| २ | उपसचिव | श्री शिवराम न्यौपाने | सामान्य प्रशासन मन्त्रालय | २०७३/१/१४ | २०७३/०१/१४ | पदोन्नती |
| ३ | शाखा अधिकृत | श्री युवराज खतिवडा | सामान्य प्रशासन मन्त्रालय | २०७३/२/१८ | २०७३/०२/१८ | पदोन्नती |
| ४ | शाखा अधिकृत | श्री शालिकराम दाहाल | सामान्य प्रशासन मन्त्रालय | २०७३/२/१८ | २०७३/०२/१८ | पदोन्नती |
| ५ | शाखा अधिकृत | श्री प्रेमप्रसाद देवकोटा | सामान्य प्रशासन मन्त्रालय | २०७३/२/१८ | २०७३/०२/१८ | पदोन्नती |
| ६ | शाखा अधिकृत | श्री गणेश गैह्रे | सामान्य प्रशासन मन्त्रालय | २०७३/२/२३ | २०७३/०२/२३ | पदोन्नती |
| ७ | खरिदार | श्री कल्पना नेपाल | रक्षा मन्त्रालय | २०७३/३/२० | २०७३/०३/२० | पदोन्नती |

(घ) अनिवार्य अवकाश

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | अवकाश मिति |
|---|---|---|---|
| १ | इलेक्ट्रिसियन | श्री पोषणमान सिंह बस्नेत | २०७३/०३/१५ |
| २ | कार्यालय सहयोगी | श्री धनकृष्ण महर्जन | २०७३/०३/०२ |
| ३ | कार्यालय सहयोगी | श्री श्यामलाल पोडे | २०७३/०१/१८ |

आयोगका पदाधिकारी, कर्मचारीहरुको तालिम/सेमिनार/गोष्ठी

| क्र.सं. | दर्जा | नाम, थर | तालिम/सेमिनारको विषय | तालिम दिने संस्था | अवधि |
|---|---|---|---|---|---|
| १ | नायव सुब्बा | श्री मनकुमारी श्रेष्ठ | कार्यालय व्यवस्थापन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७३/२/२३ देखि २०७३/३/२६ सम्म |
| २ | नायव सुब्बा | श्री प्रकाश सुवेदी | कार्यालय व्यवस्थापन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | |
| ३ | कम्प्युटर अपरेटर | श्री बेद प्रसाद सुवेदी | IT Securing Awarness Training | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७३/२/२६ र २७ |

**भवन निर्माण सम्बन्धी प्रगति विवरण**

आयोगको पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा, मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत, सुदुर पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल र धवलागिरी अञ्चल कार्यालय, बाग्लुङमा भवन निर्माण कार्य सुचारु रहेको ।

**समवेदना**

- लोक सेवा आयोगका माननीय सदस्य श्री अशोककुमार झाज्यूका पुजनीय पिता पण्डित श्री जनार्दन झाको २०७२ साल चैत्र ३० गते भएको दुःखद निधनप्रति समवेदना प्रकट गरियो ।

**विविध**

- २०७३ बैशाखदेखि असार मसान्तसम्म आयोगबाट विभिन्न ३१ वटा निकायमा निरीक्षण गरी प्रतिवेदन तयार गरिएको ।
- २० वटा संगठित संस्थाहरुको पदपूर्ति सम्बन्धमा प्रतिनिधित्व तोकिएको ।
- १९ वटा विभिन्न संगठित संस्थाहरुका ऐन, नियम संशोधन तथा रिक्त पदहरुमा पदपूर्तिका लागि विज्ञापन प्रकाशनको लागि सहमती दिइएको ।

## आर्थिक वर्ष २०७२/७३ को तेस्रो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति (२०७३ वैशाखदेखि असार मसान्तसम्म)

**१. विज्ञापन, दरखास्त संकलन, लिखित परीक्षा सञ्चालन, लिखित परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता एवं सिफारिश सम्बन्धी विवरण**

| श्रेणी | विज्ञापित पद संख्या | | संकलन भएका दरखास्त संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | अन्तर्वार्ताका लागि छनौट भएका उमेदवार संख्या | | | सिफारिश भएका उमेदवार संख्या | | | बैकल्पिक सिफारिश भएका उमेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| राजपत्रांकित प्रथम | ० | ० | ० | ० | ० | ० | ० | ९ | ३१ | ४० | २ | २५ | २७ | ० | ० | ० |
| राजपत्रांकित द्वितीय | ० | ० | ० | ० | ० | ० | ० | ९२ | ४१७ | ५०९ | २८ | १०२ | १३० | ० | ० | ० |
| राजपत्रांकित तृतीय | ० | ० | ० | ० | ३६ | ५६ | ९२ | २१ | ९२ | ११३ | ० | ० | ० | ० | ० | ० |
| राजपत्र अनंकित प्रथम | ० | ० | ० | ० | १६९१८ | ३०८९९ | ४७८१७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| राजपत्र अनंकित द्वितीय | ० | ० | ० | १७६६२० | ६०८६३ | ६०२९० | १२११५३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | **0** | **0** | **0** | **१७६६२०** | **७७८१७** | **९१२४५** | **१६९०६२** | **१२२** | **५४०** | **६६२** | **३०** | **१२७** | **१५७** | **0** | **0** | **0** |

**२. विभागीय सजायको परामर्श सम्बन्धी विवरण**

| श्रेणी | विभागीय सजायको लागि परामर्श पठाइएको संख्या |
|---|---|
| राजपत्रांकित प्रथम | १ |
| राजपत्रांकित द्वितीय | ३ |
| राजपत्रांकित तृतीय | २१ |
| राजपत्र अनंकित प्रथम | ७ |
| राजपत्र अनंकित द्वितीय | ० |
| श्रेणी विहीन | ० |
| जम्मा | ३२ |

**३. कूल बजेट खर्च रकम**

| क्र.सं. | खर्च शीर्षक | रकम रु. |
|---|---|---|
| १ | विविध | ३,९१,७७,१७५.०० |
| २ | अन्य प्रशासनिक खर्च | १,९८,४३,४८४.०० |
| ३ | पूँजीगत खर्च | ८९,९१,८९३.०० |
| | **जम्मा** | **६,८०,१२,५५२.00** |

# अन्तर्वार्ता

## राजपत्रांकित प्रथम श्रेणी, सहसचिव पदको प्रतिस्पर्धात्मक परीक्षामा नेपाल प्रशासन सेवाको आन्तरिक प्रतियोगिता तर्फ प्रथम स्थानमा सिफारिश हुनुभएका उमेदवार श्री खोमराज कोइरालासँग लिइएको अन्तर्वार्ता



**१. सहसचिव पदको प्रतिस्पर्धाबाट छनौट भई कार्यभार समेत सम्हाल्नुभएकोमा बधाई छ । निजामती सेवामा प्रवेश गर्ने प्रेरणा के-कसरी पाउनुभयो ? निजामती सेवा वा अन्य सरकारी सेवामा यहाँको अनुभव बारे बताइदिनुहोस् ।**

☞ धन्यवाद, नेपालमा निष्पक्षता, प्रतिस्पर्धा तथा योग्यता पद्धतिको संरक्षक एवं सरकारी सेवामा प्रवेश गर्न चाहने सबैको आशाको केन्द्रको रुपमा रहेको लोक सेवा आयोगको पत्रिकामा मेरो भनाई राख्ने अवसर दिनुभएकोमा सर्वप्रथम म यहाँ र आयोगप्रति आभार व्यक्त गर्न चाहन्छु । निजामती सेवामा प्रवेश गर्ने प्रेरणा मैले मेरा अभिभावक पिताजी तथा जेठो दाजुलाई दिन चाहन्छु । उहाँहरु पनि सरकारी सेवामै रहेका कारणले पनि सरकारी सेवा र गर्नुपर्ने कामहरुप्रति म सानैदेखि परिचित नै थिए । कलेज अध्ययनको क्रममा मेरो चाहना चिकित्सक बनी राष्ट्रसेवा गर्ने रहेपनि परिवारका अभिभावकज्यूहरुबाट राष्ट्रसेवा गर्न निजामती सेवा उत्तम अवसर हुने प्रेरणा पाएपश्चात् मेरो निजामती सेवामा लगाव बढ्दै गएको हो । तत्पश्चात् वि.सं. २०५४ सालमा नेपाल प्रशासन सेवा, हुलाक समूहको मुखिया (जिल्ला हुलाक कार्यालय, सिन्धुपाल्चोक) बाट निजामती सेवामा प्रवेश गरी सोही वर्ष खरिदार (हुलाक सेवा विभाग), वि.सं. २०५५ मा ना.सु. (परराष्ट्र मन्त्रालय अन्तर्गत), वि.सं. २०५९ सालमा शाखा अधिकृत (नेपाल प्रशासन सेवा), वि.सं. २०६७ सालमा उपसचिव (नेपाल प्रशासन सेवा) र हाल वि.सं. २०७३ मा सहसचिव (नेपाल प्रशासन सेवा) भइ कार्यसम्पादन गरेको अनुभव छ ।

मलाई निजामती सेवाका विभिन्न तहहरुमा करिव १९ वर्ष कार्यसम्पादन गरेको अनुभवका आधारमा निजामती सेवा अन्य सरकारी सेवाको मियोको रुपमा रहेको आभाष हुन्छ । अन्य सरकारी सेवाको मानकको रुपमा रहेको निजामती सेवा आफैंमा स्थायी सरकारको रुप हो । प्रजातान्त्रिक शासन प्रणालीको आधार स्तम्भको रुपमा रहेको नागरिक सर्वोच्चतालाई यसैको माध्यमबाट कार्यान्वयन गर्ने गरिन्छ । राज्यका नीति कार्यक्रममा संलग्नता, क्षेत्रगत विशेषज्ञता, व्यापकता, साधनस्रोतको परिचालन र व्यवस्थापनको दृष्टिकोणबाट निजामती सेवा अन्य सरकारी सेवाभन्दा व्यापक र बढी संवेदनशील रहेको हुन्छ । राज्यको स्थायी सरकारको प्रतिनिधि भई केन्द्रीय नीति निर्माणदेखि तल्लो तहको सेवा प्रवाहसम्मको जिम्मेवारी वहन गरी अनुभव प्राप्त गर्न सकिने हुन्छ । यो सेवामा आफ्नो रुचि, चाहनालाई राष्ट्रको आवश्यकता बमोजिमको क्षेत्रमा उपयोग गर्न सकिने अवसर हुन्छ । यद्यपि राज्यका सबै सरकारी सेवाहरुको महत्व आ-आफ्नो स्थानमा उत्तिकै रहेको हुन्छ । नेपालमा लोक सेवा आयोग जस्तो गरिमामय संस्थाको प्रमुख कार्य निजामती सेवामा कर्मचारीहरुको पदपूर्ति गर्न परीक्षा सञ्चालन गर्ने र नेपाल सरकारलाई उपयुक्त व्यक्तिको सिफारिश गर्ने रहेकोले यसको निष्पक्षता, वस्तुनिष्ठता तथा व्यवसायिकताको कारणले पनि निजामती सेवाको शिर उच्च रहन गएको हो । अब अन्य सरकारी सेवाको पदपूर्ति तथा पदोन्नतीमा यसको संलग्नताले अन्य सरकारी सेवाको पनि गरिमा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ । यी सबै कारणले मैले निजामती सेवामा अन्य सरकारी सेवामा भन्दा बढी आत्मसम्मान, गर्व र उच्च उत्प्रेरणास्तर रहेको महसुस गरेको छु ।

**२. निजामती सेवामा हाल देखिएका विकृती र तिनको सुधारको लागि सुझावहरु बताइदिनुहोस् ।**

☞ हाम्रो निजामती सेवाको इतिहास लामो छैन । वि.सं. २००७ पूर्व तजबिजी पारिवारिक संरचनाका कारण निजामती सेवा व्यवसायिक हुन सकेन । हाल नेपालको निजामती सेवामा केही संरचनागत समस्या रहेका छन्, जस्तै : कमजोर उत्तरदायित्व र पारदर्शिता, व्यवसायिकताको अभाव, अधिक केन्द्रीकरण, अस्वभाविक संरक्षण एवं भेदभाव, व्यवस्थापकीय लचकताको अभाव, प्रोत्साहनहरुको असमान वितरण, उपयुक्त कर्मचारीलाई उपयुक्त स्थानमा पदस्थापन गर्न नसक्नु आदि । यी समस्याहरु संस्थागत हुँदै जाँदा विकृतिकै रुप लिन थालेका छन् । यसको लागि मानव संशाधन व्यवस्थापनका चारवटै क्षेत्र प्राप्ति, विकास, उपयोग र उत्प्रेरणा क्षेत्रहरुमा रणनीतिक, कानूनी, संस्थागत, प्रणालीगत सुधार गर्नुपर्ने देखिन्छ । निजामती सेवाको विद्यमान संरचनालाई संघीय स्वरुपमा रुपान्तरण गर्न आवश्यक छ । यसको साथै निजामती सेवालाई नतिजामूलक बनाउन मूलतः योग्यता प्रणाली र समावेशीताबीचको सामञ्जस्यता, सार्वजनिक मूल्यको जगेर्ना, सार्वजनिक सेवा वितरणमा प्रभावकारिता, उत्तरदायित्व र जवाफदेहिता एवं समता र समानताको प्रवर्द्धनमा जोड दिनुपर्दछ । यसको लागि Talent hunting गरी Quality HR को प्राप्ती, तिनको Grooming, Retention र उच्च मनोबल तथा उत्प्रेरणाको अवस्था सिर्जना गर्नु आजको आवश्यकता हो । निष्कर्षमा

निजामती सेवाको साख कमजोर हुँदै गएको हालको अवस्थामा तीन खम्बे रणनीति लिनु आवश्यक देखिन्छ । पहिलो निजामती सेवाको व्यवसायीकरण, दोस्रो निजामती प्रशासनलाई जनताको समर्थन प्राप्त गर्ने र तेस्रो राजनीति र प्रशासनबीचको अन्तरसम्बन्ध मजबुत पार्ने रणनीति लिएर अगाडि बढ्नुपर्दछ ।

३. **लोक सेवा आयोगको सहसचिवस्तर (अप्राविधिक) तर्फको वर्तमान पाठ्यक्रममा सुधारको आवश्यकता देख्नुहुन्छ ? उल्लेख गरिदिनुहोस् ।**

☞ निजामती सेवाको सहसचिवस्तरको पाठ्यक्रम, परीक्षामा सोधिने प्रश्नावली तथा कार्यस्थलमा सम्पादन गरिने काममा कम तादम्यता रहेको पाउँछौं । पाठ्यक्रमले मूलतः सैद्धान्तिक पक्षमा बढी जोड दिएको पाइन्छ भने प्रश्नहरुले बढी व्यवहारिक र कार्यसम्पादनमा आउने समस्याको समाधानतर्फ अपेक्षा गरेको पाइन्छ । यद्यपि उच्चस्तरको सैद्धान्तिक ज्ञान भएको व्यक्तिले नै समस्याको व्यवहारिक समाधान खोज्न सक्दछ भन्ने मान्यतालाई नकार्न सकिन्न । तर उमेदवारको सैद्धान्तिक ज्ञान कार्यस्थलमा रुपान्तरण हुन सकेको भने पाइँदैन । साथै लोक सेवा आयोगको निष्पक्षता, प्रतिस्पर्धा, वस्तुनिष्ठता र साखको तुलनामा प्रतियोगितामा अब्बल देखिएका जनशक्तिको नीतिनिर्माण देखि सेवा प्रवाहसम्मको नतिजामा सोहीस्तरको गुणस्तरीयता पाइएको छैन । विभिन्न शैक्षिकस्तर एवं सामाजिक आर्थिक सांस्कृतिक पृष्ठभूमिबाट आएको जनशक्तिलाई नतिजामूलक कार्यसम्पादनतर्फ उन्मुख गराउनुपर्ने आवश्यकतालाई दृष्टिगत गर्दा लोक सेवा आयोगको विद्यमान पाठ्यक्रममा सुधार गर्नुपर्ने देखिन्छ । तर यी सबै पद्धति अवलम्बन गर्दा लोक सेवा आयोगको निष्पक्षता तथा तटस्थता एवं योग्यताप्रणालीको साखलाई कायम राख्न व्यवहारिक, दक्ष, विशिष्टिकृत र नतिजा उन्मुख जनशक्तिको प्राप्तितर्फ पाठ्यक्रम केन्द्रीत हुनुपर्दछ । पाठ्यक्रममा रहेका कतिपय विषयको सान्दर्भिकता कम भई सकेपनि अस्थायी पाठ्यक्रममा रहेका छन्, जस्तै : सहस्राब्दी विकास लक्ष्य (दिगो विकास लक्ष्य आइसकेको), द्वन्द्व पश्चात्को पुनःनिर्माण (भूकम्प पश्चात्को पुनःनिर्माणलाई समेट्नु पर्ने), नेपालको संविधान २०६३ (मौजुदा नेपालको संविधान हुनुपर्ने) आदि पाठ्यक्रममा रही रहेकोले यसलाई अद्यावधिक र सुधार गर्नुपर्ने आवश्यकता छ ।

सेवा सम्बन्धी पत्रमा कार्यस्थलमा उपयोगी ऐन, नियम, कानून, कार्यविधिहरुको अझ बढी अध्ययन र विश्लेषण गर्ने गरी पाठ्यक्रम तयार गर्नुपर्ने हुन्छ । यसका साथै सरकारी कामकाजको प्रमुख माध्यम नेपाली भाषाको गुणस्तरीयता हाल आएर खस्केकोले यस सम्बन्धी ज्ञानलाई समेत परीक्षको अंग बनाइनु पर्दछ । विश्वविद्यालयहरुले हाल विशिष्टिकृत क्षेत्र जस्तै : द्वन्द्व, विपद्, जग्गा व्यवस्थापन, उद्यमशिलता, सार्वजनिक नीति जस्ता विषयमा विशेषज्ञ जनशक्ति उत्पादन भइरहेकोले जनशक्तिको विशिष्टीकरणमा जोड दिन उपयुक्त हुने देखिन्छ । मूलतः नतिजामुखी जनशक्ति प्राप्त गर्ने गरी उमेदवारको ल्याकत परीक्षण गर्नुपर्दछ । यसमा हाल अन्तर्राष्ट्रिय जगतमा समेत बहुप्रचलित परीक्षण पद्धति एप्टिच्युट, इन्टिग्रिटी, एप्टिच्युडको जाँच साथै एउटै फ्रेमवर्क भित्र सैद्धान्तिक, प्रयोगात्मक तथा व्यवहारिक ज्ञान परीक्षण गर्ने बहुपक्षीय परीक्षण तथा मूल्याङ्कन प्रणाली Assessment Center जस्ता पद्धति अवलम्बन गर्नुपर्दछ । यसमा आ.प्र. र खुलाको पाठ्यक्रम फरक फरक हुनुपर्दछ र एक निश्चित अवधिमा पुनरावलोकन हुनुपर्दछ । यसप्रकार भविष्यमा संघीय, प्रादेशिक र स्थानीय संरचना समेतलाई मध्यनजर राखी पाठ्यक्रम र परीक्षण पद्धतिमा एकसाथ सुधार गर्नुपर्दछ ।

४. **मुलुकको नयाँ संविधान कार्यान्वयनको चरणमा प्रवेश गरेको पनि झण्डै एक वर्ष पुग्न लागेको छ । निजामती सेवालाई संघीय संरचना अनुसार रुपान्तरण गर्न सरकारले के–कस्ता विषयमा ध्यान पुऱ्याउन उपयुक्त हुन्छ ? स्पष्ट पारिदिनुहोस् ।**

☞ निजामती सेवालाई संघीय स्वरुपमा रुपान्तरण गर्न क्षेत्रगत रुपमा सुधार गर्नुपर्ने देखिन्छ । पहिलो संविधानको कार्यक्षेत्रको विश्लेषण/विभाजन, दोस्रो तदनुरुपको संगठन तथा जनशक्तिको पुनःसंरचना, तेस्रो वित्तीय संघीयता व्यवस्थापन, चौथो यसको लागि आवश्यक राजनीतिक, भौगोलिक एवं कानूनी व्यवस्था । मुलतः कार्यसूची, संगठन तथा दरबन्दी संरचना र वित्त व्यवस्था गर्नुपर्ने हुँदा कार्यलाई Regulatory, Financing, Staffing / Service delivery को क्षेत्रमा विभाजन गर्नुपर्दछ । साथै उक्त कार्य विकेन्द्रीकरण र स्वायतता, मितव्ययिता र दक्षता, समता र समावेशिता, उत्तरदायित्व र जवाफदेहिता तथा समष्टिगत आर्थिक स्थायित्वको आधारबाट कुन कार्य कुन तहमा व्यवस्थापन गर्ने भनी निक्यौंल गर्नुपर्दछ । यसको आधारमा संघीयतामा प्रशासन पुनःसंरचना गर्नुपर्ने कार्यलाई अवसरको रुपमा लिँदै उपरोक्त बमोजिमका सुधार गर्न सकेमा यसका संरचनागत विकृतिलाई अन्त्य गर्न सक्छौ भन्ने लाग्छ । यसको लागि हाल गठित प्रशासन पुनःसंरचनाका समूहगत कार्यदलहरुमा करिब २९ सहसचिवहरुको टोलीले श्रीमान मुख्यसचिवज्यूको प्रत्यक्ष निर्देशनमा गृहकार्य गरिरहेका छन् र म स्वयम् पनि त्यसको एकजना सदस्य भएकोले यसमा मैले सक्दो योगदान गर्नेछु । निजामती सेवाका यस्तै सामान्य तर जटिल विषयहरुमा ध्यान दिई संघीय स्वरुपको खाका तयार गरी कर्मचारीको व्यवस्थापन र समायोजन गर्नुपर्दछ ।

५. **राज्यले अख्तियारी गरेको समावेशी नीतिको हरेक दश वर्षमा पुनरावलोकन गर्ने कानूनी व्यवस्था छ । २०६४ सालदेखि लागू भएको यस प्रावधानको पुनरावलोकन गर्ने अवधि नजिकिँदै जाँदा हालसम्मको व्यवस्था विश्लेषण गर्दै भविष्यमा चाल्नुपर्ने कदम कस्तो हुने ठान्नुहुन्छ ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ।**

☞ समावेशिता सिद्धान्ततः शासन व्यवस्थालाई अझै बढी प्रभावकारी बनाउने विधि तथा रणनीति हो । यसले कार्यसम्पादनमा सिर्जनशिलता, नविनता, उद्यमशिलता, ग्रहणशिलता, प्रभावकारीता तथा कार्यसम्पादनमा समग्र गुणस्तरीयता प्रदान गर्दछ। साथै समावेशिता अवलम्बन गर्ने विभिन्न चरण, पद्धती तथा प्रक्रियाहरु हुन्छन्। आरक्षण यसको सामान्यतया अन्तिम अस्त्रको रुपमा उपयोग गर्ने गरिन्छ तर नेपालमा आरक्षण नै समावेशिकरण हो भन्ने बुझाइ र त्यसमा पनि जाति वा क्षेत्रगत रुपमा आरक्षण गरिने प्रणालीले अपेक्षित नतिजा दिन नसकेको हो । तसर्थ अहिले नेपालको संविधानले पनि मानव विकास सूचकांकको आधारमा समावेशिताको सिद्धान्त पुनरावलोकन गर्ने प्रतिबद्धता गरेको सन्दर्भमा यसलाई आधार मानी समावेशीकरणको नीतिमा सुधार गर्नुपर्दछ। राज्यका सबै तह, वर्ग, समुदायको पहुँच, पहिचान र प्रतिनिधित्व स्थापित गर्नुपर्दछ न कि अमुक जाति, वर्ग, समुदायका सम्भ्रान्त वर्गको । समावेशीकरण (वा आरक्षण) को नाममा योग्यता प्रणालीको क्षयीकरण हुनुहुँदैन न कि यो समाजमा द्वन्द्व सिर्जना गर्ने माध्यम बनोस् । यसले त उपलब्ध साधनस्रोतको दायरा (Pie) लाई बढोत्तरी गरी समन्यायिक वितरणमा सघाउन पुग्ने हुनुपर्दछ। साथै आर्थिक र सामाजिक रुपले पछाडी परेका वर्ग र समुदायको पहुँच, प्रतिनिधित्व, पहिचानलाई स्थापित गर्दै योग्यता प्रणालीलाई मजबुत गर्ने गरी समावेशिकरणको नीतिलाई थप सुदृढिकरण गर्दै जानुपर्दछ।

**६. हालको संविधानले लोक सेवा आयोगलाई थपि दिएको नयाँ कार्य क्षेत्र जिम्मेवारी पूरा गर्न के कस्ता पक्षमा ध्यान पुऱ्याउन उपयुक्त ठान्नुहुन्छ ? सुझाव दिनुहोस्।**

☞ सिद्धान्तः संवैधानिक अंगमा कार्यसम्पादन (काम, कर्तव्य र अधिकार), स्रोतसाधन, प्रशासनिक तथा व्यवस्थापकीय विषयमा स्वायत्तता (Autonomy) हुन्छ र हुनुपर्दछ । नेपालको संविधानले लोक सेवा आयोगको हकमा यी व्यवस्थाको सुनिश्चितता गरेको छ । वास्तवमा लोक सेवा आयोग राज्य र आमनागरिकले बढी विश्वास र भरोसा गरेको संवैधानिक अंग पनि हो किनकी हाल यसको कार्यक्षेत्र अन्यको तुलनामा व्यापक विस्तार भएको छ। यसै सिलसिलामा प्रादेशिक लोक सेवा आयोगको व्यवस्था भएकोले यसलाई कार्यान्वयनमा ल्याउनु पूर्व थप अध्ययन विश्लेषण गरी त्यसबाट पर्ने प्रभावहरुको आँकलन गर्नुपर्ने हुन्छ। प्रादेशिक लोक सेवा आयोगमार्फत योग्यता प्रणालीलाई स्थापित गराउन आधार र मापदण्डमार्फत् सुनिश्चित गराउँदै जानुपर्दछ। लोक सेवा आयोगको परिवर्तित भूमिकालाई प्रभावकारी बनाउन मूलतः निम्न क्षेत्रमा सुधार गर्नुपर्दछ,

(क) **रणनीतिक योजनाको तर्जुमा** : लोक सेवा आयोगले विस्तारित कार्यक्षेत्र बमोजिम केन्द्रीय कर्मचारी निकायको भूमिका समेतलाई मध्यनजर राख्दै संविधान बमोजिम दीर्घकालीन रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । यसमा पाठ्यक्रम, माग संकलन, विज्ञापन, दरखास्त संलग्न, प्रश्नपत्र निर्माण, परीक्षा केन्द्र, प्रतिनिधि व्यवस्थापन, प्रारम्भिक शिक्षा, लिखित तथा प्रयोगात्मक परीक्षा, उत्तरपुस्तिका सांकेतीकरण, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता एवं नतिजा प्रकाशन, आचारसंहिता, प्राविधिक दक्षता, शैक्षिक योग्यता र कर्मचारी तथा विज्ञहरुको क्षमता विकास जस्ता विषय समेटेर रणनीतिक योजना ल्याउनु पर्दछ।

(ख) **आधार तथा मापदण्ड निर्धारण** : विस्तारित कार्यक्षेत्र बमोजिम प्रादेशिक लोक सेवा आयोगलाई पनि संघमा जस्तै : कार्यकारी, सल्लाहकारी तथा अर्धन्यायिक कार्यहरुमा सक्षम बनाउनुपर्दछ। यसको लागि लोक सेवा आयोगले वस्तुनिष्ठ आधार तथा मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने र प्रादेशिक लोक सेवा आयोग सक्षम नहुँदासम्म संघबाटै प्राविधिक तथा व्यवस्थापकीय सहयोग लिने व्यवस्था गर्न सकिन्छ। यसको लागि ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरुको परिमार्जन आवश्यक हुन्छ।

(ग) **केन्द्रीय कर्मचारी निकायको भूमिका** : लोक सेवा आयोगले संघमा मात्र हैन प्रादेशिकस्तरमा पनि विस्तारित कार्यक्षेत्र बमोजिम केन्द्रीय कर्मचारी निकायको रुपमा संरक्षक, अभिभावकीय, परामर्शदायी, सचेतक तथा परीक्षकको रुपमा Proactive भूमिका निभाउनुपर्दछ। संविधानको मौजुदा व्यवस्थाले पनि यही आशा र अपेक्षा गरेको छ।

(घ) **सिफारिश पश्चात्को अनुगमन/परीक्षण** : उमेदवारको सिफारिश पश्चात् उक्त उमेदवार उपयुक्त स्थानमा पदस्थापन भयो-भएन, निजको कार्यसम्पादनस्तर (नीति निर्माणदेखि सेवा प्रवाहसम्म) कस्तो छ ? कार्यविवरण र कार्यसम्पादन मूल्याङ्कनबीचको तादम्यता कस्तो छ ? उसलाई आवश्यक सेवा सुविधाको समन्यायिक वितरण छ/छैन ? क्षमता विकासमा उपयुक्त माध्यमहरु अपनाइएको छ/छैन ? जस्ता विषयमा विस्तारित कार्यक्षेत्र बमोजिम निरन्तरको अनुगमन र परीक्षण सहित सरकारलाई परामर्श दिनुपर्दछ।

(ङ) **समावेशीकरणको व्यवस्थापन** : लोक सेवा आयोगको विस्तारित कार्यक्षेत्र बमोजिम संघ तथा प्रादेशिक तहमा समावेशीकरणका विधि तथा पद्धतिहरु अवलम्बन गर्दा माथि उल्लेख गरिए जस्तै क्रमशः सुधार गर्नुपर्दछ। यो आवश्यक व्यवस्था हो। वैज्ञानिक आधारमा मापदण्ड तयार गरी आरक्षण र सकारात्मक विभेदका दुवै रणनीतिलाई सँगसँगै लैजानु पर्दछ।

(च) **लोक सेवा आयोगको स्थानीयकरण**: विस्तारित कार्यक्षेत्र बमोजिम लोक सेवा आयोगको स्थानीयकरण अत्यन्तै जरुरी छ । आम नगारिकको पहुँचमा यसलाई पुऱ्याउन सकभर अन्य संयन्त्र प्रयोग गरी गा.वि.स. र वडा तहसम्म लैजानु पर्दछ ।

(छ) **पारदर्शिता** : जति पारदर्शिता भयो उत्ति नै संस्थाको प्रभावकारिता र उत्पादकत्व अभिवृद्धि हुन्छ । हाल नतिजामा प्राप्तांक प्राप्त गर्ने अवस्था राम्रो भएपनि नतिजामा साह्रै सानो अन्तराल भएमा असफल उमेदवारमा हीनताबोध हुने अवस्थालाई ध्यान दिनुपर्ने देखिन्छ ।

(ज) **एसिस्मेन्ट ग्रेडिङ प्रणाली** : विस्तारित कार्यक्षेत्र बमोजिम विश्वमा बहुप्रचलित विभिन्न सैद्धान्तिक, व्यवहारिक तथा प्रयोगात्मक परीक्षण प्रणालीलाई Blending गरी एसिस्मेन्ट ग्रेडिङ प्रणाली लागू गर्नुपर्दछ । तर यसमा मापदण्ड स्थापित गरी निष्पक्षता वस्तुनिष्ठता, योग्यता प्रणाली तथा समावेशिताका पक्षलाई वैज्ञानिक ढंगले आत्मसात् गर्नुपर्दछ ।

यसप्रकार लोक सेवा आयोगलाई संविधानले समानान्तर र तहगत दुवै रुपमा कार्यक्षेत्र विस्तार गरेकोले तदनुरुप उपरोक्त बमोजिमका विषयमा ध्यान पुऱ्याउनु पर्दछ ।

७. **अन्त्यमा आयोगको लागि अरु केही सुझाव भए बताइदिनुहोस् ।**

☞ लोक सेवा आयोग निष्पक्ष र व्यवसायिक पहरेदारको रुपमा स्थापित भएको छ । यसप्रति राज्य र आमनागरिकले ठूलो आशा र भरोसा राखेका छन् । तसर्थ यसबाट हुने स-साना असावधानी र कमजोरीले पनि यसको साख, विश्वसनियता तथा राज्य संयन्त्रको प्रभावकारितामा प्रत्यक्ष प्रभाव पर्ने हुन्छ । हाल आएर दुर्गम क्षेत्र, अपांगता तथा अन्य आरक्षणका समूहहरुले आर्थिक, सामाजिक, भौगोलिक परिवेशलाई पूर्णरुपले आत्मसात् नगरेकोले मानव विकास सूचकांकलाई आधार मानी यसमा सुधार गर्दै लैजानुपर्दछ । यसको रणनीतिक कार्ययोजनामार्फत अध्ययन अनुसन्धानमा जोड दिँदै परीक्षण प्रविधिमा एसिस्मेन्ट सेन्टर (Assessment Center) जस्ता पद्धति अवलम्बन गर्नुपर्दछ । साथै, Talent Hunt गर्न Topper तथा Ph.D. Holder हरुबीच छुट्टै प्रतिस्पर्धा गराई विशेषज्ञ पदमा सिफारिश गर्नुपर्दछ । आफूले सिफारिश गरेको उमेदवारको अनुगमन परीक्षण गरी आवश्यक सल्लाह तथा परामर्श सरकारलाई दिनुपर्दछ र लोक सेवा आयोगले आफ्नो परामर्शलाई बाध्यकारी बनाउनेतर्फ पहल गर्नुपर्दछ । लोक सेवा आयोग कर्मचारीको संरक्षक समेत बन्नुपर्ने हुन्छ । सुधार निरन्तरको क्रम हो तसर्थ विश्वमा अवलम्बन भएका उत्कृष्ट अभ्यासहरु प्रयोग गर्दै व्यवसायिक, निष्पक्ष र सुशासनको नेतृत्वदायी संस्थामा लोक सेवा आयोगलाई स्थापित गर्नुपर्दछ ।

## राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव पदको प्रतिस्पर्धात्मक परीक्षामा नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको खुलातर्फ प्रथम स्थानमा सिफारिश हुनुभएका उमेदवार श्री डिजन भट्टराईसँग लिइएको अन्तर्वार्ता



१. **उपसचिव पदको प्रतिस्पर्धाबाट छनौट भई कार्यभार समेत सम्हाल्नु भएकोमा बधाई छ । निजामती सेवामा प्रवेश गर्ने प्रेरणा के कसरी पाउनुभयो ? निजामती सेवा वा अन्य सरकारी सेवामा यहाँको अनुभवबारे बताईदिनुहोस् ।**

☞ सरकारका काम कारवाहीहरुको कार्यान्वयन गर्ने निकाय निजामती प्रशासन र त्यसलाई कार्यान्वयन गर्ने काम निजामती कर्मचारीले गर्ने गर्दछन् भन्ने कुरा मैले नागरिकता बनाउने बेला अनुभूति गरे । निजामती सेवा राज्यप्रणाली सञ्चालन गर्ने निकाय रहेछ भन्ने थाहा पाएपछि भित्रैदेखि राज्य र जनताका पक्षमा काम गर्न निजामती सेवामा प्रवेश गर्नुपर्छ भन्ने महसुस भयो । त्यसैले मैले निजामती कर्मचारी हुने प्रण गरे ।

मेरो बुवा शिक्षक हुनुहुन्छ । मेरो बाल्यकालमा बुबाको प्रभाव परेर होला मलाई शिक्षक हुने रहर थियो । विस्तारै पछि क्याम्पसको प्राध्यापक हुनुपर्छ भन्ने भावना पनि जागृत भएको थियो तथापि मैले विभिन्न स्थानमा अध्यापनको कार्य गरेपश्चात् वि.सं. २०६४ सालमा एम.ए. को अध्ययन सकिसकेपछि चलचित्र विकास बोर्डमा अधिकृतको पदमा सेवा गर्न पुगें । जनतासँग प्रत्यक्ष सम्बन्धित भएर जनताका दुःख, सुखका अनुभूतिलाई आत्मसात् गर्ने मेरो अभिलाषा अपेक्षित रुपमा पुरा हुने अवसर प्राप्त नभएपछि म लोक सेवा आयोगको परीक्षाको तयारीमा लागें । मैले निजामती सेवामा आदर्श मानेको पद सि.डि.ओ. थियो र सि.डि.ओ. हुन प्रशासन सेवाबाट मात्र सम्भव हुन्छ भन्ने सुनेपछि मैले पहिलो पटक २०६७ सालको लोक सेवा आयोगको विज्ञापनमा प्रशासन सेवाको सामान्य प्रशासन समूहमा मात्र अधिकृत पदको लागि दरखास्त दिएँ । पहिलो पटक प्रशासनको एउटा मात्र परीक्षामा सामेल भएको म पहिलो पटक नै सफल हुन पुगें । त्यसपछि मैले गृह मन्त्रालय वा अन्तर्गत सेवा गर्न सुरु गरें ।

झापा जिल्ला कारागारमा जेलर, सिन्धुली जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारी, गृह मन्त्रालयको विभिन्न शाखाहरुका साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा सरुवा भइ दाप्चा काशिखण्ड नगरपालिका, काभ्रेको कार्यकारी अधिकृतसमेत भई कार्य गरें । वि.सं. २०७१ सालको प्रशासन सेवाको उपसचिवको पदमा खुलातर्फ लिखितमा नाम निस्कियो तर सफल हुन सकिन तर प्रयासमा निरन्तर लागि रहें । २०७२ सालमा प्रशासन सेवाको खुलातर्फ सहसचिव र उपसचिव पदको दुईवटा परीक्षामा समावेश भएको थिएँ । सहसचिवको लिखित परीक्षामा सफल भए पनि अन्तर्वार्तामा सफल हुन सकिन तर उपसचिवको परीक्षामा सफल भई गृह मन्त्रालयमा पदस्थापना भयो । हाल पर्सा जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारीका रुपमा कार्यरत रहेको छु ।

एउटा सामान्य परिवारको सदस्य भएपनि निजामती सेवामा प्रवेश गरेपछि राज्यशक्तिको प्रयोग गर्दै राज्य प्रणालीमा निर्णयकर्ताको भूमिका निर्वाह गरी देश र जनताको पक्षमा सेवा गर्ने अवस्था देखेर नै म निजामती सेवामा आकर्षित हुन पुगें ।

२. **निजामती सेवामा हाल देखिएका विकृती र तिनको सुधारको लागि सुझावहरु बताइदिनुहोस् ।**

☞ पुराना मूल्यहरुको विघटन र नयाँ मूल्यहरुको निर्माण भइनसकेको विद्यमान सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक सङ्क्रमणको प्रभाव निजामती सेवामा पनि विद्यमान छ । तथापि कर्मचारीमा रहेको शासकीय मानसिकता, सेवाभन्दा आर्थिक उपार्जनमा केन्द्रित मनस्थिति तथा आर्थिक अनुशासनहीनता, परम्परागत चिन्तन, शैली, पद्धति र प्रक्रिया, कामप्रति जवाफदेहिताको अभाव, सार्वजनिक उत्तरदायित्व कायम गर्नमा उदासिन, काममा भन्दा सेवा र सुविधामा बढी आशक्ति हुनु नै निजामती सेवाका प्रमुख विकृति हुन् भने राजनीतिक रुपमा लोकतान्त्रिक राज्य प्रणालीको निर्माण भइसक्दा पनि निजामती सेवामा लोकतान्त्रिक मूल्य मान्यता र प्रणालीको विकास हुन नसक्नु, सेवा प्रवाहमा गतिशीलता कायम गरी जनताको विश्वास जित्न नसक्नु, सेवाग्राहीका उजुरी र गुनासोहरुको तत्काल सम्बोधन गर्न नसक्नु, परिणाममुखी सेवा प्रवाहको विकास हुन नसक्नु, प्रविधिमा आधारित निजामती प्रशासनको अपेक्षित विकास हुन नसक्नु यसका समस्याका रुपमा रहेका छन् । सुशासनमा आधारित सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक राज्यप्रणालीको विकास गर्दै लोकतान्त्रिक मूल्य मान्यताको निर्माण गरिनुपर्छ । त्यसको लागि केही समय लाग्न सक्छ । जनताको सेवामा समर्पित रही जनताप्रति उत्तरदायी र जवाफदेही बन्ने, सभ्य र सम्मानपूर्वक सेवा प्रवाह गर्ने, जनताका उजुरी, गुनासाहरुको सकेसम्म तत्काल सम्बोधन गरी सेवाग्राहीलाई सन्तुष्ट बनाउन प्रयास गर्ने । आर्थिक अनुशासन कायम गरी सदाचारी र नैतिकवान जीवनतर्फ अग्रसर हुने, आफूलाई सेवा प्रदायक मात्रै होइन, सेवाग्राही पनि हो भन्ने चिन्तनको विकास गरी प्रणालीगत सुधारमा जोड दिने र प्रविधिमा आधारित सेवा प्रवाहको विकास गरे विद्यमान विकृतिलाई केही हदसम्म न्यूनीकरण गर्न सकिन्छ ।

३. **लोक सेवा आयोगको उपसचिवस्तर (अप्राविधिक) तर्फको वर्तमान पाठ्यक्रममा सुधारको आवश्यकता देख्नुहुन्छ ? उल्लेख गरिदिनुहोस् ।**

☞ उपसचिव तथा सहसचिवको अप्राविधिकतर्फको वर्तमान पाठ्यक्रम सैद्धान्तिक रुपमा राम्रो छ तर यसले कस्तो कर्मचारी अपेक्षा गरेको हो भन्ने कुरा स्पष्ट छैन । प्रशासनको विद्यमान आवश्यकता भनेको सेवा प्रवाहको प्रभावकारिता, नेतृत्व क्षमता, निर्णय क्षमता, सदाचारिता, संकट व्यवस्थापन, नीतिगत विषयमा दक्षता भएको कर्मचारी चाहिएको हो भन्ने मेरो विश्लेषण हो । तर विद्यमान पाठ्यक्रमले नीतिगत विषयमा दक्षता हासिल भएको कर्मचारीको निर्माण त गर्छ तर अन्य विषयहरुको परीक्षण हुने अवस्था छैन । जसको कारण देशको भौगोलिक यथार्थता नबुझेका, दुर्गम क्षेत्रमा कम अनुभव भएका कर्मचारीहरु बढी सफल हुने र काम गर्ने कर्मचारीहरु कम सफल हुने अवस्था विद्यमान छ । नेतृत्व, निर्णय क्षमता लगायतका विषयहरुको धेरै परीक्षण गर्ने गरी सुधार गर्न खोजियो भने पनि यसले लोक सेवा आयोगको विश्वसनीयतामा कस्तो प्रभाव पार्छ र शुद्धताको अंश कस्तो रहन्छ भन्ने गम्भीर मनन गरेर मात्र सुधार गर्नु पर्छ । सुधार गर्ने नाममा यसलाई धेरै परिवर्तन गर्न खोजियो भने पनि कहिले काहिं समस्या आइदिन सक्छ । त्यसकारण पाठ्यक्रम यही प्रकृतिको राखेर प्रश्नपत्रको निर्माणमा सैद्धान्तिक कम र व्यवहारिक बढी गर्न सकिएको खण्डमा ठीक हुन्छ ।

४. **मुलुक नयाँ संविधान कार्यान्वयनको चरणमा प्रवेश गरेको पनि झण्डै एक वर्ष पुग्न लागेको छ । निजामती सेवालाई संघीय संरचना अनुसार रुपान्तरण गर्न सरकारले के कस्ता विषयमा ध्यान पुऱ्याउन उपयुक्त हुन्छ ? स्पष्ट पारिदिनुहोस् ।**

☞ निजामती सेवालाई संघीय संरचना अनुरुप रुपान्तरण गर्नुपूर्व संघ, प्रदेश र स्थानीय तहमा के कस्ता संरचनाको निर्माण गर्ने हो भन्ने स्पष्ट हुनु पर्छ । उक्त संरचनाको कार्यबोझ र कार्यप्रकृतिका आधारमा के कस्ता क्षमता भएका कर्मचारी आवश्यक पर्ने हो निक्यौल हुनुपर्छ । तत्पश्चात् विद्यमान अवस्थामा रहेका कर्मचारीहरुको विश्लेषण गरी कर्मचारीको रुचि, चाहना र संगठनको आवश्यकता बमोजिम समायोजन गर्दै लैजाने हो । त्यसका लागि सरकारले विभिन्न समितिहरु मार्फत कार्य अघि बढाइसकेको छ ।

तथापि हाम्रो संघीय शासन प्रणाली सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित भएकाले कर्मचारी प्रशासन सञ्चालनमा यिनीहरु स्वायत्त हुनुका साथै अन्तरसम्बन्धित छन भन्ने मान्यतालाई भुल्नु हुँदैन । त्यसैले कतिपय केन्द्रमा रहेका अधिकारहरु पनि कार्यसञ्चालन गर्दा स्थानीय तहलाई दिइनु पर्छ । जस्तै : नागरिकता वितरणको विषय । त्यस्तै स्थानीय तहमा रहेको माध्यमिक विद्यालयको अधिकारका कतिपय विषयहरु प्रादेशिक सरकार तथा केन्द्रसँग समन्वय गरिनुपर्छ । सोही अनुसार कर्मचारी तथा संगठनको व्यवस्थापन गरिनुपर्छ । अहिलेका विद्यमान अवस्थालाई हेर्ने हो भने उपसचिवस्तरको कर्मचारी स्थानीय तहको सचिव, सहसचिव स्तरको कर्मचारी प्रादेशिक सरकारको सचिव र सचिवस्तरको कर्मचारी प्रदेशको प्रमुख सचिवको हैसियतमा रहनुपर्छ । प्रमुख जिल्ला अधिकारी संघीय सेवाको कर्मचारी रहने तर मुख्य मन्त्रीप्रति जवाफदेही बन्ने व्यवस्था मिलाउनुपर्छ ।

निजामती कर्मचारीलाई जनताप्रति जवाफदेही बनाउने प्रणालीको विकास गरिनुपर्छ । पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वलाई प्रभावकारी रुपमा लागू गर्ने संयन्त्रको निर्माण हुनु जरुरी छ । सेवा प्रवाहको प्रभावकारितामा अभिवृद्धि गरी जनताको सेवकको भूमिकाको रुपमा निजामती सेवालाई स्थापित गराउनु जरुरी छ ।

**५. राज्यले अख्तियारी गरेको समावेशी नीतिको १०/१० वर्षमा पुनरावलोकन गर्ने कानूनी व्यवस्था छ । वि.सं. २०६४ सालदेखि लागू भएको प्रावधानको पूनरावलोकन गर्ने अवधि नजिकिँदै जाँदा हालसम्मको यस व्यवस्था विश्लेषण गर्दै भविष्यमा चाल्नुपर्ने कदम कस्तो हुने ठान्नुहुन्छ ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ।**

☞ एकल संस्कृति, एकल भाषा र केन्द्रीकृत संरचनाबाट पिछडिएका बहुसंख्यक नेपालीलाई मूलधारमा ल्याइ राज्यप्रतिको अपनत्व बोध गराउन समावेशीकरण अत्यावश्यक छ । पहिलो कुरो समुदायको पहिचान, उनीहरुको सामाजिक, आर्थिक तथा राजनीतिक विकास, सशक्तीकरणका विभिन्न कार्यक्रम गरी मूलप्रवाहीकरण गर्नुपर्छ । त्यसपश्चात् पनि समाजमा अझै कतिपय समुदाय मूलप्रवाहमा आउन सक्दैनन् । तिनीहरुलाई आरक्षणको व्यवस्था गरी मूलप्रवाहमा आवद्ध गराउने हो । नेपालको निजामती सेवा ऐनले स्पष्ट रुपमा सामाजिक तथा आर्थिक रुपमा पिछडिएको वर्ग समुदाय भनेर किटान गर्दा गर्दै पनि हामीले जात, लिङ्ग र क्षेत्रलाई आधार बनायौं । प्रक्रियागत दृष्टिले यो सहज होला तर अझै यसले लक्षित वर्ग समूदायलाई अपेक्षित रुपमा सम्बोधन गर्न नसकेको आरोप लागेको छ । १० वर्षमा समाज विकासको एउटा सामान्य अवस्थाको परिणाम निस्कन्छ, त्यसैले वि.सं. २०६४ सालदेखि निजामती सेवामा गरिएको आरक्षणको व्यवस्थालाई समसामयिक सुधार गरिनुपर्छ । सुधार गर्दा मूलभूत रुपमा निम्न नीतिगत विषयमा स्पष्ट हुन जरुरी छ ।

- समावेशीका विद्यमान मापदण्ड र आधारहरु के सही छन् ?
- आरक्षणको प्रावधान व्यक्तिको लागि कि समुदायको लागि हो ?
- आरक्षणले कसरी राष्ट्रिय एकता प्रवर्द्धन गर्ने कार्य गरिरहेको छ ?
- निजामती सेवाभित्र कति प्रतिशत कर्मचारीहरु आरक्षणका माध्यमबाट भित्र्याउन खोजिएको हो ?
- आरक्षण प्रणालीले निजामती सेवाको गुणस्तरमा कस्तो प्रभाव पारेको छ ?

माथि उल्लेखित मूलभूत प्रश्नको अनुसन्धान गरी ठोस जवाफ प्राप्त भएपश्चात् मात्र के कसरी यस व्यवस्थामा पुनरावलोकन गर्ने हो निष्कर्षमा पुग्न सकिन्छ । मूलतः नेपालमा आरक्षणलाई राजनीतिक विषयका रुपमा मात्रै लिइएको छ, यसलाई वस्तुगत धरातलका आधारमा प्राविधिक र अनुसन्धान पश्चात् मात्र कार्यान्वयन गर्ने विषयका रुपमा स्वीकार गर्ने र विद्यमान यस नीतिको कार्यान्वयनको प्रभाव मूल्यांकन अनुसन्धान पश्चात् मात्र पुनरावलोकन गरिनुपर्छ ।

**६. हालको संविधानले लोक सेवा आयोगलाई थपि दिएको नयाँ कार्य क्षेत्र, जिम्मेवारी पूरा गर्न के कस्ता पक्षमा ध्यान पुऱ्याउन उपयुक्त ठान्नुहुन्छ ? सुझाव दिनुहोस् ।**

☞ नयाँ संविधानको निर्माण पश्चात लोक सेवा आयोगको कार्यक्षेत्रमा अभिवृद्धि भएको छ । यसका पछाडि लोक सेवा आयोगले हालसम्म प्राप्त गरेको विश्वसनीयता, निष्पक्षता नै प्रधान हो । त्यसका लागि लोक सेवा आयोगले आफूलाई अझ स्वतन्त्र, सबल, सक्षम र निष्पक्ष बनाउनेतर्फ अघि बढनुपर्छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, संगठित संस्था लगायत सरकारी सेवाहरुको लिखित परीक्षा लिने जुन जिम्मेवारी लोक सेवा आयोगले पाएको छ, त्यसलाई सहजतापूर्वक कार्यान्वयन गर्ने कार्य चुनौतीपूर्ण छ । संगठित संस्थाहरु, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा एकीकृत परीक्षा प्रणालीमार्फत परीक्षा गरी उत्तीर्णलाई छनौटको अवसर दिने पद्धतिको विकास गरिनुपर्छ । जसले परीक्षार्थी र लोक सेवा आयोगलाई सहज हुने देखिन्छ ।

**७. अन्त्यमा, आयोगको लागि अरु केही सुझाव भए बताइदिनुहोस् ।**

☞ नेपालको सन्दर्भमा लोक सेवा आयोग एकमात्र विश्वसनीय र निष्पक्ष संस्था हो भनि आम विश्वास कायम राख्न सफल छ । अहिलेको अन्तर्वार्ताको प्रणालीमा नै कतिले हेलो प्रभावको आधारमा अन्तर्वार्ताको विश्वसनीयता कम भएको भन्ने आम गुनासो नआएको पनि होइन । आयोगको चुनौती भनेको नै निष्पक्षता र विश्वसनीयता कायम गर्ने भएकाले पाठ्यक्रम तथा परीक्षा प्रणालीलाई समसामयिक बनाउने नाममा निष्पक्षता र विश्वसनीयता गुम्न सक्ने कुरामा सचेत रहनु पर्छ ।

सूचनामूलक लेख

## आयोगको सूचना तथा प्रकाशन शाखाका उपसचिव श्री गीताकुमारी होमेगाई र शाखा अधिकृत श्री नारायण प्रसाद पोखरेलले लोक सेवा आयोगको काम सम्बन्धी समसामयिक विषयमा सरोकारवालाहरुबाट बारम्बार सोधिने प्रश्नहरुको सम्बन्धमा तयार पार्नुभएको जानकारीमूलक विषयवस्तु

१. **लोक सेवा आयोगले के-कस्ता निकायहरुका रिक्त पदहरुको लिखित परीक्षा लिने व्यवस्था छ ?**

नेपालको संविधानमा भएको प्रावधान अनुसार देहायका निकायहरुमा रिक्त रहेका पदहरुमा लोक सेवा आयोगले लिखित परीक्षा सञ्चालन गर्दछ ।

- निजामती सेवाका पदहरु
- नेपाली सेना
- नेपाल प्रहरी
- सशस्त्र प्रहरी बल, नेपाल
- संघीय सरकारी सेवाका पदहरु
- संघीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्थाहरु
- नेपाल सरकारको पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक तथा समितिहरु

२. **लोक सेवा आयोग सम्बन्धी विषयमा आवश्यक जानकारीहरु कहाँबाट प्राप्त गर्न सकिन्छ ?**

लोक सेवा आयोगले गर्ने नियमित कार्यहरु माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन, लिखित परीक्षा नतिजा प्रकाशन, अन्तर्वार्ता तथा सिफारिश र सोसँग सम्बन्धित कार्यहरु तथा लोक सेवा आयोगका निर्णयहरु, प्रकाशनहरु, FAQ लगायतका सूचनाहरुका सम्बन्धमा निम्न माध्यमबाट जानकारी प्राप्त गर्न सकिन्छ ।

- लोक सेवा आयोगको Website: www.psc.gov.np,
- लोक सेवा आयोगबाट साप्ताहिक रुपमा प्रकाशन हुने बुलेटिन,
- गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकाको हरेक बुधबारका अंकहरु तथा अन्य दिनका अंकहरुमा समेत विशेष सूचनाको रुपमा छपाइ भएका लोक सेवा आयोगका सूचनाहरु,
- लोक सेवा आयोगबाट त्रैमासिक रुपमा प्रकाशन हुन समाचारपत्र,
- रेडियो नेपालबाट हरेक बुधबार राती ९:०० बजेको समाचारपछि ९.१५ मा प्रशारण हुने लोक सेवा आयोगको सूचना,
- आयोगको केन्द्रीय कार्यालयमा रहने प्रवक्ता तथा सहायक प्रवक्ता,
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सूचना प्राप्त गर्न केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालयहरु, अञ्चल कार्यालयहरु तथा दरखास्त व्यवस्थापन केन्द्रका सूचना अधिकारीहरु ।

३. Leaderless Group Discussion **भनेको के हो ?**

अन्तर्वार्ताका लागि छनौट भएमा उमेदवारहरुबीच निश्चित समूहमा तोकिएको समयावधि भित्र समूहको नेतृत्व कसैले नलिने गरी कुनै विषयमाथि छलफल मार्फत आफ्नो प्रस्तुती पस्कने सामूहिक छलफल प्रणालीलाई Leaderless Group Discussion भनिन्छ ।

यस छलफलमा समस्या दिँदा एक/दुई शब्द वा वाक्यको समसामयिक Topic दिइनेछ । जस्तैः उर्जा संकट, गरिबी निवारण, स्वास्थ्य बीमा, खाद्य सुरक्षा, प्रतिभा पलायन आदि ।

व्यक्तित्व परीक्षण (Personality Test) को एक अंश सामूहिक परीक्षण भएकोले यस परीक्षणमा उमेदवारहरुको बौद्धिक क्षमता, सञ्चार, सीप, समूह गतिशिलता, निर्णय शक्ति, समस्या समाधान क्षमता, नेतृत्व क्षमता, समय व्यवस्थापन तथा व्यक्तित्वमा भएका अन्य गुणहरुको आँकलन, परीक्षण र मूल्याङ्कन गर्नका लागि उमेदवारहरुलाई कुनै समसामयिक विषय/सवाल/समस्यामा सामूहिक छलफल गरी प्रभावकारी र कार्यान्वयन योग्य समाधान निकाल्न दिइन्छ । सामूहिक छलफल पश्चात् उमेदवारको प्रस्तुतीको आधारमा मूल्याङ्कन गरी यसको प्राप्ताङ्कलाई उमेदवार सिफारिशको क्रममा जोडी आधार बनाइन्छ ।

निजामती सेवाका राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह अप्राविधिक पदमा सुरुमा Leader Base Group Discussion गर्ने गरिएको थियो । तर पछि एकीकृत अप्राविधिकतर्फ न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संसद सेवामा सबै समूहको राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरहको खुला पदको अन्तिम चरणमा लिइने सामूहिक परीक्षण/छलफलमा Leaderless Group Discussion को माध्यमबाट आ.व. २०७२/७३ देखि माथि उल्लेखित अनुसारको Topic मा छलफल गराईने व्यवस्था सुरु भएको छ ।

निजामती सेवाका प्राविधिकतर्फ आर्थिक योजना तथा तथ्याङ्क, इञ्जिनियरिङ्ग, कृषि, वन, विविध र शिक्षा सेवाका राजपत्रांकित तृतीय श्रेणी एवं स्वास्थ्य सेवाको सातौं र आठौं तहका पदहरुमा लोक सेवा आयोगले यो परीक्षण प्रणाली आ.व. २०७२/०७३ बाट लागू गरेको छ ।

४. **उमेदवारले लिखित परीक्षाको आफ्नो वा अन्य कुनै उमेदवारको उत्तर पुस्तिका हेर्न मिल्छ कि मिल्दैन ?**

विज्ञापन भएको पदहरुमा तोकिएको मितिमा परीक्षा सञ्चालन भइसकेपछि उमेदवारहरुको उत्तरपुस्तिका आयोगको प्रकृया अनुसार परीक्षण भई लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने गरिन्छ । लिखित परीक्षामा सम्मिलित केही उमेदवारहरुले आफ्नो तथा अरु उमेदवारको उत्तरपुस्तिका सक्कल, नक्कल तथा प्राप्ताङ्क माग गर्ने गरेको पाईन्छ ।

यस सम्बन्धमा लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को उपदफा (१) मा **आयोगको परीक्षासँग सम्बन्धी लिखित र कागजात गोप्य रहनेछन्** भनी उल्लेख गरिएको छ । लोक सेवा आयोग नियमावली, २०६७ को नियम ४३ को उपनियम (२) मा **आयोगले गोप्य राख्नुपर्ने ठह्याएको कागजातको नक्कल उपलब्ध गराउने छैन** भन्ने व्यवस्था रहेको छ । यसर्थ उमेदवारले आफ्नो वा अन्य कसैको उत्तरपुस्तिका हेर्न, प्रतिलिपी लिन र लिखित परीक्षाको प्राप्ताङ्क हेर्न समेत पाइँदैन । तर आयोगले सञ्चालन गरेको लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि कुनै उमेदवारले आफ्नो लिखित परीक्षाको कुनै वा सबै पत्रको पुनर्योग गरीपाउँ भनी पुनर्योग गर्नुपर्ने पत्र उल्लेख गरी सो पदका लागि तोकिएको परीक्षा दस्तुरको आधा दस्तुर संलग्न गरी लिखित परीक्षाको नतिजा प्रकाशन भएको सात दिन भित्र आयोगको सम्बन्धित कार्यालयमा निवेदन दिन सकिने व्यवस्था छ । यसरी निवेदन पर्न आएमा आयोगको सम्बन्धित कार्यालय प्रमुखले लिखित परीक्षाको प्राप्ताङ्क पुनर्योग गरी निवेदकलाई सो को नतिजा जानकारी गराउनु पर्नेछ ।

उमेदवारको प्राप्ताङ्क पाउने हकमा भने आयोगबाट आर्थिक वर्ष २०७२/७३ देखि अन्तर्वार्तामा सम्मिलित उमेदवारले सिफारिश हुने क्रममा आफूले पाएको कूल प्राप्ताङ्क सिफारिश भएको मितिले ७ दिनपछि हेर्न पाउने र प्राप्ताङ्क प्रकाशन भएको ७ दिनपछि सफ्टवेयरबाट हटाइने व्यवस्था छ ।

५. **बढुवाद्वारा पदपूर्ति हुन नसकेका पदहरुको सम्बन्धमा के व्यवस्था छ ?**

पदपूर्तिको लागि प्रतिशत निर्धारण भई बढुवाको लागि छुट्याइएका पदहरुमा सम्भावित उमेदवार नभएको वा तोकिएको योग्यता पूरा नभई बढुवा विज्ञापन भएको वर्षमा उक्त पदमा पदपूर्ति नभएमा देहायको प्रक्रिया पूरा गरी खुलातर्फ समावेश गरिनेछ ।

- राजपत्रांकित तृतीय श्रेणीको पदमा जेष्ठता तथा कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि छुट्याइएका पदमा सम्भाव्य उमेदवार नभएको अवस्थामा त्यस्तो पद खुला प्रतियोगितातर्फ सोही वर्ष पूर्ति गरिनेछ ।
- राजपत्र अनंकित प्रथम श्रेणीको पदहरुमा जेष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति हुने गरी विज्ञापन भएका पदहरुमा सम्भाव्य उमेदवार नभएमा ती पदहरु कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने र सोतर्फ पनि उमेदवार नभएमा खुला प्रतियोगितातर्फ सोही वर्ष पूर्ति गरिनेछ । यसैगरी कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति हुने गरी विज्ञापन भएका पदहरुमा सम्भाव्य उमेदवार नभएमा खुलातर्फको प्रतियोगितामा समावेश गरी पदपूर्ति गरिनेछ ।
- बढुवामा सम्भावित उमेदवार नभई खुला प्रतियोगितातर्फबाट पदपूर्ति गर्दा सो पदको लिखित परीक्षाको नतिजा प्रकाशन हुनु अगावै बढुवा समितिको सचिवालयबाट आयोगको सम्बन्धित विज्ञापन गर्ने निकायमा लेखी आउनु पर्दछ । यसपछि प्राप्त पदलाई १०० प्रतिशत खुलामा कायम गरी नियमानुसार ५५ प्रतिशत खुलामा र ४५ प्रतिशत समावेशी समूहमा कायम हुने गरी विज्ञापन भएको आर्थिक वर्षको विज्ञापित समूहमा पद थप गरी लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ ।
- यसरी खुलातर्फ पद कायम गर्दा सो वर्षको खुलातर्फ विज्ञापन नभएको समूहमा भने यस प्रकार प्राप्त भएका पदहरु आगामी वर्षको सोही समूहको विज्ञापनमा समावेश गरिनेछ ।

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने अग्रसक्रिय खुलासा (Proactive Disclosure) सम्बन्धी सार्वजनिक गरिएको विवरण :**

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>व्यवस्था</th></tr>
<tr><td>१.</td><td>निकायको स्वरुप र प्रकृति</td><td>संवैधानिक निकाय</td></tr>
<tr><td>२.</td><td>निकायको काम, कर्तव्य र अधिकार</td><td>नेपालको संविधानको धारा २४३ मा व्यवस्था भए बमोजिम ।</td></tr>
<tr><td>३.</td><td>निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण</td><td>विभिन्न पदका ४०२ जना (राजपत्रांकित श्रेणीतर्फ १३८, राजपत्र अनंकित श्रेणीतर्फ १७९ र श्रेणी विहीनतर्फ ८४), (कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।)</td></tr>
<tr><td>४.</td><td>निकायबाट प्रदान गरिने सेवा</td><td>माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता, छनौट तथा सिफारिश, संविधान तथा ऐन, नियममा उल्लेखित विषयहरु (नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, बढुवा, उजुरी उपर टुंगो लगाउने आदि ।</td></tr>
<tr><td>५.</td><td>सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र जिम्मेवार अधिकारी</td><td>
<table>
<tr><th>क्र. सं.</th><th>महाशाखा र महाशाखा प्रमुखको नाम</th><th>शाखाहरुको नाम</th><th>शाखा प्रमुखहरुको नाम</th></tr>
<tr><td rowspan="5">१</td><td rowspan="5">प्रशासन तथा निरीक्षण महाशाखा<br>सहसचिव<br>श्री लक्ष्मीविलास कोइराला</td><td>क) प्रशासन शाखा</td><td>श्री सूर्यप्रसाद सापकोटा</td></tr>
<tr><td>ख) सूचना तथा प्रकाशन शाखा</td><td>श्री गीताकुमारी होमेगाई</td></tr>
<tr><td>ग) आर्थिक प्रशासन शाखा</td><td>श्री दिपक लामिछाने</td></tr>
<tr><td>घ) योजना तथा निरीक्षण शाखा</td><td>श्री कुशला पौडेल</td></tr>
<tr><td>ङ) सूचना सञ्चार प्रविधि शाखा</td><td></td></tr>
<tr><td rowspan="3">२</td><td rowspan="3">अन्तर्वार्ता तथा सिफारिश महाशाखा<br>सहसचिव<br>श्री किरणराज शर्मा</td><td>क) प्रश्नपत्र परिमार्जन शाखा (प्राविधिक)</td><td>श्री चुरामणि मरासिनी</td></tr>
<tr><td>ख) प्रश्नपत्र परिमार्जन शाखा (अप्राविधिक)</td><td>श्री जानकीराम शर्मा बराल</td></tr>
<tr><td>ग) अन्तर्वार्ता तथा सिफारिश शाखा</td><td>श्री ज्ञानेश्वर भट्टराई</td></tr>
<tr><td rowspan="5">३</td><td rowspan="5">परीक्षा महाशाखा<br>सहसचिव<br>श्री शंकरप्रसाद पौडेल</td><td>क) परीक्षा सञ्चालन शाखा (प्राविधिक)</td><td>श्री समुन्द्रराज रेग्मी</td></tr>
<tr><td>ख) परीक्षा सञ्चालन शाखा (अप्राविधिक)</td><td>श्री सूर्यनाथ कोईराला</td></tr>
<tr><td>ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक)</td><td>श्री रेणु श्रेष्ठ</td></tr>
<tr><td>घ) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक)</td><td>श्री जगन्नाथ बराल</td></tr>
<tr><td>ङ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा</td><td>श्री रमेश मैनाली</td></tr>
<tr><td rowspan="3">४</td><td rowspan="3">परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा<br>मुख्य मनोविज्ञानवेत्ता<br>डा. खगेन्द्रप्रसाद सुवेदी</td><td>क) परीक्षण प्रविधि शाखा</td><td>श्री सर्मुनलाल शाक्य</td></tr>
<tr><td>ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा</td><td>श्री कृष्ण जि.सी.</td></tr>
<tr><td>ग) अनुसन्धान तथा विकास शाखा</td><td></td></tr>
<tr><td rowspan="2">५</td><td rowspan="2">कानून महाशाखा<br>सहसचिव<br>श्री पाराश्वर ढुंगाना</td><td>क) नीति नियम तथा अभिलेख शाखा</td><td>श्री सन्तोषप्रसाद दाहाल</td></tr>
<tr><td>ख) उजुरी तथा विभागीय सजाय परामर्श शाखा</td><td>श्री टंकबहादुर महत</td></tr>
<tr><td rowspan="4">६</td><td rowspan="4">सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा<br>सहसचिव<br>श्री झक्कप्रसाद आचार्य</td><td>क) लिखित परीक्षा सञ्चालन शाखा</td><td>श्री नारायणप्रसाद ज्ञवाली</td></tr>
<tr><td>ख) लिखित परीक्षा नतिजा तयारी शाखा</td><td>श्री ईश्वरीप्रसाद अर्याल</td></tr>
<tr><td>ग) लिखित परीक्षा नतिजा प्रकाशन शाखा</td><td></td></tr>
<tr><td>घ) प्रश्नपत्र परिमार्जन शाखा (सुरक्षा निकाय तथा संगठित संस्था)</td><td>श्री राजन राई</td></tr>
</table>
</td></tr>
<tr><td>६.</td><td>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि</td><td>कामको प्रकृति अनुसार फरक फरक हुने । आयोगको नागरिक वडापत्रमा उल्लेख गरिएको ।</td></tr>
</table>

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । (नागरिक वडापत्रमा उल्लेख गरिएको) |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | अधिकार प्रत्यायोजन अनुसार सहसचिवहरु, सचिव, आयोगका माननीय सदस्यहरु, माननीय अध्यक्ष, सम्बन्धित अदालतहरु । |
| ९. | सम्पादन गरेको कामको विवरण | माग तथा पदपूर्तिको निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन, सूचना प्रकाशन, पाठ्यक्रम निर्धारण, शैक्षिक योग्यता निर्धारणमा सहयोग, परीक्षा सञ्चालन, उपयुक्त उमेदवारको छनौट तथा सिफारिश, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्तहरुको निर्माण, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान आदि । |
| १०. | प्रमुख सूचना अधिकारीको नाम र थर | प्रमुख माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली<br>सचिव श्री माधवप्रसाद रेग्मी<br>सूचना अधिकारी - उपसचिव श्री गिताकुमारी होमेगाई |
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | – नेपालको संविधान<br>– लोक सेवा आयोग ऐन, २०६६ तथा लोक सेवा आयोग नियमावली, २०६७<br>– निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>– नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>– व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>– विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>– सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) तथा संगठित संस्थाहरु सम्बन्धी ऐन, नियमावलीहरु<br>– लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७<br>– लोक सेवा आयोगको कार्य पद्धति दिग्दर्शन, २०७०<br>– लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचारसंहिता, २०६९<br>– लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>– सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>– लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>– अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासनसम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | Information and Communication Technology Development Project सन् २०१३ देखि एशियाली विकास बैंकको सहयोगमा सञ्चालन भइरहेको, आयोगका कामकारवाहीलाई Public Service Recruitment Management System (PSRMS) विकास गरी आयोगका कार्यहरु Automation मा लैजाने एवं आयोगबाट हुने विज्ञापनहरुमा Online आवेदन लिने प्रमुख उद्देश्य रहेको, हाल अनलाइन आवेदनका कार्यहरु कार्यान्वयनमा रहेको । |
| (ख) | सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण | Website: www.psc.gov.np<br>Email: info@psc.gov.np |
| (ग) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | आयोगको वेवसाइट www. psc. gov. np , हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (आवश्यकता अनुसार अन्य बारहरुमा पनि) आयोगबाट प्रकाशन हुने बुलेटिन (सूचनापत्र), रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने । |

**लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण**

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | शाखा अधिकृत, श्री पुष्पराज पाण्डे | ०२६-५२०१३०/५२०१५१, ९८४७१९४३१३ |
| २. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | शाखा अधिकृत, श्री गोविन्द कुँवर | ०१-४४१०७८२, ४४१०९६५, |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | शाखा अधिकृत, श्री उपेन्द्र राज पौडेल | ०६१-४६३१४५, ९८४६६५७९५७ |
| ४. | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | शाखा अधिकृत, श्री भरत खनाल | ०८३-५२०१०६, ९८४८०७५५५६ |
| ५. | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | शाखा अधिकृत, श्री सुशिला पौडेल ढकाल | ०९४-४४०१४७, ९८४१२५८०५३ |
| ६. | मेची अञ्चल कार्यालय, इलाम | शाखा अधिकृत, श्री जनार्दन कट्टेल | ०२७-५२००६२ |
| ७. | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | शाखा अधिकृत, श्री सबिता के.सी. | ०३६-४२०१७७ |
| ८. | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | नायब सुब्बा, श्री मनिकुमार तामाङ | ०४४-५२०१४७ |
| ९. | नारायणी अञ्चल कार्यालय, हेटौंडा | शाखा अधिकृत, श्री श्यामसुन्दर श्रेष्ठ | ०५७-५२०३०२ |
| १०. | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | शाखा अधिकृत, श्री नारायणप्रसाद आचार्य | ०७१-५४०२०७ |
| ११. | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | नायव सुब्बा, श्री गोविन्दप्रसाद पौडेल | ०६८-५२२६४७, ९८४७६२३९७८ |
| १२. | राप्ती अञ्चल कार्यालय, दाङ | शाखा अधिकृत, श्री कृष्णप्रसाद आचार्य | ०८२-५२००१३, ९८४७८५४३८८ |
| १३. | कर्णाली अञ्चल कार्यालय, जुम्ला | शाखा अधिकृत, श्री दशरथ बुढा | ०८७-५२०००८ |
| १४. | महाकाली अञ्चल कार्यालय, कञ्चनपुर | नायब सुब्बा, श्री मनोरथ जोशी | ९७४९५२२८९८ |
| १५. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | शाखा अधिकृत, श्री नारायणप्रसाद गौतम | ०१-४७७१२१४, ९८४७०४५१८२ |

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण

| क्र.सं. | सूचना माग कर्ताको नाम र ठेगाना | माग भएको सूचनाको विवरण | सूचना माग भएको मिति | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| १. | श्री भुवनदत्त जोशी, अमिन, डडेल्धुरा जिल्ला अदालत | आयोगबाट मिति २०५२/५/२९ मा भएको सरुवा पश्चात्को बहाली मिति कायम सम्बन्धी निर्णयको प्रतिलिपी पाउँ भन्ने विषयमा । | २०७३/०२/२७ | **सूचना मागकर्तालाई देहायका विवरण उपलब्ध गराइएको :** आयोगको निर्णय नं. ६६/०५२/५३ मिति २०५२/५/२९ को वहाली मिति सम्बन्धी निर्णयको प्रतिलिपी मिति २०७३/०२/२८ मा उपलब्ध गराईएको । |
| २. | डा. नेत्र बहादुर राना | आयोगको २०७२/१०/१५ को स्वास्थ्य सेवा, सर्जरी समूह, अर्थोपेडिक सर्जरी उपसमूह, नवौं र एघारौं तहको पदहरुमा विशेषज्ञ दर्ताको प्रमाणपत्रको आवश्यकता विषयको निर्णयको छाँयाकपि पाउँ भन्ने विषयमा । | २०७३/०३/२६ | आयोगको निर्णय नं. १४७/०७२/७३ मिति २०७२/१०/१५ मा भएको निर्णयको प्रतिलिपी मिति २०७३/०३/२७ मा उपलब्ध गराईएको । |
| ३ | श्री धनकुमारी कोइराला रंगपुर-३, रौतहट | कृषि सेवा, रा.प.अनं. प्रथम श्रेणीको शैक्षिक योग्यता सम्बन्धी सूचना पाउँ भन्ने विषयमा । | २०७३/०३/२४ | आयोगको निर्णय नं. २२६/०६९/७० मिति २०७०/०२/३० मा भएको निर्णयअनुसारको जानकारी मिति २०७३/०३/२७ मा उपलब्ध गराईएको । |

# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

## सूचना तथा प्रकाशन शाखा

### आ.व. २०७३/७४ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका –१

(निजामती सेवातर्फ राजपत्रांकित तथा राजपत्र अनंकित विभिन्न श्रेणी/तहका पदहरु)

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | आवश्यकता अनुसार | - | - | - | - |
| २. | विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | मंसीर | पुष/माघ | माघ/फागुन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ३. | विभिन्न सेवाका राजपत्रांकित द्वितीय श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ४. | स्वास्थ्य सेवाका एघारौँ र नवौं तहका पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| ५. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ६. | स्वास्थ्य सेवाका आठौं तहका पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| ७. | स्वास्थ्य सेवाका सातौँ तहका पदहरु | खुला र आ.प्र.द्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | |
| ८. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | कार्तिक/मंसीर | मंसीर अन्तिम बुधबार | माघ | फागुन | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | चैत्र | जेठ | असार |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | चैत्र | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ९. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | मंसीर/पुस | पुस अन्तिम बुधबार | फागुन | चैत | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| १०. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | पुस /माघ | माघ अन्तिम बुधबार | बैशाख | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ११. | स्वास्थ्य सेवाका पाँचौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | पुस/माघ | माघ अन्तिम बुधबार | बैशाख | जेठ | असार |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा | | | | | |
| १२. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका अप्राविधिक पदहरु | आ.प्र. | माघ/फागुन | फागुन अन्तिम बुधबार | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | खुला – प्रथम चरण | | | वैशाख | असार | |
| | | खुला – द्वितीय चरण | | | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १३. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका प्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तहका पदहरु | खुला प्रतियोगिताद्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| १५. | टाइपिष्ट | आ.प्र. द्वारा बढुवा | | साउन अन्तिम बुधबार | असोज | असोज/कार्तिक | असोज/कार्तिक |
| १६. | विविध | आवश्यकताअनुसार | | | | | |

* व्यवस्थापिका संसद सेवाको लागि मात्र ॥

## आ.व. २०७३/७४ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका –२

(सुरक्षा निकायहरु तथा अन्य सरकारी सेवा/संगठित संस्थाहरु तर्फका विभिन्न श्रेणी/तहका पदहरु

| क्र. सं. | निकाय | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | आई. क्यू परीक्षा/नतिजा | लिखित/प्रयोगात्मक परीक्षा सञ्चालन | लि.प./प्रयोगात्मक नतिजा | सम्बन्धित संस्थाबाट अन्तर्वार्ता र सिफारिश गर्ने गरी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **नेपाली सेना** | | | | | | | | |
| क | अधिकृत क्याडेट | | खुला तथा समावेशी | आवश्यकता अनुसार | भदौ/असोज | असोज/कार्तिक | असोज/कार्तिक | मंसिर | माघ/फागुन |
| ख | पदिक/हुद्दा अधिकृत क्याडेट | | आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | चैत्र/वैशाख | जेठ | जेठ | जेठ | असार |
| ग | प्राविधिक/प्राड/लेखा अधिकृत एम.बि.बि.एस./डेन्टल डाक्टर, फर्मासिष्ट, सैनिक उपचारिका, डाईटिसियन, भेटेरिनरी डाक्टर, सिभिल इन्जिनियर, मेकानिकल इन्जिनियर, इलेक्ट्रोनिक्स इन्जिनियर, इलेक्ट्रिकल इन्जिनियर, केमिकल इन्जिनियर, केमिष्ट, टेक्सटायल इन्जिनियर, सर्भे अधिकृत, कम्प्युटर इन्जिनियर, पाईलट अधिकृत, एरोनोटिकल इन्जिनियर, एयरक्राफ्ट रेडियो मेन्टिनेन्स इन्जिनियर, एभियोनिक्स इन्जिनियर, बायो मेडिकल इन्जियिनर, अर्थोटिक्स एण्ड प्राथोडिक्स इन्जिनियर, प्राड अधिकृत, लेखा अधिकृत आदि) | | खुला तथा समावेशी | आवश्यकता अनुसार | साउन/भदौ | - | असोज/कार्तिक | असोज/कार्तिक | कार्तिक/मंसिर |
| घ | प्राविधिक/प्राड/लेखा अधिकृत (सर्भे अधिकृत, सिष्टम इञ्जिनियर, फोटोग्राफी, मेकानिकल तथा इलेक्ट्रोनिक्स, रेडियो, भेहिकल्स, आर्मोरर, ईन्स्ट्रुमेण्ट र अर्मामेण्ट, छापाखाना, क्याभलरी, सिभिल इञ्जिनियर, वीरेन्द्र अस्पताल र त्रिचन्द्र मिलिटरी अस्पतालका विभिन्न ट्रेड, संभार समूह, पाईनियर, पाईपर, ड्रमर्स, बिगुलर, म्युजिक, व्याण्ड माष्टर आदि) | | आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | कार्तिक/मंसिर | - | पुस/माघ | पुस/माघ | माघ/फागुन |
| ङ | प्राविधिक/प्राड/पदिक (ओभरसियर, ड्राफ्ट मेन, सैनिक उपचारीका, कम्प्युटर, टेलिभिजन कार्यक्रम उत्पादन/छायांकन, भेटेरिनरी, रेडियो आरमोरर, भेहिकल्स, प्राड जम. आदि) | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | पुस/माघ | - | फागुन/चैत्र | फागुन/चैत्र | चैत्र/वैशाख |
| च | प्राविधिक बिल्लादार (मेडिकल, ड्राफ्टमेन, कम्प्युटर, जनरल मेकानिक्स, इलेट्रिसियन, प्लम्बर, सर्भे, बृक्लियर (डकर्मी), बज्रकर्मी, आरमेरर, फोटोग्राफी, छापाखाना, क्याभलरी, टेलिभिजन कार्यक्रम उत्पादन/छायांकन, भेटेरीनरी, प्याराच्यूट फोल्डर, एभिएसन स्टोर एम्युनिशन टेक्निसियन, असवाव, व्याण्ड, वेल्डर, फेन्टर, भेहिकल मेकानिक्स आदि) | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | माघ/फागुन | - | चैत्र/वैशाख | चैत्र/वैशाख | जेठ/असार |
| छ | लेखा जम.क./अ.क./सैन्य/सैन्य ड्राईभर/फलोअर्स पहिलो चरण | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | कार्तिक/मंसिर | - | पुस/माघ | पुस/माघ | माघ/फागुन |
| ज | लेखा जम.क./अ.क./सैन्य/सैन्य ड्राईभर/फलोअर्स दोस्रो चरण | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | फागुन/चैत्र | - | वैशाख/जेठ | जेठ/असार | जेठ/असार |
| २ | **नेपाल प्रहरी** | | | | | | | | |
| क | प्राविधिक प्रहरी निरीक्षक/प्रहरी सहायक निरीक्षक | रा.प./ रा.प.अनं. | खुला तथा समावेशी | | जेठ | - | साउन | असोज | असोज/कार्तिक |
| ख | प्रहरी निरीक्षक | रा.प. | खुला तथा समावेशी | | असार | - | भदौ/असोज | कार्तिक | कार्तिक/मंसिर |
| ग | प्रहरी सहायक निरीक्षक | रा.प.अनं. | खुला तथा समावेशी | | साउन | - | कार्तिक | मंसिर | मंसिर/पुस |
| घ | प्रहरी सहायक निरीक्षक | रा.प.अनं. | खुला तथा समावेशी | आवश्यकता अनुसार | माघ | - | बैशाख | जेठ | जेठ/असार |
| ङ | प्रहरी जवान | | खुला तथा समावेशी | | असार | - | भदौ | असोज | कार्तिक/मंसिर |
| च | प्रहरी जवान | | खुला तथा समावेशी | | पुस | - | फागुन | चैत्र | वैशाख/जेठ |
| छ | प्रहरी कार्यालय सहयोगी | | खुला तथा समावेशी | | कार्तिक | - | कार्तिक | मंसिर | मंसिर |
| ३ | **सशस्त्र प्रहरी बल नेपाल** | | | | | | | | |
| क | सशस्त्र प्रहरी निरीक्षक/प्रहरी नायव निरीक्षक/ प्रहरी सहायक निरीक्षक (अप्रा./प्रा.) | रा.प./ रा.प अनं. | खुला तथा समावेशी | साउन | भदौ | - | कार्तिक/ मंसिर | पुस/माघ | फागुन/चैत्र |
| ख | सशस्त्र प्रहरी हवल्दार, जवान, परीचर | | खुला तथा समावेशी | भदौ | असोज | - | मंसिर | माघ | फागुन/चैत्र |
| ४ | **राष्ट्रिय अनुसन्धान विभाग** | | | | | | | | |
| क | अनुसन्धान अधिकृत | रा.प.तृतीय | खुला तथा समावेशी | मंसिर/पुस | माघ | | चैत्र | जेठ | जेठ/असार |
| ख | अनुसन्धान सहायक | रा.प.अनं. द्वितीय | खुला तथा समावेशी | मंसिर/पुस | माघ | | चैत्र | जेठ | जेठ/असार |
| ५ | **पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, वोर्ड, केन्द्र, परिषद र अन्य संगठित संस्थाहरु** | | | | | | | | |
| क | अधिकृत/सहायक स्तर | | आन्तरिक प्रतिस्पर्धात्मक/खुला तथा समावेशी | साउन/भदौ | साउन/भदौ/असोज | - | कार्तिक-माघ | फागुन-चैत्र | चैत्र-असार |